सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ कात्तिक २०८१, मंगलबार (22 Oct 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १८८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ ट्रान्सपरेन्सी इन्टरनेसनलले भन्यो-

अदालतबाट दोषी ठहर र न्यायिक प्रक्रियामा रहेका व्यक्तिसँग दान लिनु भ्रष्टाचारको पक्षपोषण हो



नयाँ पत्रिका

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले अदालतबाट दोषी ठहर भएका र मुद्दाका प्रतिवादीसमेत रहेका व्यक्तिसँग दान लिनु भ्रष्टाचारको पक्षपोषण भएको भन्दै गम्भीर चासो व्यक्त गरेको छ। प्रधानमन्त्री केपी ओलीले आफ्नो पार्टी एमालेको कार्यालय भवनका लागि विवादित व्यवसायी मीनबहादुर गुरुङसँग १० रोपनी १४ आना जग्गा र त्यसमा बनाइदिने भवन दानका रूपमा लिएका छन्।

जग्गासहित भवन निर्माण हुँदासम्म एक अर्बभन्दा धेरै लाग्ने अनुमान छ। ट्रान्सपरेन्सीले यसप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको भन्दै सोमबार विज्ञप्ति जारी गरेको छ। 'दान प्रदान गर्ने व्यक्ति नेपाल सरकार वादी रहेका विभिन्न मुद्दामा अदालतले दोषी ठहर गरेको र निजमाथि सोही प्रकृतिका थप विभिन्न मुद्दा न्यायिक प्रक्रियामा नै रहेको सर्वविदितै छ,' विज्ञप्तिमा भनिएको छ, 'कानुनको पालना गरी-गराई सरकारी सम्पत्ति र हितको संवर्द्धन गर्न जनताबाट निर्वाचित भई सरकारको नेतृत्व गरिरहेको पार्टीले यस प्रकारको दान, दातव्य लिँदा वादी-प्रतिवादीमा हुनुपर्ने व्यवहारमा गम्भीर असर पर्न गई सरकार वादी रहेको मुद्दामा प्रतिकूल प्रभाव पर्न जाने देखिन्छ। प्रतिवादीसँगको यस्तो लेनदेनका कारण स्वार्थको द्वन्द्व हुन गई सुशासनमा गम्भीर असर पर्ने र भ्रष्टाचारको पक्षपोषण हुने ठम्याइ टिआई नेपालको रहेको छ।'

सरकारको नेतृत्व गर्ने व्यक्ति वा दलले सरकार वादी रहेको मुद्दाका प्रतिवादी व्यक्ति वा पक्षबाट सरकारका लागि होस् वा पार्टीको नाममा होस् कुनै पनि प्रकारको दान, दातव्य र सहयोग स्वीकार गर्ने प्रवृत्तिले सुशासनको अपव्याख्या भई देशमा व्याप्त भ्रष्टाचारलाई थप मलजल पुग्न जाने ट्रान्सपरेन्सीको ठहर छ। सरकार सञ्चालनमा संलग्न रहेका व्यक्ति तथा राजनीतिक दललाई यस प्रकारका काम-कारबाहीबाट अलग रहन ट्रान्सपरेन्सीले अपिल गरेको छ।

■ रुग्ण नौ सरकारी उद्योग निजीलाई सुम्पिने तयारी

चलाउनेभन्दा अबौंको सम्पत्तिमा आँखा

०४९ मा बहुचर्चित बाँसबारी छाला जुत्ता कारखाना निजीकरण गरेर ध्वस्त मात्रै पारिएन, १० रोपनी जग्गासमेत व्यक्तिले हत्याए, जुन अघिल्लो सरकारले बल्लबल्ल फिर्ता ल्यायो। अहिले पनि रुग्ण उद्योग चलाउनेभन्दा जग्गासहितको भौतिक सम्पत्तिमा स्वार्थसमूहका आँखा केन्द्रित छन्।

अजित अधिकारी / नयाँ पत्रिका

निजी उत्पादनको 'एकाधिकार'लाई नियन्त्रणमा राख्न र नागरिकलाई सहुलियतमा सेवा दिन सरकारी स्वामित्वका सार्वजनिक संस्थान (उद्योग) बलिया हुनु जरुरी छ। तर, नेपालमा विदेशी दाताको सहयोगमा खोलिएका ठुल्ठुला सार्वजनिक संस्थानलाई धराशायी बनाएर निजीकरण गरिएको ०५० र ०६० को दशकको 'नियति' सरकारले फेरि दोहोऱ्याउँदै छ। रुग्ण उद्योग चलाउनेभन्दा जग्गासहितको भौतिक सम्पत्तिमा स्वार्थसमूहका आँखा केन्द्रित छन्।

कुनै समय छाला जुत्ता-चप्पलको स्वदेशी मागलाई धानेको बहुचर्चित बाँसबारी छाला जुत्ता कारखाना ०४९ मा निजीकरण गरेर ध्वस्त मात्रै पारिएन, कारखानाको १० रोपनी जग्गासमेत तीन दशकदेखि व्यक्तिले हत्याएको घटना ताजै छ। अघिल्लो सरकारले केही महिनाअघि मात्रै उक्त जग्गा सरकारकै नाममा फिर्ता ल्याएको थियो। बाँसबारी छाला जुत्ताजस्तै भृकुटी कागज कारखाना, हरिसिद्धि इँटा तथा टायल कारखाना पनि चीनकै सहयोगमा खुलेका थिए। यी कारखाना पनि निजीकरण गरेर सिध्याउने सुरुवात ०४९ मै भएको थियो। ०५० र ०६० को दशकमा मात्रै सरकारले यस्ता १८ संस्थान निजीकरण गरेको थियो। ती संस्थानलाई थप बलियो बनाउन निजीकरण गरिएको बताइए पनि यथार्थमा संस्थानको नाममा रहेका जग्गामा चलखेल गर्ने मूल उद्देश्य रहेको अहिलेसम्म आउँदा पुष्टि भइसकेको छ।

विगतमा कांग्रेस सरकारको नेतृत्वमा छँदा सरकारी स्वामित्वका संस्थानहरू निजीकरण गरिएका थिए। ती उद्योग तहसनहस भएसँगै कांग्रेसले 'सरकारी उद्योग बेचेर खाएको' आरोप खेप्दै आएको छ। अहिले फेरि कांग्रेसकै समर्थनमा बनेको एमाले नेतृत्वको सरकारले

» पृष्ठ २ मा क्रमशः

■ कुन उद्योगको कति छ सम्पत्ति ?

उदयपुर सिमेन्टको जग्गासहित १० अर्बभन्दा बढी सम्पत्ति



हेटौंडा सिमेन्टसँग हजार वर्षलाई पुग्ने चुनढुंगा खानी पनि



हेटौंडा कपडा उद्योगसँग राजमार्गमा जोडिएको ३४३ रोपनी जग्गा



जनकपुर चुरोट कारखानाको ३५ बिघा जग्गा, २० बिघामा २५ भवन



नेपाल ओरियन्ट म्याग्नेसाइटको ३६६ रोपनी जग्गा, ५२०० रोपनीमा खानी



बुटवल धागो कारखानाको १७३ रोपनी जग्गा, पौने दुई अर्ब खुद सम्पत्ति



नेपाल मेटल कम्पनीसँग १७ करोड ८३ लाखको खुद सम्पत्ति



गोरखकाली रबर उद्योगको जग्गा मात्रै ६६२ रोपनी



देशकै पहिलो उद्योग विराटनगर जुट मिलसँग १६ अर्बको सम्पत्ति



अर्थमन्त्री विष्णु पौडेलको अध्यक्षतामा सोमबार बसेको निजीकरण समितिको बैठकले यी नौ उद्योग निजी क्षेत्रलाई दिन मन्त्रिपरिषद्मा पेस गर्ने निर्णय गरेको छ। बैठकमा उद्योगमन्त्री दामोदर भण्डारीसहित समिति सदस्यहरू कांग्रेसका राजेन्द्र केसी र एमालेका पदम गिरी, संसद्को अर्थ समितिका सभापति सन्तोष चालिसे, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी, उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल र अर्थसचिव रामप्रसाद घिमिरेलगायत उपस्थित थिए।

उद्योग सरकारले होइन, निजी क्षेत्रले सञ्चालन गर्नुपर्छ

● **दामोदर भण्डारी**, उद्योगमन्त्री



उद्योग सरकारले भन्दा पनि निजी क्षेत्रले सञ्चालन गर्नुपर्छ भन्ने कुरामा प्रस्ट छौं। सरकारले नीतिमा सहयोग र सहुलियत दिने तथा निजी क्षेत्रले प्रभावकारी व्यवस्थापन गरी उद्योग चलाउने हो। जीर्ण उद्योग सञ्चालनका सन्दर्भमा सरकारले चाँडै निर्णय गर्दै छ। यस विषयमा अर्थ र उद्योग मन्त्रालयबिच तीन-चारपटक छलफल भइसकेको छ।

उद्योगको सम्पत्ति बेच्नका लागि मात्रै निजीकरण गरिनुहुँदैन

● **दीपक सुवेदी**, पूर्वसचिव



सरकारको प्रत्यक्ष नियमन र केही सर्तहरूसहित मात्रै निजीकरण गरिनुपर्छ। विगतमा जस्तो सबै सम्पत्ति जिम्मा दिएर छाड्नुहुँदैन। विगतको अनुभवबाट पाठ सिक्नुपर्छ। उद्योगको सम्पत्ति बेच्ने होइन, रोजगारी सिर्जना सुनिश्चित हुने गरी मात्रै काम गर्नुपर्छ। निजीकरण गर्दा सहकारीकरण गर्नु सबैभन्दा राम्रो हो।

सरकारको निर्णयपछि निजीकरणका लागि प्रस्ताव आह्वान गर्छौं

● **दीर्घराज मैनाली**
सदस्यसचिव, निजीकरण समिति



मन्त्रिपरिषद्बाट निजीकरणमा लैजाने औपचारिक निर्णय भएपछि विज्ञ समूहबाट सम्पत्ति र दायित्वको मूल्यांकन गरिन्छ। त्यसपछि निजीकरणका लागि प्रस्ताव आह्वान गर्छौं।

संसदीय समितिहरू एक महिनादेखि ठप्प



विधायिकी कार्य अलपत्र परेपछि सभामुखले बोलाए सभापतिहरूको बैठक, छठपछि हिउँदे अधिवेशन बोलाउने तयारी, तर छैन बिजनेस

(समाचार पृष्ठ ३)

बक्यौता नतिर्ने उद्योगको लाइन काट्ने मिति तीन दिन बाँकी

प्राधिकरण र उद्योगी आआफ्नै अडानमा

८ कात्तिकसम्म बक्यौता नतिर्ने उद्योगमाथि कानुनअनुसार कारबाही अघि बढाउनुपर्ने प्राधिकरणको भनाइ, प्रमाणका आधारमा मात्रै बक्यौता तिर्ने पुरानै अडानमा उद्योगी

(समाचार पृष्ठ ६)

NIMB
नेपाल इन्भेस्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ पोखरामा रास्वपाको प्रदर्शन जारी



पोखरामा **रोहितराज पराजुली**

सभापति रवि लामिछाने पक्राउको विरोधमा रास्वपा समर्थकहरूले सोमबार पनि पोखरामा प्रदर्शन जारी राखेका छन्। पृथ्वीचोक, नयाँबजार, महेन्द्रपुल, चिप्लेढुंगा हुँदै ऱ्याली मानव अधिकारचोकमा कोणसभामा परिणत भएको थियो। लामिछानेलाई राजनीतिक प्रतिशोध साँध्न पक्राउ गरिएको भन्दै नेताहरूले प्रतिरोधमा उत्रिएको बताएका छन्। रास्वपा कार्यवाहक प्रवक्ता मनीष झाले पक्राउविरुद्धको आन्दोलन जारी रहने बताए। 'हाम्रो सभापतिलाई राजनीतिक प्रतिशोधका आधारमा पक्राउ गरिएको हो। अदालतले बुधबारसम्म हिरासतमा राख्न अनुमति दिएको छ, हामी बुधबारसम्म कोणसभा र प्रदर्शन गर्छौं,' उनले भने, 'बुधबार अदालतले के गर्छ त्यसपछि आन्दोलनको स्वरूप कस्तो हुन्छ त्यसबारेमा निर्णय हुन्छ।'

■ ओलीलाई देउवाको 'ब्रेक'

तत्काललाई रोकियो दल फुटाउने अध्यादेश





प्रधानमन्त्री केपी ओली खास गरेर माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीलाई विभाजन गरेर पाँच सांसद आफ्नो पार्टीमा भित्र्याउने योजनामा थिए। साथै अशोक राई नेतृत्वको जसपालाई पनि भित्र्याएर संसद्को ठूलो दल बन्ने उनको रणनीति थियो। तर, कांग्रेस ओलीको नियतप्रति सशंकित बन्यो। अहिले नै अध्यादेशमा समर्थन जनाए भविष्यका लागि यो कदम प्रतिकूल हुन सक्ने कांग्रेस नेताहरूको बुझाइ थियो। एमाले संसद्को ठूलो दल बनेर संविधानको धारा ७६(३) अनुसारको सरकार गठनको ढोका खोल्न सक्ने खतराप्रति देउवा सतर्क बनेका थिए। जसकारण कांग्रेसले ओलीको चाहनाअनुसार अध्यादेश ल्याउन समर्थन दिएन।

विपक्षीको समेत सहमतिमा अध्यादेश ल्याउनुपर्छ भन्ने कांग्रेसको मत हो

● **डा. प्रकाशशरण महत**, प्रवक्ता, कांग्रेस



एमालेबाट दल विभाजनसम्बन्धी अध्यादेश ल्याउने विषयमा प्रस्ताव आएको हो। यसबारे दुई दलबिच केही समयदेखि छलफल भयो। र, हामीले सत्तारूढ दल मात्रको सहमतिमा अध्यादेश ल्याउन हुँदैन, सबै दलहरूको सहमति हुन्छ भने मात्र ल्याउन सकिन्छ भन्यौं।

केशवप्रसाद पाण्डे / नयाँ पत्रिका

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई अध्यादेशबाट संशोधन गर्ने र साना दलहरूलाई विभाजन गराउने प्रधानमन्त्री केपी ओलीको चाहनामा ठुलो सत्तारूढ दल कांग्रेसले तत्कालका लागि 'ब्रेक' लगाइदिएको छ। कांग्रेसले आफ्नो पार्टीभित्र मतभेद देखाएर अध्यादेश ल्याउने प्रधानमन्त्रीको प्रस्तावलाई अस्वीकार गरेको छ। कांग्रेसको बलमा प्रधानमन्त्री बनेका ओलीले एक्लै अध्यादेश ल्याउन सकेनन्। सोमबार बोलाएको मन्त्रिपरिषद् बैठकसमेत स्थगित गरे।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को व्यवस्थाअनुसार ४० प्रतिशत केन्द्रीय सदस्य र सांसदले दल विभाजन गर्न सक्ने व्यवस्था गरेको छ। जसमा दल विभाजन भएको पाँच वर्षसम्म विभाजन गर्न नपाउने व्यवस्था छ। सरकारले

» पृष्ठ २ मा क्रमशः

प्रधानमन्त्रीलाई विपक्षी दलहरूको ज्ञापनपत्र

सरकारबाट लोकतन्त्रलाई दुई ठुला दलतन्त्रमा परिणत गर्ने र अन्य दललाई कमजोर पार्ने व्यवहार प्रदर्शन भएको आरोप



नयाँ पत्रिका

प्रमुख प्रतिपक्ष माओवादीसहित विपक्षी पाँच दलले सरकारले सुशासन कमजोर बनाएको निष्कर्ष निकालेर प्रधानमन्त्री केपी ओलीको ध्यानाकर्षण गराएका छन्। अदालतमा मुद्दा खेपिरहेका व्यापारीबाट प्रधानमन्त्रीकै दलले जग्गा गैरकानुनी रूपमा 'दान'का रूपमा लिएर सुशासनको उपहास गरेको विपक्षी दलहरूको भनाइ छ।

'अदालतमा मुद्दा खेपिरहेका व्यापारीको पक्षमा स्वयं प्रधानमन्त्रीले नै पक्षपोषण गर्नु र प्रधानमन्त्रीकै दलले करिब एक अर्बभन्दा बढी मूल्यको जग्गा गैरकानुनी रूपमा 'दान'का रूपमा लिएर सुशासनको उपहास गर्ने काम भएको छ' विपक्षी दलहरूले सोमबार बेलुका संयुक्त रूपमा प्रधानमन्त्री ओलीलाई बुझाएको ज्ञापनपत्रमा छ। सरकारबाट लोकतन्त्रलाई दुई ठुला दलतन्त्रमा परिणत गर्ने र अन्य दललाई विभिन्न ढंगले कमजोर पार्ने कार्य गर्दै राजनीतिक सहिष्णुताप्रतिकूल व्यवहार प्रदर्शन गरिएकोसमेत विपक्षी दलहरूले बताएका छन्।

१३बुँदे ज्ञापनपत्रमा माओवादी अध्यक्ष प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, रास्वपा उपसभापति डिपी अर्याल, आजपा अध्यक्ष प्रभु साहले हस्ताक्षर गरेका छन्। नेपाल विद्युत् प्राधिकरणलगायत सार्वजनिक संस्थानमा बढ्दो राजनीतिक हस्तक्षेप र प्रतिशोधपूर्ण व्यवहार, विद्यालय तथा शिक्षण संस्थामा भइरहेको हस्तक्षेपकारी कार्य, कर्मचारीतन्त्रमा गरिएको चरम राजनीतीकरण र सामाजिक न्यायका मुद्दाप्रति देखाएको उपेक्षाबाट सरकार राष्ट्रिय आवश्यकता र जनचाहनाविपरीत हिँडिरहेको ठहर विपक्षी दलहरूको छ।

मूल्यवृद्धि नियन्त्रण गर्न नसकेको, सहकारीपीडितको समस्या समाधानमा सरकार गम्भीर नभएको, सहकारी ठगी गर्नेलाई कारबाही गर्ने भन्ने सन्दर्भमा सत्तागठबन्धनभित्रका आफ्नालाई जोगाउने भेदभावपूर्ण व्यवहार गरेको विपक्षी दलहरूको दाबी छ। लक्ष्यअनुसारको राजस्व नउठिरहेको, कर्मचारीलाई तलबसमेत समयमा दिन नसक्नेजस्तो आर्थिक दुरावस्थामा समेत कर्मचारी व्यवस्थामा बोझ थोपर्ने कार्य

» पृष्ठ २ मा क्रमशः

धरहराको दैलोमा सुन्धाराको बेहाल

सुन्धारावरिपरिको संरचना चिराचिरा परेको छ। धारा राखिएको गहिरो ठाउँमा हिलो र पानी जमेको छ। वरिपरि बिछ्याइएका ढुंगाहरू चर्किएका छन्। सिँढीमा ढुंगा र फोहोर थुप्रिएको छ। हिटी (सुनका धारा)को टुप्पोमा खिया लागेको छ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

२२ तलाको धरहरा ३ असोजदेखि सर्वसाधारणका लागि खुल्यो। आजभोलि धरहरा चढ्न आउनेको ठेलमठेल भिड हुन्छ। तर, टिलिक्क टल्किने धरहराको दैलोमै रहेको सुन्धाराको भने बेहाल छ।

सुन्धारावरिपरिको संरचना चिराचिरा परेको छ। धारा राखिएको गहिरो ठाउँमा हिलो र पानी जमेको छ। वरिपरि बिछ्याइएका ढुंगाहरू चर्किएका छन्। सिँढीमा ढुंगा र फोहोर थुप्रिएको छ। हिटी (सुनका धारा)को टुप्पोमा खिया लागेको छ। जब कि भौतिक रूपमा धरहरा अग्लो भए पनि ऐतिहासिक अग्लाइ सुन्धाराकै उचो छ। मल्लकालमै बनेको सुन्धाराको आडमा भीमसेन थापाले १८८२ मा धरहरा बनाएका थिए। त्यसैले त धरहराआसपासको क्षेत्र नै सुन्धाराको नामले चर्चित छ।

सम्पदा र संस्कृतिमा रुचि राख्नेहरूलाई सुन्धाराको स्वरूप देख्दा मन अमिलिन्छ। बिहीबार धरहरा अवलोकनमा पुगेका कीर्तिपुरका राजेश महर्जनलाई पनि यस्तै भयो। उनले भने, 'यो ठाउँको चिनारी नै सुन्धारा हो, यो खानेपानी प्रणालीको एउटा सभ्यता पनि हो। सुन्धारा भएन भने यो ठाउँ नै अधुरो हुन्छ, बरु धरहरा पछि पुनर्निर्माण गरेर पहिले

» पृष्ठ २ मा क्रमशः



सुन्धारा पुनर्निर्माणलाई लिएर विगतमा भएको थियो विवाद

केन्द्र सरकारले सुन्धारालाई पनि नयाँ धरहरा र वरिपरिको संरचनासँगै पुनर्निर्माण गर्न खोजेको थियो। तर, अन्य कंक्रिट संरचना बनाउने ठेकेदारलाई ऐतिहासिक सुन्धारा पुनर्निर्माण गर्न दिन नहुने भन्दै स्थानीय बासिन्दाले रोकेका थिए। स्थानीयले बाहिरी आकार मात्रै नभएर भित्री संरचना अर्थात् धाराको पानीको निकास पनि व्यवस्थित हुनुपर्ने माग राखेका थिए। तर, ठेकेदारले निकास भेटाउन नसक्ने र बाहिरी संरचना मात्रै निर्माण गर्ने भनेपछि स्थानीयले रोकेका थिए।

जानकारहरूका अनुसार सुन्धाराको पुरानो निकास टुकुचा खोलामा जोडिएको छ। तर, अहिले यसमा जोड्न निकै कठिन छ। दुई-तीन तलासम्म भूमिगत पार्किङ बनाउँदा निकास नै मासिएको छ। सुन्धारा गहिरो स्थानमा छ। भूमिगत पार्किङ नभएको ठाउँबाट निकास खोजे पनि टुकुचामा जोड्न २७ फिट गहिरो खन्नुपर्छ। तर, त्यो सम्भव देखिँदैन। तर, यसअघि ०७९ मा सुन्धारा क्षेत्रको पानी निकास हुने गहिराइबराबरको पाइप पनि भेटिएकाले निकास त्यसबाटै पठाउने कि भन्ने विषयमा पनि पुरातत्त्व र स्थानीयबिच छलफल भइरहेको छ।

न्यायालय सुधारका लागि काम गर्छु : प्रधानन्यायाधीश राउत

नयाँ पत्रिका

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले न्यायपालिका सुधारका लागि आफू क्रियाशील रहने बताएका छन् । २० असोजमा नियुक्त राउतले सोमबार पदभार ग्रहण गरेपछि न्यायपालिका सुधारको क्रम नरोकिने तथा यो नै आफ्नो संवैधानिक दायित्व रहेको सुनाए ।

'मेरो पहिलो प्राथमिकता न्यायालय सुधार हो । म न्यायपालिकालाई पारदर्शी र जवाफदेही बनाउन सदैव प्रतिबद्ध छु,' उनले पछिल्लो केही समययता न्यायपालिकाप्रति नागरिकको आस्था र विश्वास गिर्दै गएको भन्दै त्यसलाई फर्काउन



आफू तल्लीन हुने उनले बताए । हरिकृष्ण कार्की प्रतिवेदन कार्यान्वयन पनि आफ्नो प्राथमिकतामा रहेको उनको भनाइ थियो ।

सर्वोच्च अदालतमा चारसमेत विभिन्न अदालतहरूमा रिक्त न्यायाधीशको पदपूर्ति चाँडै हुने उनले बताए । 'न्यायाधीशविना न्यायालय चल्न सक्दैन । त्यो छिट्टै हुनेछ,' उनले भने । उनले यस कार्यमा भागबन्डा नहुनेसमेत स्पष्ट पारे ।

अदालतको हुर्मत लिने काम क्षम्य नहुने उनको भनाइ छ । उनले भने, 'बाह्य वातावरणले अदालत नियन्त्रित हुँदैन । नियतवश अदालतको हुर्मत लिने र अतिरञ्जनाको विषय क्षम्य हुँदैन ।' संवैधानिक परिषद्ले राउतको नाम ३१ भदौमा प्रधानन्यायाधीश पदका लागि सिफारिस गरेपछि संसदीय समितिबाट उनी १६ असोजमा अनुमोदित भएका थिए । उनले ०८२ चैतसम्म न्यायालयको नेतृत्व गर्नेछन् ।

धरहराको...

पृष्ठ १ बाट क्रमशः

सुन्धारालाई व्यवस्थित गर्नुपर्थ्यो । एउटा जीवन्त संस्कृतिको यो रूप देख्दा दुःख लाग्यो ।' महर्जन आफैं पनि सांस्कृतिक सम्पदा जोगाउन लागिरहेका अभियन्ता हुन् । आफूहरूले पुरातत्त्व विभाग, काठमाडौं महानगरपालिकालगायतलाई सुन्धारा पुनर्निर्माणका लागि ध्यानाकर्षण गराए पनि अझै जीर्ण अवस्थामै रहेको बताए ।

एसवेला पानी आउने सुनका धारा भएकाले नै सुन्धारा नाम राखिएको थियो । यहाँ करिब २५ वर्षअघिसम्म पनि बाह्रैमास पानी आउँथ्यो । वसन्तपुरदेखि भोटेबहालसम्मका बासिन्दा सुनको धाराको पानी ग्रागीमा बोकेर लैजान्थे । स्थानीयहरू धारामै पुगेर नुहाउँथे भने बटुवाहरू तिर्खा लाग्दा सुन्धाराकै पानी पिउँथे । तर, अहिले सुनको लेपन भएका पाँच धारामध्ये दुईवटा त हराइसके । तीन धारामा पनि सुनको लेपन उप्किएको छ ।

वसन्तपुरका बासिन्दा गौतम शाक्य बाल्यकालमा सुन्धारामा नुहाउने गरेको स्मरण गर्छन् । 'मलाई अझै याद छ, हामी सानोमा नुहाउन र खानेपानी लिन त्यहीं जान्थौं, अग्ला भवन बनेपछि सुन्धारा सुक्यो, पाँच धारामध्ये दुइटा त हराइसके,' उनले भने, 'यसमा भइरहेको विवाद समाधान गरेर सुन्धारा छिटोभन्दा छिटो बनाउन आवश्यक छ ।' उनले सुन्धारा सुक्नुको प्रमुख कारण आसपासमा बनेका अग्ला कंक्रिटका भवन नै रहेको बताए ।

सुन्धारावरिपरि गहिराइबाट जग उठाएर निजी मल र घरहरू बन्दा सुन्धारा सुक्ने क्रम सुरु भयो । अहिले त सरकारले नै धरहरामै पार्किङका लागि भन्दै भूमिगत दुई तला बनाएको छ । यसरी संरचना बन्दा नै सुन्धारामा पानी आउने प्रणाली अर्थात् बाटो खलबलिएको सरोकारवालाहरू बताउँछन् । २५ वर्षअघिसम्म बाह्रैमासा पानी झर्ने सुन्धारामा १५ वर्षअघिसम्म पनि बर्खायाममा पानी आउँथ्यो । तर, अहिले पानीको थोपा नै चुहिँदैन ।

सहरी विकास मन्त्रालय केन्द्रीय आयोजना कार्यान्वयन निकायका प्रमुख प्रकाश अर्याल सुन्धारालाई के गर्ने भन्नेमा अझै अन्योल रहेको बताउँछन् । 'सुन्धाराको विषयमा के गर्ने भन्नेबारे अन्योल छ,' उनले भने, 'यदि पुरातत्त्वलाई दिने हो भने हामीले मात्रै दिएर हुँदैन, माथिल्लो निकायको सहमति चाहिन्छ ।'

०७२ को भूकम्पमा सुन्धाराको बाहिरी संरचनामा समेत असर पाऱ्यो । पुराना पर्खाल र भुइँमा बिछ्याइएका ढुंगा भूकम्पमा चर्किए । त्यसलाई मर्मत-सम्भार गरेर सुन्धारामा पानी खसाल्नेसहितको योजना अघि सार्न स्थानीयले काठमाडौं महानगरपालिकालाई ध्यानाकर्षण गराएका थिए । धरहराको पुनर्निर्माण गरिरहेको रमण कन्स्ट्रक्सनका प्रोजेक्ट म्यानेजर दीपक सिंहले सुन्धारा र धरहराको पुरानो ठुटो भने आफूहरूले नछुने बताए । 'सुन्धाराको विषय हाम्रो प्रोजेक्टभित्र छैन, सुन्धारा र पुरानो ठुटो हामी छुँदैनौं, यो पुरातत्त्वले बनाउने हो,' उनले भने, 'सुन्धारा पुनर्निर्माणका लागि स्थानीयवासीले पनि सहजीकरण गरिदिनुपर्छ ।'

सुन्धारा र भत्किएको पुरानो धरहराको ठुटोको संरक्षण अलमलमा छ । पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानांगले भने सहरी विकास मन्त्रालयले सुन्धारा र धरहराको ठुटो हस्तान्तरण नगर्दा काम अघि बढाउन नसकिएको बताइन् । 'पुनर्निर्माण प्राधिकरण खारेजपछि भूकम्पसँग सम्बन्धित पुनर्निर्माण र संरचना हेर्ने जिम्मा सहरी विकास मन्त्रालयको हो, तर सुन्धारा र धरहराको ठुटोलाई हामी संरक्षण र पुनर्निर्माण गर्छौं भन्दा पनि सहरी विकासले कार्यक्रम हस्तान्तरण गरेको छैन,' उनले भनिन्, 'बजेटसहित सहरी विकासले सुन्धारा पुनर्निर्माण हामीलाई हस्तान्तरण गऱ्यो भने सुन्धारा व्यवस्थित र पुरानै अवस्थामा पुऱ्याउँछौं ।' यसअघि सुन्धाराको मौलिकताको विषयमा स्थानीयले विभिन्न माग राखेर विवाद गरे पनि अहिले विवाद नहुने र मिल्ने अवस्था रहेको बताउँदै जतिसक्दो छिटो पुनर्निर्माण गर्नुपर्ने बताइन् ।

मौलिकताका लागि भए पनि सुन्धाराको पुनर्निर्माण गर्दा धारामा सुन लेपन गर्नुपर्ने हुन्छ । दुईवटा धारामा यसअघि लेपन गरिएको सुन खुइलिएको छ । त्यसमा लेपन गर्न एक किलो लाग्ने पुरातत्त्व विभागको अनुमान छ । धरहरा पुनर्निर्माण गरेको ठेकेदार कम्पनीले यसअघि सुनको लागत स्टिमेट गर्दा करिब ६० लाखको सुन लाग्न सक्ने अनुमान गरेको थियो ।

संस्कृतिविद् हरिराम जोशीले सुन्धारा र वसन्तपुर क्षेत्रमा रहेका सबैजसो ढुंगेधारा सुकेको बताए । यी क्षेत्रका ढुंगेधारामा पानी आउन छाड्नुको मुख्य कारण अग्ला र अन्डरग्राउन्डसहितका नयाँ भवन नै हुन् । डिपबोरिङ र अन्डरग्राउन्डसहितका भवनले ऐतिहासिक महत्त्व बोकेको सम्पदालाई नै खतरामा पारेको जोशीको भनाइ छ । 'सुनको धाराबाट कलकल पानी आउने सुन्धाराको इतिहास हो, सहरमा नयाँ-नयाँ भवन बन्दै जाँदा ढुंगेधारामा पानी आउन छाड्यो, आधुनिक विकासले परम्परागत पानी प्रणालीलाई ख्याल गरिएन,' उनले भने ।

चलाउनेभन्दा...

पृष्ठ १ बाट क्रमशः

थप नौ सार्वजनिक संस्थानलाई निजीकरण गर्ने तयारी गरेको छ । सोमबार अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अध्यक्षतामा बसेको निजीकरण समितिको बैठकले विराटनगर जुट मिल, बुटवल धागो कारखाना, गोरखकाली रबर उद्योग, उदयपुर सिमेन्ट, जनकपुर चुरोट कारखाना, नेपाल मेटल कम्पनी, हेटौंडा कपडा उद्योग, हेटौंडा सिमेन्ट र नेपाल ओरियन्ट म्याग्नेसाइट प्रालिलाई विभिन्न सर्तमा निजीकरण गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने निर्णय गरेको हो ।

निजीकरण ऐन, २०५० ले तोकेको सर्तअनुसार निजीकरणको वर्गीकरणका लागि मन्त्रिपरिषद्मा पेस गर्ने निर्णय भएको अर्थ मन्त्रालयले जारी गरेको प्रेसनोटमा जनाइएको छ । 'मन्त्रिपरिषद्बाट वर्गीकरण भएपछि सम्पत्ति तथा दायित्व मूल्यांकनका लागि विशेषज्ञसहितको अध्ययन समिति गठन गरिनेछ,' प्रेसनोटमा भनिएको छ । मन्त्रिपरिषद्बाट गठित विज्ञको समितिले सम्पत्ति र दायित्व मूल्यांकन गरेपछि निजीकरणको ढाँचा र प्रक्रिया पहिचानमा अन्तिम निर्णय लिइने अर्थ मन्त्रालयले जनाएको छ । नौवटै उद्योग निजीकरणका लागि दसैंअघि नै मन्त्रिपरिषद् बैठकले अर्थमन्त्रीको अध्यक्षतामा निजीकरण समिति गठन गरेको थियो । निजीकरण ऐनले समितिमा दुई सांसद मनोनीत गर्ने व्यवस्था गरेअनुसार मन्त्रिपरिषद्ले कांग्रेसबाट राजेन्द्र केसी र एमालेबाट पदम गिरीलाई चयन गरेको थियो । सोमबारको बैठकमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, संसद्को अर्थ समितिका सभापति सन्तोष चालिसे, सांसद केसी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी, उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल, अर्थसचिव रामप्रसाद घिमिरेलगायतका निजीकरण समितिका सदस्यहरू उपस्थित थिए ।

सरकारको व्यवस्थापकीय लापरबाहीका कारण लामो समयदेखि बन्द, रुग्ण र आर्थिक रूपले कमजोर भएका संस्थान निजी क्षेत्रलाई जिम्मा दिन लागिएको हो । दसैंअघि अर्थमन्त्री पौडेल र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसहितको संयुक्त टोलीले तीन-चारपटक बैठक बसेर निजीकरण गर्ने संस्थानको टुंगो लगाएको थियो । उद्योगमन्त्री भण्डारीले जीर्ण भएको र पुनः सञ्चालनका लागि सरकारको ठुलो लगानी आवश्यक पर्ने भएकाले निजी क्षेत्रलाई सञ्चालन गर्न दिन लागिएको बताए । 'सरकारले ठुलो लगानी गर्दा पनि व्यवस्थापकीय सक्षमता नहुन सक्छ र उद्योगमा गरेको लगानी जोखिममा पर्न सक्छ,' उनले भने, 'त्यसैले निजी क्षेत्रलाई व्यवस्थापन गर्न दिएर उद्योग सञ्चालन गर्नुपर्छ भन्ने हिसाबले छलफल भइरहेको छ ।'

उनले सरकारको प्राथमिकतामा उद्योग सञ्चालन नरहेको पनि प्रस्ट पारे । 'सरकारले उद्योग सञ्चालन गर्ने होइन भन्ने कुरामा हामी प्रस्ट छौं,' मन्त्री भण्डारीले भने, 'सरकारले नीतिगत सहजीकरण गर्ने र निजी क्षेत्रले उद्योग-व्यवसाय सञ्चालन गर्ने हो ।' विगतका विभिन्न अध्ययन प्रतिवेदनका आधारमा सञ्चालनको मोडालिटी तयार हुँदै गरेको उनको भनाइ छ । विगतमा भएका अधिकांश अध्ययन प्रतिवेदनले जीर्ण उद्योगमा सरकारले थप लगानी गर्न नहुने, तर निजी क्षेत्रसँगको साझेदारीमा उद्योग सञ्चालन गर्न सकिने सुझाव दिएका छन् ।

निजीकरण समितिको सदस्यसचिवसमेत रहेका अर्थ मन्त्रालयको संस्थान समन्वय महाशाखा प्रमुख तथा सहसचिव दीर्घराज मैनालीले नौ जीर्ण उद्योग निजीकरण गर्ने प्रक्रिया सुरु भएको बताए । 'सूचीमा परेका उद्योगको निजीकरण गर्ने प्रक्रिया सुरु भयो । अब निजीकरण ऐन, २०५० अनुसारको प्रक्रियामा जान्छौं,' उनले भने । उद्योगको जग्गाबाहेकको संरचना निजी क्षेत्रलाई दिने गरी प्रक्रिया अघि बढाउने उनको भनाइ छ । तर, निजी क्षेत्रले भने जमिनसहितको संरचना भोगचलनको दाबी गर्दै आएको छ । विगतमा १८ संस्थान निजीकरण गर्दा निश्चित रकम लिएर निजी क्षेत्रलाई उद्योगको भवन, मेसिनरी र जग्गा भोगचलनको अधिकार दिइएको थियो ।

उद्योग चलाउने उद्देश्य होइन, अर्बौंको चल-अचल सम्पत्तिमा आँखा

सरकारकै लापरबाहीका कारण धराशायी बनेका उद्योगहरूलाई पुनर्जीवन दिन निजीकरण गर्न लागेको दाबी पत्याउनलायक हुँदैन । बरु विगतमा निजीकरण गरिएका उद्योगको हविगत हेरेर भन्न सकिन्छ- यी उद्योगका नाममा रहेका अर्बौंको चल-अचल सम्पत्तिमा आँखा लगाइएको हो ।

सरकारले निजीकरणका लागि सूची तयार गरेका उद्योगमध्ये उदयपुर र हेटौंटा सिमेन्ट हालसालै बन्द भएका हुन् । अन्य सात उद्योग केही स्थापना भएर सञ्चालन नै नभएका छन् भने केही लामो समयदेखि बन्द छन् । यस्ता उद्योगको भौतिक पूर्वाधार जीर्ण छन् भने मेसिनहरूमा खिया लागेका छन्, जहाँबाट उत्पादन सम्भव छैन । तर, उद्योगसँग अर्बौंका जग्गा र भौतिक सम्पत्ति छन् ।

उदयपुर सिमेन्टको १० अर्बभन्दा बढी सम्पत्ति

३१ जेठ ०४४ मा स्थापना भएको यो उद्योग खुल्नै नसक्ने गरी बन्द छ । उद्योगको स्वामित्वमा उदयपुरको सिधाँलीमा ठुलो चुनढुंगा खानी छ । यहाँको चुनढुंगामा म्याग्नेसियम अक्साइट कम र लाइम बढी छ । यस्तो चुनढुंगाबाट सिमेन्ट उत्पादन निकै गुणस्तरीय हुन्छ । खानी क्षेत्रमा सात करोड ३० लाख मेट्रिक टन चुनढुंगा रहेको पुष्टि भएको छ । २५ वर्षमा मुस्किलले ४२ लाख टन चुनढुंगा मात्रै खपत भएको छ । त्यसैले, यहाँको सिमेन्टले आगामी पाँच सय वर्षसम्मको माग धान्न सकिने प्रक्षेपण छ । मुलुकको ६५ प्रतिशत माग उदयपुर सिमेन्ट उद्योगले मात्रै धान्न सक्ने क्षमता राख्छ । एक वर्षअघि संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा उदयपुर सिमेन्टका अध्यक्ष केशवबहादुर बस्नेतले १० अर्बको सम्पत्ति रहेको जानकारी दिएका दिए । उनले सरकारबाट ४० करोड रुपैयाँ ऋण नलिए १० अर्बको सम्पत्ति सुरक्षा गर्न नसकिने बताएका थिए ।

हेटौंडा सिमेन्टसँग एक हजार वर्षलाई पुग्ने चुनढुंगा खानी

१३ असोज ०३३ मा स्थापना भएको पहिलो सिमेन्ट उद्योग ६ वर्षदेखि चरम नोक्सानीमा छ । अहिले पूर्ण रूपमा बन्द रहेको उद्योगसँग धादिङको जोगीमारा र मकवानपुरको ओखरे, मजुवा र भैंसेमा तीन गरी चार ठाउँमा चुनढुंगा खानी छ । उद्योगलाई चाहिने रातोमाटो परिसरभित्रकै डाँडोमा छ । उद्योगको वार्षिक जडित क्षमता दुई लाख ६० हजार टनका दरले सिमेन्ट उत्पादन गर्ने हो भने पनि खानीमा रहेको चुनढुंगाले एक हजार वर्षसम्म धान्ने अध्ययनमा देखिएको छ ।

हेटौंडा कपडा उद्योगसँग राजमार्गमा जोडिएको ३४३ रोपनी जग्गा

यो उद्योग २४ वर्षदेखि बन्द छ । तर, २४सै घण्टा चलाउने सेनाको प्रस्तावलाई पन्छाएर सरकारले निजीकरण गर्न लागेको छ । उद्योगसँग ठुला आठवटा भवन छन् भने राजमार्गसँग जोडिएको प्रमुख औद्योगिक क्षेत्रमा निकै महँगो मूल्य पर्ने ३४३ रोपनी जग्गा छ ।

जनकपुर चुरोट कारखानाको ३५ बिघा जग्गा, २० बिघामा २५ भवन

२९ पुस ०२१ मा स्थापना भएको उद्योगले तत्कालीन समयमा देशका ७५ वटै जिल्लामा १०५ शाखा कार्यालय विस्तार गरको थियो । २९ सय कर्मचारी कार्यरत उद्योग ०६२/६३ को जनआन्दोलनपछि स्वास्थ्य प्रतिकूल हुने उत्पादन सरकारले गर्नु नहुने नीति अवलम्बन गरेपछि ०६७ मा बन्द भएको थियो । उद्योगको जनकपुरमा मात्रै ३३ बिघा नौ कट्ठा जग्गा छ । त्यसमध्ये २० बिघामा कर्मचारी आवासका लागि बनाइएका २५ भन्दा धेरै भवन छन् जसमा सयभन्दा बढी कोठा छन् । अहिले यी सबै संरचना मधेश प्रदेश सरकारले प्रयोग गरिरहेको छ । त्यस्तै, महोत्तरीमा दुई बिघा र अन्य २० स्थानमा पनि स-साना टुक्रे जग्गा छन् ।

नेपाल ओरियन्ट म्याग्नेसाइटको ३६६ रोपनी जग्गा, ५२०० रोपनीमा खानी

२५ वैशाख ०३४ मा सरकार र निजी क्षेत्र मिलेर स्थापना गरिएको उद्योगले अहिलेसम्म पनि म्याग्नेसाइट उत्पादन गर्न सकेको छैन । सरकारले ०५९ देखि रुग्ण उद्योगमा सूचीकृत गरेको यो उद्योग सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-८ मा ३६६ रोपनी क्षेत्रफलमा छ । उद्योगका पार्टपुर्जाहरू चोरी हुन थालेका छन् । दोलखाको भीमेश्वर नगरपालिका- ९ खरिढुंगामा पाँच हजार दुई सय रोपनीमा खानी छ । २५० वर्षलाई पुग्ने म्याग्नेसाइट यहाँ उपलब्ध भएको अध्ययनमा देखिएको छ ।

बुटवल धागो कारखानाको १७३ रोपनी जग्गा, पौने दुई अर्ब खुद सम्पत्ति

१२ असार ०३९ मा स्थापना भई सुरुमा निकै राम्रो प्रगति गरेको उद्योग बहुदलपछि शिथिल बन्दै गएर ०६४ देखि धागो उत्पादन ठप्प भयो । १ असोज ०६६ को मन्त्रिपरिषद् बैठकले उद्योग पूर्ण रूपले बन्द गरी कर्मचारीलाई अवकाश दिने निर्णय गरेको थियो । उद्योगको स्वामित्वमा पूर्व-पश्चिम राजमार्गसँग जोडिएको १७३ रोपनी जग्गा छ । अन्तिमपटक लेखापरीक्षण भएको ०७९/८० को वित्तीय विवरणअनुसार उद्योगको जग्गा, भवन, मेसिनरीलगायत गरेर खुद सम्पत्ति एक अर्ब ६२ करोड ८१ लाख रुपैयाँबराबर छ । जग्गाको मूल्यांकन सरकारी चलनचल्तीअनुसारकै हो । यो उद्योगसँगै कपास ल्याउन नेपालगन्जको खजुरामा स्थापना भएको कपास विकास समिति र धागो आपूर्ति गर्न खोलिएको हेटौंडा कपडा उद्योगको पनि अहिले अस्तित्व छैन ।

नेपाल मेटल कम्पनीसँग १७ करोड ८३ लाखको खुद सम्पत्ति

५ असार ०३३ मा स्थापना भएको उद्योग अहिलेसम्म सञ्चालनमै आउन सकेको छैन । गणेश हिमाल क्षेत्रमा उपलब्ध उच्चस्तरीय सिसा र जस्तालगायतका खनिज धातुको उत्खनन र प्रशोधन गरी प्राप्त धाउलाई विदेशमा निर्यात गर्ने प्रमुख उद्देश्यले स्थापना भएको कम्पनी सरकारको प्राथमिकतामा नपर्दा ४८ वर्षदेखि कामविहीन छ । उद्योगसँग १७ करोड ८३ लाखबराबरको खुद सम्पत्ति रहेको अर्थ मन्त्रालयले जनाएको छ । खनिज पदार्थ उत्खननका लागि नेपालकै सबैभन्दा उत्कृष्ट क्षेत्र भएकाले यो उद्योगमा निजी क्षेत्र लोभिएका छन् ।

गोरखकाली रबर उद्योगको ६६२ रोपनी जग्गा

ठुला मालवाहक ट्रक र अन्य सवारीसाधनका लागि टायर, ट्युब, फ्ल्याप उत्पादन गर्ने प्रमुख उद्देश्यले ३० जेठ ०४१ मा गोरखामा स्थापना भई ०५० देखि उत्पादन सुरु गरेको उद्योग ०७१ चैतदेखि पूर्ण रूपले बन्द छ । यो उद्योगमातहत ६६२ रोपनी जग्गा छ । अर्थ मन्त्रालयका अनुसार अन्य निजी उद्योग सञ्चालन गर्न ६६२ रोपनी जग्गा र भवन उपयोग गर्न दिने, खयर तथा सिसौका काठ बिक्री गर्ने, पुरानो प्रविधिका मेसिन, तयारी टायर र कच्चा रबर बिक्री गर्नेलगायत सरकारी योजना छ ।

देशकै पहिलो उद्योग विराटनगर जुट मिलसँग १६ अर्बको सम्पत्ति

३० असार १९९३ मा स्थापना भएको देशकै पहिलो उद्योग विराटनगर जुट मिललाई मुलुकमा औद्योगिकीकरणको जग बसालेको श्रेय दिइन्छ । सुरुमा निर्यातमा समेत सबल बनेको उद्योग राजनीतिक हस्तक्षेप र असक्षम व्यवस्थापक नियुक्तिका कारण ०७६ देखि पूर्ण रूपमा बन्द छ । उद्योगको मातहतमा विराटनगरको रानीमा ६९ बिघा र झापाको दमकमा नौ कट्ठा जग्गा छ । जग्गा, भवन र मेसिनरीको मूल्य करिब १६ अर्ब रुपैयाँबराबरको रहेको ०७५ मा गठित जाँचबुझ आयोगको प्रतिवेदनमा उल्लेख छ ।

तत्काललाई...

पृष्ठ १ बाट क्रमशः

यो व्यवस्था परिवर्तन गरेर दल विभाजनका लागि सहज हुने गरी २० प्रतिशत केन्द्रीय सदस्य र सांसदले दल दर्ता गर्न सक्ने र पाँचवर्षे समयावधि अगावै दल विभाजनको प्रावधान राखेर अध्यादेश ल्याउने तयारी गरेको थियो । यस्तो प्रावधानले एकीकृत समाजवादी, जसपा र रास्वपाजस्ता पार्टी विभाजनको जोखिममा जान सक्छन् ।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले प्रधानमन्त्री ओलीले अध्यादेश ल्याउनेबारे प्रस्ताव गरेको, तर कांग्रेसले नमानेपछि अगाडि बढ्न नसकेको बताए । 'एमालेबाट दल विभाजनसम्बन्धी अध्यादेश ल्याउने विषयमा प्रस्ताव आएको हो । यसबारे दुई दलबिच केही समयदेखि छलफल भयो । र, हामीले सत्तारूढ दल मात्रको सहमतिमा अध्यादेश ल्याउन हुँदैन, सबै दलहरूको सहमति हुन्छ भने मात्र ल्याउन सकिन्छ भन्यौं,' उनले भने । कांग्रेसमा यसबारे मतभेद नरहेको उनको दाबी छ ।

स्रोतका अनुसार अध्यादेशको मस्यौदासमेत तयार गरिएको थियो । र, यसलाई सोमबार नै मन्त्रिपरिषद् बैठकमा लैजाने प्रधानमन्त्री ओलीको तयारी थियो । तर, प्रमुख सत्ता-साझेदार दल कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीमा मतभेद देखिएको भन्दै सहमति दिएनन् । आइतबार राति ओली र देउवाबिच बालुवाटारमा भेटवार्ता भएको थियो । 'आइतबार राति बालुवाटारको छलफलमा सभापतिज्यूले अध्यादेशबारे स्पष्ट रूपमा निर्णय दिनुभएको थिएन । पार्टीभित्र छलफल गर्छु भन्नुभएको थियो,' स्रोतले भन्यो । अध्यादेशका विषयमा इतर समूहको नेतृत्व गरिरहेका नेता डा. शेखर कोइरालाले विरोध गरेको विषयमा पनि प्रधानमन्त्री ओलीले चासो राखेका थिए ।

ओलीसँगको छलफलपछि देउवाले सोमबार महामन्त्री गगन थापासँग छलफल गरेका थिए । त्यसपछि देउवाले पार्टीमा विवाद देखिएकाले अघि नबढ्न प्रधानमन्त्रीलाई सन्देश पठाएका थिए । 'अध्यादेशबारे पार्टीभित्रै कुरा मिलेको छैन । मिल्ने गरी समन्वय पनि देखिएन । अहिले प्रतिपक्षी र सरकारमै रहेका साना दललाई पनि बिच्क्याउने काम नगरौं । अहिलेलाई अध्यादेश अगाडि नबढाउनुस्,' देउवाले प्रधानमन्त्रीलाई पठाएको सन्देशमा थियो ।

कांग्रेस ओलीको नियतप्रति सशंकित छ । एकीकृत समाजवादी विभाजन गरेर पाँच सांसद एमालेमा लैजाने ओलीको रणनीति थियो । अहिले नै अध्यादेशमा समर्थन जनाए भविष्यका लागि यो कदम प्रतिकूल हुन सक्ने कांग्रेस नेताहरूको बुझाइ थियो । कांग्रेसभित्र एमालेले अन्य दल फुटाएर जोड्ने र संसद्को ठूलो दल बनेर संविधानको धारा ७६(३) अनुसारको सरकार गठनको खतरा रहने औंल्याएका थिए । यसबाहेक माधव नेपाल नेतृत्वको पार्टीप्रति देउवा उदार हुँदा पनि ओलीको चाहना पूरा हुन सकेन ।

अध्यादेश ल्याउने विषयमा कोइरालाले सार्वजनिक मञ्चबाटै अध्यादेश ल्याइए घातक हुने भन्दै विरोध गरेका थिए । कोइरालाले भूतपूर्व सैनिक संघ मोरङको प्रथम अधिवेशनलाई आइतबार गृहजिल्ला मोरङमा सम्बोधनका क्रममा सरकारमा रहेका दलले विपक्षी दल फुटाउने र राज गर्ने प्रवृत्ति कालान्तरमा लोकतन्त्रका लागि खतरा हुने बताएका थिए । 'सरकारले दलसम्बन्धी अध्यादेश ल्याउने चर्चा सुनिँदै छ । दल फुटाउने गरी अध्यादेश ल्याइए लोकतन्त्र र सुशासनको धज्जी उड्नेछ,' कोइरालाले भनेका थिए, 'सञ्चार क्षेत्रमा आएको कुरा हेर्ने हो भने एमालेले साना दल फुटाउने र आफ्नो दलमा जोड्ने खेल गरिरहेको छ । यसरी ल्याउन प्रयास गरिरहेको दलसम्बन्धी अध्यादेश कुनै पनि हालतमा मुलुकको स्थिरताका लागि लाभदायक छैन ।'

शुक्रबार माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले विपक्षी दलहरूले बैठकमा सरकारले दल विभाजन गर्न अध्यादेश ल्याउने तयारी गरेको जानकारी गराएका थिए । बैठकले अध्यादेश ल्याएर साना पार्टीलाई कमजोर बनाउन र टुक्र्याउन खोजिएको भन्दै ल्याए प्रतिवाद गर्ने निर्णय लिएको थियो ।

एमाले प्रमुख सचेतक महेश बर्तौलाले भने सरकारले अध्यादेश ल्याउने गरी तयारी नगरेको दाबी गरे । उनले संसद् नभएको अवस्थामा अध्यादेश ल्याउन आवश्यक भए त्यो बाटो सधैं खुला रहेको दाबी गरे । 'कुनै दलमाथि टार्गेट नै गरेर अध्यादेश ल्याउन लागेको होइन । केही दलले सरकारले सहजीकरण गरिदियोस् भन्ने आशय व्यक्त गरेका हुन सक्छन् । तर, निष्कर्षमा पुग्ने गरी भएको केही पनि होइन,' उनले भने, 'संसद् नभएको समयमा आवश्यकताअनुसार अध्यादेश आए नियमित कामकै रूपमा बुझ्दा हुन्छ ।'

प्रधानमन्त्रीलाई...

पृष्ठ १ बाट क्रमशः

गर्न खोजेको विपक्षी दलले बताएका छन् । मुलुकका जल्दाबल्दा समस्या समाधानमा सरकार निष्क्रिय, गैरजिम्मेवार र योजनाविहीन भएको निष्कर्ष उनीहरूको छ । बाढीपहिरो प्रभावितलाई तत्काल राहत उपलब्ध गराउन मागसमेत गरेका छन् । बाढीका कारण बेपत्ता भएकाको खोजी, घाइतेहरूको निःशुल्क उपचार तथा प्रभावकारी उपचारको व्यवस्था गर्न माग गरिएको छ । सरकारको तर्फबाट घोषणा गरिएको ५० हजार राहत हालसम्म पनि जिल्ला-जिल्लामा नपुगेको भन्दै विपक्षी दलहरूले सात दिनभित्र पीडितलाई राहत उपलब्ध गराउन माग गरेका छन् ।

बाढीपहिरोबाट घरबारविहीन हुन पुगेका पीडित परिवारलाई तत्काल एक महिनाभित्र अस्थायी आवासको व्यवस्था गर्दै स्थायी बसोवासको आवश्यक प्रक्रिया सुरु गर्न ज्ञापनपत्रमा माग गरिएको छ । निश्चित मापदण्डका आधारमा सबै प्रभावित क्षेत्रलाई समेट्ने गरी विपत् संकटग्रस्त क्षेत्र घोषणाको निर्णय सच्याउन माग गरिएको छ । बाढी प्रभावित क्षेत्रमा स्वास्थ्य, सरसफाइ तथा जनस्वास्थ्यका विशेष कार्यक्रम सञ्चालन गर्नसमेत माग गरिएको छ ।

यस्तै, बाढीले नोक्सान गरेका सडक, मोटरेवल पुल, विद्युत् र सञ्चारका साधन, खानेपानीका आयोजना, झोलुंगे पुल, नहर तथा बाँधको निर्णय कार्य यही कात्तिक महिनाभित्र सुरु गर्न पनि माग गरिएको छ । खोला नदीहरूलाई मिचेर घरलगायत अन्य निर्माण कार्य भएका ठाउँलाई व्यवस्थित गर्न नयाँ मापदण्ड जारी गरी खोला किनार अतिक्रमण गर्ने कार्यलाई बन्द गर्नसमेत माग गरेका छन् । मापदण्डविपरित भीर, पहरा, खोलाका किनारमा सञ्चालन भइरहेको ढुंगा, गिटी र बालुवाखानीलाई तत्काल बन्द गराई वातावरण संरक्षणमा ध्यान दिनसमेत माग गरिएको छ ।

नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डतासहित राष्ट्रिय हितको रक्षा गर्न पञ्चशीलमा आधारित असंलग्न परराष्ट्र नीतिको पालना गर्नसमेत विपक्षी दलले माग गरेका छन् । मध्यपूर्वलगायत क्षेत्रमा विकास भइरहेका घटनाका कारण नेपालीहरू प्रभावित हुन सक्ने परिस्थितिलाई ध्यानमा राखी तत्काल कूटनीतिक पहलमार्फत सुरक्षाको ग्यारेन्टी गर्न पनि माग गरिएको छ ।

नबिल बैंक लिमिटेडको शाखा कार्यालयहरु स्थानान्तरण सम्बन्धी सूचना

यस बैंकको निम्न लिखित स्थानमा अवस्थित शाखा कार्यालयहरु हालको स्थान बाट स्थानान्तरण भई नयाँ परिसरबाट यही मिति २०८१ कार्तिक ११ गते, तदनुसार 27th October, 2024 देखि सुचारु हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

हालको ठेगाना	हालको शाखा कार्यालयको नाम	स्थानान्तरण हुने ठेगाना	स्थानान्तरण पछि कायम रहने शाखा कार्यालयको नाम	स्थानान्तरण हुने मिति	सर्म्पक नं
रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका - ०९, चौराहा	बुटवल चौराहा	रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका - १०, योगिकुटी	बुटवल योगिकुटी	कार्तिक ११ गते, २०८१	०७१-५३२६२१, ०७१-५३२६०६
भोजपुर जिल्ला, भोजपुर नगरपालिका-०७, डाँडा गाउँ	भोजपुर	भोजपुर जिल्ला, भोजपुर नगरपालिका-०७, डाँडा गाउँ	भोजपुर	कार्तिक ११ गते, २०८१	०२९-४२०७१३, ०२९-४२०७१४

माथि उल्लेखित बुटवल चौराहा शाखाको लकरमा ग्राहक महानुभावहरुले कुनै टुटफुट हुने सामानहरु राख्नु भएको भएमा लकर सार्नु अगावै मिति २०८१ कार्तिक ८ गते बिहिबारका दिनसम्ममा साबिक शाखा कार्यालयबाट कार्यालय समय (बिहान १० बजेदेखि दिउसो ३ बजे) भित्र निकाल्नुहुन विनम्र अनुरोध गर्दछौ, अन्यथा लकर स्थानान्तरण गर्दा लकरमा भएका सामानहरुमा कुनै क्षति पुग्न गएमा बैंक जिम्मेवार नहुने कुरा यसै सूचना मार्फत यहाँहरुलाई जानकारी गराउँदछौं ।

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, कमलादी, काठमाण्डौं फोन नं. ०१-५९७१८७१

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
झापा भूमिगत जल सिंचाइ आयोजना
झापा

बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

सूचना प्रकाशित मितिः २०८१/०७/०६

प्रस्तुत बिषयमा यस कार्यालयबाट मितिः २०८१/०४/३१ मा प्रकाशित सूचना अनुसार यस झापा भूमिगत जल सिंचाइ आयोजनाको कार्यक्षेत्र भित्र विविध कार्यको लागि पेश हुन आएका बोलपत्रहरूको मिति २०८१/०५/३१ मा खोलिएको आर्थिक प्रस्तावको मूल्यांकन गर्दा न्युनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिन आएका तपसिल बमोजिमका बोलपत्रदाताहरूको बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

क्र.स	बोलपत्र नं.	कार्यको विवरण	छनौट भएको बोलपत्रदाता नाम र ठेगाना	कबोल रकम रु. (भ्याट र PS सहित)
१.	JGWIP/DTW-ELE/ NCB/ 05/2081/82	झापा जिल्लाको भद्रपुर न.पा र कचनाकबल गा.पा मा विद्युतीकरण कार्य	UKS Engineering Construction, Jaleshwor, Mahottari	१,०३,०५,१४६.५६
२.	JGWIP/DTW-PUMP/NCB/ 06/2081/82	झापा जिल्लाको भद्रपुर न.पा र कचनाकबल गा.पा मा पम्प जडान कार्य	GM Nirman Sewa, Dhangadi, Kailali	६५,९५,३४०.१५
३.	JGWIP/DTW/ NCB/ 07/2081/82	झापा जिल्लाको उत्तरी भाग (Pak–1) मा डिप ट्युववेल निर्माण र पम्प टेष्ट कार्य	Yuna Drilling Pvt. Ltd, Kirtipur-10, Kathmandu	७९,४२,२४६.७३
४.	JGWIP/DTW/ NCB/ 08/2081/82	झापा जिल्लाको उत्तरी भाग (Pak–2) मा डिप ट्युववेल निर्माण र पम्प टेष्ट कार्य	Asha Construction, Janaki GaPa-3, Bake	६९,८५,४०४.६७
५.	JGWIP/DTW/ NCB/ 09/2081/82	झापा जिल्लाको दक्षिण भाग (Pak–1) मा डिप ट्युववेल निर्माण र पम्प टेष्ट कार्य	Janakpur Construction and Tubewell Drilling Company Pvt.Ltd, Janakpurdhan-14, Dhanusa	५०,७७,२७६.१०
६.	JGWIP/DTW/ NCB/ 10/2081/82	झापा जिल्लाको दक्षिण भाग (Pak–2) मा डिप ट्युववेल निर्माण र पम्प टेष्ट कार्य	Janakpur Construction and Tubewell Drilling Company Pvt. Ltd, Janakpurdhan-14, Dhanusa	५०,०४,९९८.५९

आयोजना प्रमुख

संसदीय समितिहरू एक महिनादेखि ठप्प

विधायिकी कार्य अलपत्र परेपछि सभामुखले बोलाए सभापतिहरूको बैठक, छठपछि हिउँदे अधिवेशन बोलाउने तयारी, तर छैन बिजनेस



● **शेखर अधिकारी**, सभामुखका प्रेस सल्लाहकार

अब हाउस फेरि बिजनेसविहीन हुन सक्छ। समितिमा भएका विधेयकहरू अगाडि बढाएर हाउस खुल्दा आउने गरी तयारीका लागि ध्यानाकर्षण गराउन सभामुखले सभापति र प्रमुख सचेतकहरूलाई बोलाउनुभएको हो।



फाइल तस्बिर

कमलराज भट्ट/नयाँ पत्रिका

अधिवेशन नचलेकाले प्रधानमन्त्री विपक्षी दलहरू विभाजन गर्न अध्यादेश ल्याउने तयारीमा जुटेका छन्। विधायिकी जिम्मेवारी पाएका संसदीय समिति एक महिनादेखि ठप्प छन्। दसैं तलब र बाटोखर्च लिएर गाउँतिर लागेका सांसद धेरैजसो फर्किसकेका छन्।

संघीय संसद्को बर्खे अधिवेशन ३१ भदौमा अन्त्य भएसँगै विधायिकी कार्य रोकिएका छन्। अधिवेशन नरहेको वेला मिनी संसद्को रूपमा रहेका संसदीय समितिहरूले विधायिकी कार्यलाई अगाडि बढाउनुपर्नेमा चाडपर्व देखाएर पन्छिएका हुन्।

दसैंभन्दा दुई साता अगाडि नै तलब र दसैं पेस्की बुझेर जिल्ला निस्केका धेरैजसो सांसद काठमाडौं फर्के पनि विधायिकी काम सुरु गरेका छैनन्। संसद् सचिवालयको रेकर्डअनुसार असोज पहिलो साताय्ता संसदीय समितिको बैठक बसेको छैन। अहिले प्रतिनिधिसभाका समितिमा १५ र राष्ट्रिय सभाको समितिमा चार गरी संसदीय समितिमा १९ वटा विधेयक छन्।

कानुनमन्त्री अजय चौरसियाका अनुसार सरकारले छठपछि हिउँदे अधिवेशन बोलाउने तयारी गरेको छ। तर, हिउँदे अधिवेशनका लागि बिजनेस छैन। विधेयकहरू सबै समितिमा अड्किएका छन्। समिति सभापतिहरू बैठक बस्न कोरम नपुगेको बहाना देखाएर जिम्मेवारीबाट पन्छिरहेका छन्।

सदनमा बिजनेस नै अभाव हुने अवस्था आउने देखिएपछि सभामुख देवराज घिमिरेले मंगलबार समिति सभापतिहरूलाई छलफलमा बोलाएका छन्। सभापतिहरूका साथै संसद्मा प्रतिनिधित्व गर्ने राष्ट्रिय मान्यताप्राप्त दलका प्रमुख सचेतकलाई पनि बोलाइएको सभामुखका प्रेस सल्लाहकार शेखर अधिकारीले बताए।

अधिकारीका अनुसार सभामुख घिमिरेले राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडा, कानुन समिति सभापति विमला घिमिरे, पूर्वाधार समिति सभापति दीपक सिंह, उद्योग समिति सभापति अब्दुल खान, शिक्षा समिति सभापति अम्मरबहादुर थापा, अर्थ समिति सभापति सन्तोष चालिसेलाई बोलाएका छन्। साथै सत्तापक्षका मुख्य सचेतक महेश बर्तौला, काग्रेस प्रमुख सचेतक श्याम घिमिरे, माओवादीका हितराज पाण्डे, रास्वपाका सन्तोष परियार र राप्रपाका ज्ञानबहादुर शाहीलाई बोलाइएको छ।

'अब हाउस फेरि बिजनेसविहीन हुन सक्छ। समितिमा भएका विधेयकहरू अगाडि बढाएर हाउस खुल्दा आउने गरी तयारीका लागि ध्यानाकर्षण गराउन सभामुखले सभापति र प्रमुख सचेतकहरूलाई बोलाउनुभएको हो,' प्रेस सल्लाहकार अधिकारीले भने।

■ कुन समितिमा कति विधेयक ?

प्रतिनिधिसभाको समितिमा १५ विधेयक विचाराधीन छ। राज्य व्यवस्था समितिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, संघीय निजामती सेवा विधेयक छ।

कानुन समितिमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक छ। शिक्षा समितिमा विद्यालय शिक्षा विधेयक र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक छ। पूर्वाधार समितिमा विद्युत् विधेयक र जलस्रोत विधेयक छ।

अर्थ समितिमा भन्सार विधेयक, बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक, सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, धितोपत्रसम्बन्धी (पहिलो संशोधन) विधेयक र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक छ। उद्योग समितिमा विद्युतीय व्यापार विधेयक छ।

राष्ट्रिय सभामा चार विधेयक छन्। मिडिया काउन्सिल विधेयक, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, तिलगंगा नेत्र विश्वविद्यालय विधेयक र नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक विधायन व्यवस्थापन समितिमा विचाराधीन छन्।

संसद् सचिवालयका अनुसार ४ मंसिरको आमनिर्वाचनपछि संघीय संसद्को चारवटा अधिवेशन सम्पन्न भएका छन्। निर्वाचनपछि दुई वर्ष बित्दै लाग्दा संसद्ले १७ कानुन बनाएको छ। जसमा बजेटसम्बन्धी सातवटा नियमित छन्। बजेटबाहेक १० वटा मात्रै ऐन संसद्ले बनाएको छ।

संसद् सचिवालयका अनुसार चारमध्ये तीनवटा अधिवेशनमा बनेका ऐनमा विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने अर्थ विधेयक छन्। यसैगरी, मिटर ब्याजसम्बन्धी कानुन बनाउन मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, अनुगमन तथा मूल्यांकन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक र खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक छ।

३१ भदौमा अन्त्य भएको चौथो अर्थात् बर्खे अधिवेशनमा १० वटा विधेयक दुवै सभाबाट पारित भई ऐन बनेका छन्। संसद् सचिवालयका अनुसार आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक, भन्सार महसुस विधेयक पारित भई कानुन बनेको छ।

सुरक्षण मुद्रणसम्बन्धी विधेयक, अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक पनि दुवै सभाबाट पारित भएको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, नेपाल विश्वविद्यालय विधेयक र सार्वजनिक सेवा प्रसारण विधेयक पनि पारित भई ऐन बनेको छ।

बाढीले क्षति पुऱ्याएका शैक्षिक संस्था तत्काल पुनर्निर्माण नहुने

तिहारपछि जोखिमयुक्त विद्यालयमै पठनपाठन



शिवहरि घिमिरे/नयाँ पत्रिका

असोज दोस्रो साता (१०-१२ असोज) आएको बाढीले भत्काएका विद्यालय तथा शैक्षिक संस्था तत्काल पुनर्निर्माण नहुने भएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले क्षति पुगेका विद्यालय तथा शैक्षिक संस्था मर्मत एवं पुनर्निर्माण सुरसारै नगरेका कारण विद्यालय खुल्नुअघि बन्ने सम्भावना छैन।

बाढी-पहिरोले क्षति पुऱ्याएका अधिकांश जिल्लाका सरकारी विद्यालयमा तिहारको भाइटीका (१८ कात्तिक) सम्म बिदा दिइएको छ। यस हिसाबले १७ दिनपछि विद्यालय खुल्दा बालबालिकाले जीर्ण र जोखिमयुक्त विद्यालयमै बस्नु पर्नेछ। मन्त्रालयले ४ कात्तिकसम्म बाढी-पहिरो प्रभावित स्थानीय तहलाई क्षतिको मर्मत वा पुनर्निर्माणमा लाग्ने लागतसहित विवरण पठाउन निर्देशन दिएको छ। त्यसपछि मात्रै स्टिमेट र पुनर्निर्माण योजना बनाउने तयारी मन्त्रालयको छ।

मन्त्रालयका सूचना अधिकारी नारायणप्रसाद पोखरेलले लागत माग भएअनुसार स्टिमेट तयार गरिने बताए। उनले सबै विद्यालयमा पुगेको क्षति तत्काल मर्मत वा पुनर्निर्माण सम्भव नभएको पनि बताए। 'बाढीका कारण शैक्षिक संरचनामा ठुलो क्षति पुगेको छ, अहिलेसम्म कतै पनि मर्मत वा पुनर्निर्माण सुरु गरिएको छैन,' उनले भने, 'पालिकाहरूलाई ४ कात्तिकसम्म विवरण पठाउन भनेका छौं। त्यसपछि बल्ल मन्त्रालयले पुनर्निर्माण थाल्नेछ।' उनका अनुसार पालिकाबाट विवरण प्राप्त भएपछि उनीहरूले नै बनाउन सक्ने, प्रदेश सरकारले बनाउने र केन्द्र सरकारले बनाउनुपर्ने भौतिक संरचनाको टुंगो लाग्नेछ। सामान्य क्षति पुगेको विद्यालय पुनर्निर्माण स्थानीय तह आफैंले गर्नेछन्। तर, अधिकांश विद्यालयमा धेरै क्षति पुगेको छ।

पालिकाले मात्रै पुनर्निर्माण गर्न सक्ने अवस्था नदेखिएकै कारण मन्त्रालयले वर्गीकरण थालेको हो। बाढी-पहिरोका कारण शैक्षिक संरचनामा पाँच अर्बभन्दा बढीको क्षति पुगेको मन्त्रालयको प्रारम्भिक आकलन छ।

■ बाढी-पहिरोका कारण १८ विद्यार्थीले गुमाए ज्यान

बाढी-पहिरोमा परी १८ जना विद्यार्थीले ज्यान गुमाएका थिए भने देशभर दुई सयवटा विद्यालयमा क्षति पुगेको मन्त्रालयको अनुमान छ। यसमध्ये धेरै नै क्षति पुगेर पुनर्निर्माण हुनुपर्ने २४ वटा विद्यालय छन्। ती विद्यालयमा तिहारलगतै पठनपाठन गर्न सक्ने अवस्था नरहेको मन्त्रालयको भनाइ छ। तर, शैक्षिक गतिविधि सञ्चालनका लागि पालिकाले ठाउँ व्यवस्थापन गर्ने गरी तयारी थालिएको छ। बाढीका कारण सबैभन्दा बढी क्षति काभ्रेपलाञ्चोकका विद्यालयमा पुगेको मन्त्रालयले जनाएको छ। काभ्रेपलाञ्चोकको कालिकादेवी, नवज्योति सिमभञ्ज्याङ आधारभूत विद्यालय, पञ्चकन्या माध्यमिक विद्यालय, भुमेस्थान मावि, फुल्चोकी, बाल कल्याण, ग्रामोदय आवासीय विद्यालय, भालेश्वर मावि र कौशिक वैदिक गुरुकुल विद्यालयमा धेरै नै क्षति पुगेको छ।

यस्तै ललितपुरको ज्ञानज्योति आधारभूत विद्यालय, गणेश आवासीय विद्यालय, नागदह आवासीय विद्यालय, गोदावरीको जनविकास मावि, बुद्ध मावि बाडेगाउँ, हिमाली आवासीय विद्यालय, गोदावरी आवासीय विद्यालय भवनमा क्षति पुगेको छ। चितवनको मालपुर माविको एउटा भवन भत्किएको छ भने तनहुँको कालिकादेवी आवासीय विद्यालय, सुर्खेतको भगवती मावि र चन्द्रज्योति माविका दुई-दुईवटा भवन भत्किएका छन्।

संक्षेप

फर्कियो चिनियाँ कम्युनिस्ट पार्टीको प्रतिनिधिमण्डल



काठमाडौं/ चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)का केन्द्रीय सदस्य तथा छिङ्घाई प्रान्तका पार्टी महासचिब चेन गाङ नेतृत्वको प्रतिनिधिमण्डल सोमबार स्वदेश फर्केको छ। शनिबार काठमाडौं आएको प्रतिनिधिमण्डलले प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओली तथा पूर्वप्रधानमन्त्रीद्वय काग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेटवार्ता गरेको छ। चिनियाँ नेता गाङले आइतबार प्रमुख दलका दोस्रो पुस्ताका नेताहरूसँग चीनको आधुनिकीकरणबारे छलफलसमेत गरेका छन्। सिपिसी अन्तर्राष्ट्रिय विभागमा नेपाल डेस्क हेर्ने जेङ युया (नेपाली नाम सरला)सहित आएका गाङले चीनले नेपालका सबै दलहरूसँग सम्बन्ध अघि बढाएको र थप सुदृढ गर्ने बताए। आइतबार आयोजित अन्तर्क्रियामा गाङले तीन महिनाअघि चिनियाँ कम्युस्टि पार्टीको २०औं केन्द्रीय समितिको तेस्रो सत्रले चीनलाई थप आधुनिकीकरणतर्फ लैजाने निर्णय गरेको र त्यो अर्थपूर्ण रहेको सुनाए।

नेपालमा अन्तर्राष्ट्रिय वैज्ञानिक सम्मेलन हुँदै

काठमाडौं/ आगामी ९-११ कात्तिकसम्म काठमाडौंमा अन्तर्राष्ट्रिय वैज्ञानिक सम्मेलन आयोजना हुने भएको छ। नेपाल मेटेरियल्स साइन्स सोसाइटीको आयोजना तथा सुदूरपश्चिम विश्वविद्यालय र त्रिवि विश्वविद्यालयको अप्लाइड साइन्स, केमिकल इन्जिनियरिङ विभागको सहआयोजनामा होटेल हिमालयमा सम्मेलन आयोजना हुने भएको हो। सम्मेलनमा वैज्ञानिक, प्राध्यापक, अनुसन्धानकर्ता र विद्यार्थीले विज्ञान प्रविधि तथा अविष्कारको क्षेत्रमा भए गरेका गतिविधि र कामकारबाहीबारे छलफल गर्नेछन्। सोमबार आयोजित पत्रकार सम्मेलनमा आयोजक कमिटीका संरक्षक डा. देवलप्रसाद भट्टराईले यो सम्मेलनले वैज्ञानिकहरूलाई भेला पारेर आ-आफ्ना उपलब्धि र अनुभव साटासाट गर्न लागिएको जानकारी दिए। उनका अनुसार सम्मेलनमा चीन, भारत, मलेसिया, इन्डोनेसिया, जापान, अमेरिकालगायत १५ देशका वैज्ञानिकको सहभागिता रहनेछ। सम्मेलनमा मुख्यतः वातारण र ऊर्जा क्षेत्रको विषयमा बढी छलफल हुनेछ।

आगामी वर्षदेखि नेपाली र अंग्रेजी भाषामा प्रश्नपत्र

काठमाडौं/ त्रिभुवन विश्वविद्यालयले आगामी वर्षदेखि लागू हुने गरी सबै संकायहरूको स्नातक तहका प्रश्नपत्र नेपाली र अंग्रेजी भाषामा तयार गर्ने भएको छ। वार्षिक परीक्षा प्रणालीअनुसार नै त्रिविले अंग्रेजी र नेपाली दुवै भाषामा प्रश्न सोध्ने निर्णय गरेको छ। आगामी प्रथम वर्षको परीक्षादेखि अनिवार्य रूपमा यो नियम लागू हुनेछ। शिक्षामन्त्री विद्या भट्टराईले सामाजिक सञ्जालमार्फत यसबारे जानकारी गराएकी छन्। क्रमशः दोस्रो, तेस्रो र चौथो वर्षमा समेत लागु गर्ने भनी १५ चैत ०८० मा त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद् स्थायी समितिले निर्णय गरेको थियो। त्रिविले पहिलो चरणमा हाललाई शिक्षाशास्त्र मानविकी व्यवस्थापन र कानुन संकायको स्नातक तहको प्रश्नपत्र नेपाली र अंग्रेजी दुवै भाषामा सोध्नेछ।

नेसपाको प्रथम विधान अधिवेशन पोखरामा

कास्की/ नेपाल समाजवादी पार्टीको प्रथम विधान महाधिवेशन सोमबारदेखि पोखरामा सुरु हुँदै छ। पोखरा सभागृहमा हुने अधिवेशन मंगलबारसम्म चल्नेछ। पार्टीका केन्द्रीय संयोजकसमेत रहेका डा. बाबुराम भट्टराईले अधिवेशनमा राजनीतिक प्रतिवेदनसँगै पार्टीको विधान र घोषणापत्र पेस हुने र सहभागी प्रतिनिधिहरूले दुई दिन छलफल गरी केही परिवर्तन गरेर पारित गर्ने जानकारी दिए। माओवादी पार्टी परित्याग गरी वैकल्पिक राजनीति शक्तिको अभ्यासको थालनी गरेका उनले ३० जेठ ०७३ मा नयाँ शक्ति नेपाल पार्टी घोषणा गरेका थिए। त्यसकै निरन्तरतामा एकता, संघर्ष र रूपान्तरणको प्रक्रियामा जाँदै परिवर्तित रूप नेपाल समाजवादी पार्टी २९ असार ०७९ मा स्थापना भएको भट्टराईले बताए। स्थापनादेखि हालसम्म पार्टीले जुन रूपमा आकार र आफ्नो काम देखाउनुपर्ने हो त्यसमा अपेक्षा गरेअनुसार सफलता हात नलागे पनि अब आफूहरूले वैकल्पिक राजनीति शक्ति कस्तो हुन्छ भनेर देखाउने दाबी गरे।

प्रहरीमा चार हजार पद रिक्त

नयाँ पत्रिका

समयमा वृत्ति विकास हुन नसक्दा प्रहरीमा रिक्त पदको संख्या चार हजार नाघेको छ। प्रहरीमा इन्सपेक्टर र त्योभन्दा माथिल्लो तहमा मात्र एक सय ५४ पद रिक्त छन्। गृह मन्त्रालयले आइतबार दुई डिआइजीलाई एआइजीमा बढुवा सिफारिस गरे पनि तल्लो तहमा तत्काल बढुवा हुने सम्भावना न्यून छ। हाल प्रशासनतर्फ एक एआइजी, चार डिआइजी, १२ एसएसपी, १२ एसपी, ३७ डिएसपी र २८ इन्सपेक्टर पद रिक्त छन्। प्राविधिकतर्फ एक एआइजी, दुई डिआइजी, १६ एसएसपी, १४ एसपी, ३८ डिएसपी र ६४ इन्सपेक्टरको पद रिक्त छ।

कतिपय पद महिनौंदेखि रिक्त भए पनि बढुवा हुन सकेको छैन। प्रशासनतर्फको एक एआइजी र एक डिआइजीमा भने आइतबार सिफारिस भएको छ। प्रशासनतर्फ किरण राणा र प्राविधिक (चिकित्सक)तर्फ डा. सुन्दरकुमार होजूको बढुवा सिफारिस भएको हो।

नयाँ आर्थिक वर्ष सुरु भएपछि प्रहरीमा २१ असोजसम्म कार्यसम्पादन मूल्यांकनको फाराम बुझाउने अवधि हुने भएकाले बढुवा गर्न समस्या हुने गरेको छ। तर, त्यो अवधि पुगेपछि पनि बढुवामा सधैं विलम्ब हुँदै आएको छ। यो वर्ष पनि त्यस्तै समस्या देखिएको छ। एआइजीमा बढुवा सिफारिस भए पनि तल्लो तहमा तत्काल बढुवा अघि बढ्ने सम्भावना नदेखिएको गृह मन्त्रालय स्रोत बताउँछ। प्रहरीको तल्लो तहमा पनि ठूलो संख्यामा पद रिक्त छ। प्रशासनतर्फ वरिष्ठ नायब निरीक्षकमा ३०, प्रहरी नायब निरीक्षकमा एक सय ११, प्रहरी सहनायक निरीक्षकमा दुई सय ९१, प्रहरी वरिष्ठ हवल्दारमा एक सय ५५, प्रहरी हवल्दारमा एक सय १०, प्रहरी सहायक हवल्दारमा ३४, प्रहरी जवानमा दुई हजार पाँच सय ९२ तथा कार्यालय सहयोगीमा ४८ पद रिक्त छन्।

■ वरीयता मिचेर एआइजी बढुवा सिफारिस



डिआइजी किरण राणा

अवकाश हुने वेला सेवासुविधा बढाउन वरीयता मिचेर डिआइजी किरण राणालाई एआइजीमा बढुवा सिफारिस गरिएको छ। आइतबार बसेको बढुवा सिफारिस समितिले एआइजीमा बढुवा सिफारिस भएकी एआइजी राणाले १६ कात्तिकदेखि अवकाश पाउँदै छिन्। बढुवा सिफारिस गरेको एक सातापछि मात्र बढुवा गर्न मिल्ने भएकाले राणा बढीमा चार दिनका लागि एआइजी हुनेछिन्। सिफारिस भएको एक साताभित्र उजुरी गर्न समय हुने भएकाले त्यसपछि मात्र बढुवा गर्नुपर्ने हुन्छ। एआइजीको बढुवा मन्त्रिपरिषद् बाटै गर्नुपर्ने भएकाले एक साता पुगेलगत्तै बढुवा हुने सम्भावना नहुने भएकाले फुली लगाएलगत्तै राणाले अवकाश पाउनेछिन्। वरिष्ठताको वरीयताअनुसार दुर्गा सिंह र बुद्धिराज गुरुङ हुने भएपछि मिचेर अवकाशपछि सुविधा बढाउनकै लागि राणाको बढुवा गरिएको प्रहरी स्रोत बताउँछ।

प्राविधिकतर्फ वरिष्ठ नायब निरीक्षकमा १७, प्रहरी नायब निरीक्षकमा ३०, प्रहरी सहायक निरीक्षकमा ९६, प्रहरी वरिष्ठ हवल्दारमा ३६, प्रहरी हवल्दारमा एक सय ३२, प्रहरी सहायक हवल्दारमा एक सय दुई र प्रहरी जवानमा एक सय १८ पद रिक्त छन्। रिक्त पदमा बढुवा तथा नयाँ भर्नामार्फत पदपूर्तिको तयारी भइरहेको प्रहरी प्रवक्ता डिआइजी दानबहादुर कार्कीले बताए।

■ गण्डकी सरकारले पायो पूर्णता, महिलालाई उपेक्षा



कास्की/ पाँचौंपटकको विस्तारपछि गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषद्ले पूर्णता पाएको छ। नौ सदस्यीय मन्त्रिपरिषद् रहेको गण्डकीमा यसअघि आठजना नियुक्त भइसकेका थिए। एक मन्त्रालयमा मन्त्री नियुक्त गर्न बाँकी थियो। सोमबार मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले लमजुङबाट निर्वाचित भेषबहादुर पौडेललाई मन्त्री नियुक्त गर्दै मन्त्रिपरिषद्लाई पूर्णता दिएका हुन्। पौडेललाई वन तथा वातावरण मन्त्रालयको जिम्मा दिइएको छ। यसअघि १७ भदौमा एमाले सरकारमा सहभागी भएसँगै मन्त्रालय मिलान गर्नेक्रममा मनाङ १ (ख)बाट स्वतन्त्र निर्वाचित तत्कालीन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री राजीव गुरुङ (दीपक मनाङे)लाई वन तथा वातावरण मन्त्रालयको जिम्मा दिइएको थियो। उनले असन्तुष्ट जनाउँदै दिइएको मन्त्रालय अस्वीकार गर्दै सोही दिन राजीनामा दिएका थिए। गुरुङको राजीनामापछि रिक्त रहेको मन्त्रालयमा ५०औं दिनमा मुख्यमन्त्री पाण्डेले पौडेललाई मन्त्री नियुक्त गरेका हुन्। गण्डकीमा पहिलो र दोस्रो कार्यकालमा गरी तीनपटक काग्रेसले सरकारको नेतृत्व सम्हाल्ने अवसर पाएको छ। हाल नौ सदस्यीय मन्त्रिपरिषद् पाँचजना काग्रेसका मन्त्री छन्। उनीहरू सबै पुरुष हुन्। काग्रेसका २७ मध्ये १८ जना पुरुष र नौजना महिला सांसद छन्। पहिलो कार्यकालमा काग्रेसका कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री रहँदा गण्डकीमा १२ सदस्यीय मन्त्रिपरिषद् थियो। काग्रेसका सातजना सबैजना पुरुष मात्र थिए।

पतिको किरिया बसेकी वसन्तालाई नवजात शिशु जोगाउन कष्ट

गुल्मीमा **टोपलाल अर्याल**

जाडो मौसम। सुत्केरो ज्यान। कोराको सेतो कपडाले हावा छेक्दैन। मदाने गाउँपालिका- ७ भनभनेकी वसन्ता घर्तीले मुस्किलले ज्यान बचाएकी छिन्। उनलाई आफ्नो ज्यानभन्दा काखको सन्तानको माया छ। सामान्य अवस्था भएको भए उनी यतिवेला तातो र पोषिलो खाएर आराम गरिरहेकी हुन्थिन्। तर, अहिले सुत्केरी अवस्थामा पति वियोगको पीडामाथि किरियाको कष्ट झेलिरहेकी छिन्।

पोषिलो खानपान नभएपछि दुध आएन, जसकारण कोखकी छोरीको भोक मेट्न सकिनन्। ११ दिनदेखि किरिया बस्दै आएकी उनले अहिले छिमेकीले नवजात शिशुलाई भैंसीको दुध खुवाउने गरेको सुनाइन्। 'पीडाले भोक र प्यास छैन। सामाजिक रीत मान्नै पऱ्यो। कोराभित्र कष्ट लुकाउन बाध्य छु,' उनले भनिन्। २४ असोजमा वसन्ताका ३४ वर्षीय पति ऋषिबहादुर घर्तीको हृदयघातको कारण ज्यान गयो। पतिको निधन हुँदा उनी ४० दिनको सुत्केरी थिइन्। पीडाले उभिन सकिनन्। तर, किरियाकर्म नगर्नुको विकल्प रहेन। अहिले वसन्ता र ११ वर्षीया छोरीले किरिया गरिरहेका छन्।



वसन्ताले छोरी जन्माउँदाको प्रसव पीडा भुल्न पाएकी थिइनन्। उनले गुल्मी अस्पताल तम्घासमा दुई दिन प्रसव पीडा खेपेर १२ भदौमा छोरी जन्माइन्। घर फर्किएपछि पनि घर्तीको ज्यानले आराम र पोषिलो त पाएन नै, त्यसमाथि अहिले थपिएको पति वियोग र किरियाको पीडाले झन् कष्ट दिएको छ। 'अस्पतालमा प्रसव पीडा खेपेर बाँचैं। घरमुली गुमाएपछि सहारा टुट्यो,' उनले भनिन्।

ऋषिबहादुरको मृत्युपछि वसन्तासँगै ११ वर्षीया छोरी रञ्जिता, सात वर्षीया रजिना र ५२ दिनकी शिशुको बिचल्ली भएको छ। दमको रोगले ६ महिनाअगाडि वसन्ताकी सासूआमा छमकली घर्तीको मृत्यु भएको थियो। पत्नी र छोराको पीडाले ७५ वर्षीय ससुरा भीमबहादुर घर्ती विक्षिप्त छन्। वसन्तालाई अहिलेको पीडासँगै घर, वृद्ध ससुरासँगै भोलिको चिन्ताले पिरोलेको छ।

६ महिनाअघि आमाको निधनमा पनि स्थानीयले किरिया उम्काएका थिए। वसन्ता सुत्केरी हुँदा पनि खर्च थिएन। अहिले ऋषिको मृत्युपछि पनि सबै मिलेर सहयोग गर्नुको विकल्प नभएको उनका भिनाजु रामु घर्तीले बताए। रुखो बारी र शिर ओत्ने घरबाहेक अर्थोपार्जनको उपाय केही नभएकाले सहयोग गर्न घर्तीले आग्रह गरे। 'दैवले देख्ने गरिब मात्र रहेछ। ६ महिनाको फरकमा आमाछोराको मृत्यु भयो। चिसोमा सुत्केरी र छोराछोरीको अवस्था देख्दा मन थामिन्न,' उनले भने, 'यो दुःखमा सबै जुटेर केही गरौं।' मदाने गाउँपालिकाले आवश्यकताका आधारमा सहयोग गर्ने उपाध्यक्ष सरिता खड्काले बताइन्।

गरिबी कति यथार्थ र कति मनोविज्ञान ?

नागरिकको 'स्वऋण'मार्फत जीवनस्तर उकास्न सक्ने सम्भावना सम्पूर्ण देशमाथि अझ सशक्त रूपले लागू हुन सक्छ



● प्रा. शिव गौतम

अग्रलेख

मूल आशय : यस लेखमा एउटा लुकेको र झट्ट नदेखिने धनराशिको स्रोतलाई प्रकाशमा ल्याउने जमर्को गर्दै, सो अथाह धनराशिको सदुपयोगले राष्ट्र र नागरिक दुवैलाई गरिबीबाट सम्पन्नतातिर सजिलै लान सक्ने सम्भावनातिर औंल्याइएको छ ।

सन्दर्भ : नेपाल संसारकै गरिब मुलुकमध्ये एक हो भन्ने कुरा बारम्बार भनिन्छ, सुनिन्छ, सोचिन्छ अनि देशहरूको तुलनात्मक तालिकामा बारम्बार देखिन्छ, भेटिन्छ । देशको गरिबी स्वतः त्यहाँका नागरिकको गरिबीमा अनूदित नहुने कुरै भएन ।

सन्दर्भवश, सबैभन्दा पहिले थोरैभन्दा थोरै शब्दमा भन्नुपर्दा गरिबी भनेको के होला ? कुरा नचपाई सीधै भन्नुपर्दा पैसा नहुनु अथवा धनको अभावको अवस्थालाई गरिबी भन्न सकिन्छ । साहित्यकार, दार्शनिक, अर्थशास्त्री, समाजशास्त्री आदिले, विभिन्न दृष्टिकोणले गरिबी वा सम्पन्नताका बेग्लाबेग्लै खालका परिभाषा देलान् । जस्तै, 'मनको धनी पो धनी', 'हातको मैला, सुनको थैला, के गर्नु धनले' जस्ता सुन्दर, मिठा र भावनात्मक अभिव्यक्ति आआफ्ना ठाउँमा सही होलान् । तर, त्यसरी परिभाषित धनले भोका भुँडीको भोक र तिर्खाएका घाँटीको प्यास मेट्दैन । अहिले त दैनिक बिदेसिनेको लर्कोले र खाली हुँदै गइरहेका बस्तीले समेत नबोली-नाबोलीकनै नेपालको विपन्नताको परिभाषा बोलिरहेका छन्, बताइरहेका छन् ।

अर्कातिर, आवश्यक पर्ने सबै सरसामान, शिक्षादीक्षा, ओखतीमुलो आदिको चिन्ता गर्नु नपर्ने र सहज रूपले जीवनयापन गर्न सक्ने अवस्था वास्तवमा गरिबीबाट मुक्त अवस्था हो भन्न मिल्छ कि ?

गरिबीको सायद अर्को पनि एउटा आयाम छ । र, त्यो हो- मनोवैज्ञानिक आयाम । बाकसका बाकस पैसा भएका तर एक रुपैयाँ पनि खर्च गर्ने आँट नगरी, सम्पूर्ण जीवन गरिबीमै व्यतीत गरेका कतिपय त्यस्ता व्यक्ति होलान् । प्रशस्त धनसम्पत्ति भए पनि त्यस्ता मानिस कोही छ भने ती वास्तवमा गरिब नै हुन्छन् । तिनले भएको पैसा र धनसम्पत्तिले आफूलाई आवश्यक पर्ने कुरा जुटाउन चाहिने आफैंसँग भएको त्यो धन-सम्पत्ति वा पैसा देख्दैनन् अनि त्यो पैसा खर्च गरेर किन्न सक्दैनन् ।


यस लेखमा नेपालमा विद्यमान गरिबीको अन्त्य गर्न आफूसँग भइराखेको एउटा अनन्त धनराशिको ढुकुटीतिर ईंगित गरिएको छ । तर, त्यो अथाह धनराशि र गरिबीबिच एउटा तगारो छ, र त्यो हो हाम्रो मनोविज्ञान अनि हाम्रो आँट । प्रसंगवश कुरो उठेको हुनाले अलिकति त्यस्तो खाले मनोविज्ञान र आँटबारे पनि चर्चा गरौं ।

आफ्नै सम्पत्ति खर्च गर्न नदिने मनोविज्ञान : यो मनोविज्ञान भन्ने पनि बडो गजबको कुरो हुने रहेछ । अलेक्जेन्डर महान् भन्ने गर्थे अरे, 'भेडाले नेतृत्व गरेका सिंहहरूको सेनासँग युद्ध गर्न मलाई डर लाग्दैन । तर, सिंहले नेतृत्व गरेको भेडाहरूको सेनासँग युद्ध गर्दा भने मलाई असाध्यै डर लाग्छ ।'

कुनै वेला समाजमा सती प्रथा थियो । महिलाको दिमागमा एउटा विश्वास, एउटा आस्था यस्तरी बसेको या बसाइएको थियो कि उनीहरू आफ्ना श्रीमान्को मृत्युपछि सँगै चितामा जल्न अनि बल्न तयार हुन्थे । पछि अंग्रेजहरू भारतमा आएपछि उनीहरूले यो प्रथा बन्द गर्न खोजे । त्यसवेलाका विद्वान्, दार्शनिक, पण्डित तथा सामाजिक अगुवा प्रायः सबैले यस कुराको विरोध गरे । उनीहरूले त्यो आपराधिक चलन नभएको समाजबारे सोच्न सक्ने कुरै थिएन, त्यो जमानामा बसेर ।

यहाँ चर्चा गर्न लागिएको सम्पत्तिको कुरा पनि कतिपयलाई पत्याउनै नसकिने वा सोच्ने नसकिने हुन सक्छ । किनभने यहाँ ईंगित गर्न लागिएको त्यो सम्पत्ति भविष्यमा छ र त्यो भविष्यको सम्पत्तिलाई अहिले वर्तमानमा ल्याएर उपभोग र उपयोग गर्ने कुरा असोचनीय हुन सक्छ ।

भविष्यमा गएर धनसम्पत्तिको कुम्लो ल्याएर अहिले वर्तमानका आवश्यकता परिपूर्ति गर्ने कुरा सुन्दा 'साइन्स फिक्सन'हरूमा वर्णन गरिएका समय यात्रा वा टाइम ट्राभलका कुराजस्ता लाग्न सक्छन् । तर, कुनै जमानामा साइन्स फिक्सन लाग्ने कुराहरू अहिले साधारण लाग्छन् र हामी तिनमा अभ्यस्त भइसकेका छौं । जस्तै, संसारको दुई विपरीत कुनामा भए पनि, त्यही अगाडि बसेर कुरा गराउन सक्ने हातेफोन वा मोबाइल, बितेका



जमानाका लागि त्यस्तै साइन्स फिक्सनका कुरा हुन्थे होला । यस्ता उदाहरण कति होलान् कति !

अब फेरि भविष्यको त्यो अदृश्य धन र त्यसको वर्तमानमा सदुपयोगको सम्भावनाको छलफललाई अलिक अघि बढाऔं ।

स्वऋण– भविष्यको धन वर्तमानमा ल्याउने व्यवस्था : भविष्यमा गएर, त्यहाँबाट पैसा ल्याएर वर्तमानमा कसरी खर्च गर्ने भन्ने कुरो स्वतः आउँछ । यो अवधारणालाई अझ प्रस्ट पार्दा यहाँ आफूले आफ्नै भविष्यसँग ऋण लिने कुरा गरेको हो । यसलाई शब्दको अभावमा 'स्वऋण' भन्दा हुन्छ होला, सायद । यसो झट्ट सुन्दा 'ऋण' एउटा नकारात्मक शब्दजस्तो सुनिन्छ र त्यसका जायज कारण पनि छन् । पुरानो जमानामा 'ऋण' दिनेको मनोविज्ञानले आफूलाई मालिक ठान्थ्यो, अनि ऋण लिनेको मनोविज्ञानले आफूलाई दास । लिएको ऋणको ब्याज तिर्दातिर्दा ऋण लिनेको उठीवाससमेत हुने गर्थ्यो । पुस्तौंपुस्ताले त्यो ब्याज तिरिरहेका पनि हुन्थे, दासत्व खेपिरहेका हुन्थे ।

आधुनिक युगमा, बैंक वा वित्तीय संस्थाबाट लिइने ऋणको सन्दर्भमा त्यस्तो मालिक र दासको मनोविज्ञान त हुँदैन, तैपनि ऋणको एक प्रकारको मनोवैज्ञानिक बोझ वा असर त भइराखेकै हुन्छ । तर, आफूले स्वयंबाट लिने ऋणको सन्दर्भमा कुनै साहु, मालिक, वित्तीय संस्था हुँदैन र पारम्परिक ऋणको मनोवैज्ञानिक बोझ पनि हुँदैन । यो त एक प्रकारले आफ्नो एउटा गोजीबाट पैसा झिकेर अर्को गोजीमा सारेजस्तै हो भन्दा पनि एक प्रकारले ठिकै होला ।

> देशले आफूले आफैंसँग लिएका ऋणले ठुल्ठुला काम गर्न, विकासका योजना सञ्चालन गर्न र आफ्ना नागरिकलाई अनेक प्रकारका रोजगारीका अवसर सिर्जना गर्न सहजै सक्छ

यसरी यो स्वऋण ऋण नै होइन, त्यो त आफ्नै पैसा हो भन्न सकिन्छ । तर, यसले काम भने अर्कै बाह्य स्रोतबाट आएको नयाँ आम्दानी भएसरह अनुभूति दिनेछ र त्यसैअनुसार काम गर्नेछ, जसले गर्दा व्यक्तिको जीवनस्तर उचाल्न ठुलो मद्दत पुग्न सक्छ ।

यसरी आफ्नै पैसा हुँदाहुँदै पनि बाहिरबाट आएको नयाँ आम्दानीको अनुभूत हुने अवस्थाको एउटा कुरा अर्थशास्त्रका साथीहरूले पनि गर्थे । उनीहरू त्यसलाई 'कन्जुमर सरप्लस' भन्थे, जसअनुसार कहिलेकाहीं कुनै चिज किन्दा आफूले मनमा सोचेकोभन्दा सस्तो दाममा पाउँदा उब्रिएको पैसा अन्तैबाट आम्दानी भएजस्तो अनुभव हुन सक्छ अरे । तर, वास्तवमा त्यो कुनै नयाँ स्रोतबाट आएको पैसा होइन, आफ्नै पैसा जोगिँदा पनि त्यस्तो मनमा लागेको मात्र हो ।

अब भविष्यमा थुप्रै पैसा आउने ग्यारेन्टी कसले गर्ने, कसरी गर्ने भन्ने कुरो पनि आउला । तर, सरकार, समाज, सामाजिक अभियन्ताहरूले त्यति जुक्ति ननिकाल्लान् र ? देश र समाज चलाउने प्रबन्धकका मस्तिष्कसँग त्यस्ता अनेकौं उपाय नहोलान् र ? खालि एउटा सानो उदाहरणका लागि मात्र, काम गर्न सक्ने सबैलाई यथोचित जागिर दिएर त्यहीअनुसारको मासिक तलब दिइराखे के हुन्छ ? त्यसै भत्ता दिने भनेको होइन, कामसमेतको दामको कुरा गरेको हो ।

अदृश्य धनको ढुकुटी र त्यसमा राष्ट्रको पहुँच : अहिलेसम्म व्यक्तिको सन्दर्भमा मात्र, भविष्यमा कमाइने धनलाई वर्तमानका आवश्यकता परिपूर्तिका लागि उपयोग गर्न सकिन्छ कि भन्ने एउटा सोच प्रस्ताव गरिएको थियो । त्यस्ता वर्तमानका आवश्यकतामा बस्नलाई घर, यताउति गर्न गाडी, लुगा कपडा । छोराछोरीलाई शिक्षादीक्षा आदि पर्न सक्छन् ।

माथि चर्चा गरिएको नागरिकको स्वऋण'मार्फत जीवनस्तर उचाल्न सक्ने सम्भावना सम्पूर्ण देशमाथि अझ सशक्त रूपले लागू हुन सक्छ । किनभने, पहिलो कुरा, देश भनेको त्यहाँका नागरिकको एउटा सामूहिक घर हो । अनि अर्को कुरा, एउटा नागरिकको आयु अनि उसको भविष्य सीमित हुन्छ । तर, देशको भविष्य असीमितजस्तै नै हुन्छ । अनि देशले सधैं निरन्तर आफैंबाट ऋण (स्वऋण) अटुट रूपमा लिइरहन सक्छ । यसरी हेर्दा देशले त त्यो ऋण आफैंलाई खासै तिरिराख्नुपर्ने पनि देखिँदैन । यसरी देशले आफूले आफैंसँग लिएका ऋणले ठुल्ठुला काम गर्न सक्छ, विकासका योजना सञ्चालन गर्न सक्छ अनि आफ्ना नागरिकलाई अनेक प्रकारका रोजगारीका अवसर सिर्जना गर्न सहजै सक्छ । अनि यसरी रोजगारी पाउने नागरिकले भविष्यमा हुने कमाइबाट स्वऋणमार्फत वर्तमानमा आफ्नो जीवनस्तर सजिलै उचाल्न सक्छन् । अनि फेरि राष्ट्रले पनि यस्ता नागरिकबाट कर उठाएर वा ऋण मागेर राष्ट्रको ढुकुटी अझ बलियो बनाउन सक्छ । यी सबै कुरा गर्दा कुनै न कुनै वित्तीय अनुशासनभित्रै बसेर गर्नुपर्ने हुन्छ । भविष्यकै कुरा गर्दा, भविष्यका सबैभन्दा शक्तिशाली राष्ट्रमध्ये दुई राष्ट्र भारत र चीन दुवैसँग नेपालको भौगोलिक, सांस्कृतिक अनि ऐतिहासिक सामीप्यलाई कुनै प्रकारले समायोजन गरेर यो भविष्यको धनको ढुकुटी अझ दरिलो भरिलो पार्ने युक्ति अपनाउन सके झन् सुनमा सुगन्ध थपिने थियो होला ।

यसरी आफ्नो भविष्यको पैसा आफैंले ऋण लिएर त्यसबाट व्यक्ति र राष्ट्र दुवै एक-अर्काका परिपूरक हुँदै समन्वयात्मक रूपले आर्थिक सम्पन्नतातिर अग्रसर हुन सक्नेछन् ।

(प्रा. गौतम अमेरिकाको फ्लोरिडा विश्वविद्यालयमा प्राध्यापनरत छन् ।)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **डम्बर खतिवडा**लाई



सरकारको 'हनिमुन पिरियड'को कसरी मूल्यांकन गर्नुहुन्छ ?

यस अवधिमा देशमा एकथान सरकार छ भन्ने भयो । देश सरकारविहीन रहेन भन्नेबाहेक केही अनुभूत हुन सकेन । आर्थिक हिसाबले हेर्दा देशको आर्थिक असन्तुलनको अवस्था यथावत् छ । यसै अवधिमा सार्वजनिक ऋण खर्बभन्दा बढी थपिएको छ । बाढीपहिरोले देश र जनता थिल्थिलो हुँदा पीडितले उद्धार र राहतसम्म पाउन सकेनन् । जनताको दसैं खल्लो रूपमै बित्यो । सहकारी ठगीको विषयमा अनुसन्धानका नाममा रवि लामिछाने समातिएका छन् । तर, छानबिन समितिले देखाएका बाँकी अनियमितताका के हुन्छ ? अनियमितताका संलग्नलाई समातेर जेल हाल्दैमा पीडितको बचत फिर्ता हुँदैन । पीडित सर्वसाधारणको बचत फिर्ता कसरी गराउने भन्ने विषयमा सरकारले कुनै नीतिगत निर्णय गर्न सकेको छैन । अनि, यस्तो सरकारको मूल्यांकन कसरी गर्नु ?

दुई ठुला दलले शक्तिशाली सरकार चलाएको आभास भएको छ त ?

सरकार बलियो र कमजोर भन्नु भ्रम मात्र हो । संसद्को अंकगणितका आधारमा सरकारलाई शक्तिशाली या कमजोर भन्न मिल्दैन । आखिर जतिसुकै बलियो अंकगणित साथमा भए पनि एउटा कुनै 'पार्टनर'ले साथ छोडिदियो भने त्यो सरकार तासको घरझैं गर्ल्यामगुर्लुम ढलिहाल्दो रहेछ । अहिलेको सरकार पनि कांग्रेसले काँध थापुन्जेल शक्तिशाली देखिने न हो । त्यसैले, सरकार कति शक्तिशाली भन्ने सत्ताका पार्टनर दलहरूबीच आपसमा कति विश्वास छ भन्नेमा भर पर्छ ।

विश्वासको मत लिँदा सार्वजनिक गरिएका सात बुँदा कार्यान्वयनको स्थिति कस्तो देख्नुहुन्छ ?

सातमध्ये अधिकांश बुँदा दैनिक कार्य सञ्चालनसित सम्बन्धित थिए । त्यसैले, ती कार्यान्वयन भए या भएनन् भन्नेले अर्थ राख्दैन । मुख्य बुँदा भनेको संविधान संशोधन हो । सरकार त्यसमा प्रवेश गरेकै छैन र गर्ने चाहना पनि देखिन्न ।

प्रेरक प्रसंग

मन्डेला र जेलर

रंगभेदविरोधी अश्वेत नेता नेल्सन मन्डेला भखरै दक्षिण अफ्रिकाका राष्ट्रपति बनेका थिए । एकदिन उनी खाना खान सुरक्षाकर्मीसहित एउटा रेस्टुरेन्टमा पुगे । उनीहरू सबैले आआफ्ना रुचिअनुसारका खाना अर्डर गरेर खानाको प्रतीक्षामा बसे ।

मन्डेलाको कुर्सीनजिकै अर्का एकजना व्यक्ति पनि खानाको प्रतीक्षामा देखिन्थे । तिनलाई देखेर मन्डेलाले आफ्ना सुरक्षाकर्मीलाई ती व्यक्तिलाई पनि आफ्नै टेबलमा बोलाउन लगाए । एकैछिनमा खाना आइपुग्यो । सबैजना चुपचाप खाना खान थाले ।

मन्डेलाको टेबलमा आमन्त्रित व्यक्ति पनि चुपचाप खान थाले । तर, खाना खाँदा उनका हात र शरीर काँपिरहेका थिए ! निधारबाट चिटचिट पसिना बगिरहेको थियो । छिटोछिटो खाना खाइसकेर ती व्यक्ति शिर झुकाएर फटाफट होटेलबाट बाहिरिए ।

उनी गइसकेपछि सुरक्षा अधिकारीले मन्डेलालाई भने- महामहिम, भखरै यहाँबाट गएका व्यक्ति धेरै बिरामी देखिन्थे । खाना खाने समयमा पनि उनका हात र शरीर लगातार काँपिरहेका थिए ! पसिना पनि आइरहेको थियो । साह्रै आत्तिएका देखिन्थे ।



मन्डेलाले भने- तपाईंले भनेजस्तो ती बिरामी थिएनन् । यथार्थमा उनी मलाई जुन जेलमा बन्दी बनाएर राखिएको थियो, त्यही जेलका जेलर थिए । जब उनी मलाई यातना दिन्थे, म वेदना सहन नसकेर चिच्याई-चिच्याई पानी माग्थें, तब तिनले मेरो मुखमा पिसाब गरिदिन्थे । अहिले म देशको राष्ट्रपति छु । सायद उनलाई लाग्यो होला, उनको साथमा पनि मैले त्यस्तै व्यवहार गर्नेछु । बदलाको भावनाले काम गर्दा विकास होइन, विनाश हुन्छ भन्ने मलाई राम्रो ज्ञान छ । त्यसैले, प्रतिशोधले होइन, मेलमिलाप र सहकार्यबाट अघि बढ्न सकेको खण्डमा मात्र देशको विकास र समृद्धि सम्भव छ । त्यसैले, म कसैसित पनि बदला लिनेछैन ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

गाउँमा वनमाराको राज

नेपालको पहाडका गाउँबस्तीमा मानिसको चहलपहल शून्य बन्दै छ । यसैको परिणामस्वरूप वनमाराको झाडी मौलाउँदै गएको छ । यसले गाउँघरका खेतबारीमा राज गरिरहेको छ । यसको रोकथामतर्फ भने स्थानीयदेखि संघीय सरकारसम्म कसैको ध्यान गएको छैन । गाउँघरमा मानवीय गतिविधिको अभावमा वनमारा झार मौलाइरहेको समयमा सहरबजारमा भने चर्को मानवीय उपस्थितिले गर्दा बेरोजगारीको समस्या चर्किंदै गएको देखिन्छ । के सहरमा पाइने सुविधा गाउँ-गाउँसम्म विस्तार गरेर गाउँघरका मानिसलाई गाउँघरमै रोक्न सकिन्न ? यति गर्न सकियो भने न गाउँघरमा वनमाराको राज चल्न सक्छ, न त सहरबजारमा बेराजगारी नै चर्किनेछ । यसतर्फ समयमै सोचौं ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

नेताहरूलाई स्पष्टीकरण किन ?

विवादास्पद व्यापारी मीनबहादुर गुरुङबाट अर्बभन्दा बढी मूल्यको जग्गा दानमा लिनु एमालेले राज्यशक्तिको आडमा लिएको घुस नै हो । यसै 'घुस' प्रकरणको विरोध गर्ने एमाले नेताहरू भीम रावल, विन्दा पाण्डे र उषाकिरण तिम्सेनासँग पार्टी नेतृत्वले स्पष्टीकरण सोध्ने निर्णय गरेको छ । के पार्टीले विवादास्पद व्यापारीबाट घुस लिनुहुँदैन भन्नु पार्टी अनुशासनविपरीत कार्य हो ? के पार्टीमा बोल्न पनि पाइँदैन हो लोकतन्त्रमा ?

● **भूमिका गड्तौला**
तारकेश्वर-६, काठमाडौं

'जग्गादान' सीधै 'घुस' होइन र ?

विभिन्न मुद्दा अदालतमा विचाराधीन अवस्थामा रहेका व्यापारी मीनबहादुर गुरुङले एमालेलाई पार्टी कार्यालय बनाउन दिएको 'जग्गादान' सीधै 'घुस' होइन र ? सत्ताको नेतृत्व गरिरहेको दलबाट अनुचित लाभ पाउने अपेक्षाविनै गुरुङले त्यति ठुलो दान दिए होलान् र ? गुरुङले दिन्छु भन्दा पनि एमाले, विशेषगरी प्रधानमन्त्री ओलीले आफैंमातहतको सम्पत्ति शुद्धीकरण विभागले छानबिन गरिरहेको व्यापारीबाट जग्गा लिन मिल्दैन भनेर पछि हट्नुपर्ने होइन ?

● **अमृत केसी**
ताहाचल, काठमाडौं

पशुपति धर्मशाला कसको हो ?

पशुपति धर्मशाला कसको हो ? मारवाडी सेवा समितिको हो कि पशुपति विकास कोषको हो कि, यो सरकारको हो ? यसको उत्तर चाहियो सरकार ! १९९९ सालमा पशुपति गौशाला उद्घाटन भएको थियो । त्यतिखेर धर्मशाला बनाउने र भाडामा दिने भन्ने उल्लेख थिएन । पछि राजनीतिक चलखेल भयो ।

आफ्ना कार्यकर्ता र नेतालाई कमाउन दिने उद्देश्यले भवन बनाएर भाडामा लगाउन थालियो । जहाँ राज्यले पशुपति दर्शन गर्न आउने भक्तजनलाई निःशुल्क बस्नेखाने व्यवस्था गर्नुपर्थ्यो, त्यहाँ व्यापार गर्न थालियो । धर्मशालाको उद्देश्य के हो, पहिला त्यता ध्यान दिनुपऱ्यो । नाउँचाहिँ धर्मशाला, कामचाहिँ कमाउ धन्दा ? यो त जायज भएन । अहिले मारवाडी सेवा समितिले सरकारसँग कम मूल्यमा भाडामा लिने अनि मनलागी भाडामा लगाएर कमाउने धन्दाका रूपमा धर्मशालालाई प्रयोग गरिँदै छ, यो जायज होइन । गाईपालन गर्नुपरे पशुपति विकास कोषले गर्छ, कोषको आम्दानी मनग्य छ, बरु त्यसको सदुपयोग गर्नुपऱ्यो ।

वर्षौंदेखि आफ्नो राज जमाउँदै आएको मारवाडी सेवा समितिले पशुपति धर्मशालालाई आफ्नो पैतृक सम्पत्तिजस्तै गरेको देख्दा अचम्म लाग्छ । राज्यको मातहतमा रहनुपर्ने सम्पत्तिमा कुनै संघसंस्था या समितिको रजाइँ चल्नु निन्दनीय छ । पशुपति धर्मशालामा वर्षौंदेखि मारवाडी सेवा समितिले रजाइँ गर्दै आएको थियो । अहिले आएर महानगरले आफ्नो मातहतमा धर्मशाला ल्याउन खोज्दा सरकारले सहयोग गरेन । सरकार देशहितभन्दा पनि व्यक्तिहितमा लाग्दा यस्तो भएको हो ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

पुनः निर्वाचित भए थप घातक हुनेछन् ट्रम्प

ट्रम्पले अर्को मौका पाए भने अघिल्लो राष्ट्रपतीय कार्यकालको अनुभवबाट लाभ पाउनेछन् र थप निर्मम हुनेछन्





देश / विदेश

● टम गिन्सबर्ग ● अजिज हक

के ट्रम्पको दोस्रो राष्ट्रपतीय कार्यकालले अमेरिकी लोकतन्त्रलाई खतरामा पार्न सक्छ ? कतिपयले ट्रम्प एकदमै 'कमजोर' वा तानाशाह हुनका लागि पर्याप्त रूपमा चतुर नभएको तर्क गर्छन्, तर इतिहासले केही भिन्न उदाहरण देखाउँछ । अन्य देशलाई हेर्दा निरंकुश प्रवृत्ति भएका राजनीतिक आन्दोलन सत्ता गुमाएपछि प्रायः निर्मम हुन्छन् । पहिलो-अवधिपछिको हारले नेता वा पार्टीलाई कट्टरपन्थी बनाउन सक्छ अर्थात् उनीहरूलाई फेरि कहिल्यै नहार्न सुनिश्चित हुन प्रेरित गर्छ । जब यी शक्तिले सत्ता पुनः प्राप्त गर्छन्, तब तिनले आफूमाथि नियन्त्रण गर्न वा चुनौती दिन सक्ने संस्थालाई भत्काउन तीव्र रूपमा काम गर्छन् ।

भिक्टर ओर्बनको फिडेज पार्टीले हंगेरीमा दुईपटक शासन गरेको छ । आफ्नो पहिलो कार्यकाल (सन् १९९८देखि २००२)का दौरान ओर्बनले मूल धारको युरोपेली पुरातनपन्थलाई धेरै हदसम्म पछ्याएका थिए । तर, सन् २००२ मा पराजित भएर आठ वर्ष प्रतिपक्षमा बिताएपछि उनी फेरि नहार्ने संकल्प गर्दै सन् २०१० मा सत्तामा फर्किए । आफूअनुकूल निर्वाचन क्षेत्रमा हेरफेर, मतदाता नियमावलीमा परिवर्तन गरेर र निर्वाचन आयोग, अदालत एवं राज्य स्वामित्वको मिडियामाथि नियन्त्रण लिएका ओर्बनलाई विपक्षीले पराजित गर्न लगभग असम्भव बन्यो ।

यस्तै अवस्था पोल्यान्डमा ल एन्ड जस्टिस (पिआइएस) पार्टीमा देखा परेको थियो । यसको स्थापना जरोस्लअ र लेक क्याकिन्स्कीले गरेका थिए । सन् २००५ देखि २००७ सम्मको सत्तामा पिआइएसले आर्थिक असमानता र क्याथोलिक मूल्यमा ध्यान केन्द्रित गरेको थियो । सन् २०१० मा सत्ता गुमाएपछि र पिआइएसका सह-संस्थापक लेकको हवाई दुर्घटनामा मृत्यु भएपछि जरोस्लअले केही काल्पनिक र वास्तविक शत्रुमाथि आक्रमण बढाए । पिआइएसले २०१५ मा संसदीय बहुमत प्राप्त गरेपछि यसले पोल्यान्डका लोकतान्त्रिक संस्थालाई ध्वस्त पार्ने प्रयासका लागि मार्गप्रशस्त गऱ्यो ।

सरकारले संवैधानिक न्यायाधीकरणलाई आफूअनुकूल बनायो, चुनावी क्षेत्र पुनः निर्धारण गऱ्यो र मिडिया, आयोग एवं न्यायिक नियुक्तिमा नियन्त्रण लियो । राज्य स्वामित्वको मिडिया पिआइएसको एक फगत संयन्त्र बन्यो र विपक्षी दललाई प्रमुख संसदीय भूमिकाबाट हटाइयो ।

अर्को उदाहरणका रूपमा भारतको हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा)लाई लिन सकिन्छ । भाजपा सन् १९८९ मा छोटो समयका लागि सत्तामा थियो, तर सन् १९९९ देखि २००४ सम्म अटल बिहारी वाजपेयीको नेतृत्वमा एकमना सरकार चलाएको थियो । यो सरकार आर्थिक उदारीकरण र पाकिस्तान एवं चीनसँगको सम्बन्ध सुधारमा केन्द्रित थियो र देशलाई 'भगवाकरण' गर्ने यसको प्रयास निकै सीमित थियो । निष्पक्ष चुनावमा भाजपाले सत्ता गुमाएपछि नरेन्द्र मोदीले सन् २०१४ मा भाजपालाई ठुलो जित दिलाए । प्रधानमन्त्रीका रूपमा मोदीले आर्थिक सुधार जारी राखे पनि प्रेस स्वतन्त्रतालाई कमजोर पारे, आलोचकमाथि आक्रमण गरे, र मुसलमान एवं अन्य काल्पनिक शत्रुविरुद्ध हिन्दु समूहको हिंसालाई अनदेखा गरे ।

सन् २०१९ मा मोदीले विवादित एवं मुसलमान बाहुल्य कस्मिरको विशेष दर्जा खारेज गरे र त्यहाँ सैन्य शासन लगाए । मुसलमानलाई बेवास्ता गर्ने नागरिकता कानुन पारित गरियो । बहुसंख्यकलाई तुष्टीकरण गर्ने यो राजनीतिले भाजपालाई हराउन गाह्रो बनायो । हालैको चुनावमा भाजपा कमजोर भए पनि अन्तर्राष्ट्रिय निगरानीकर्ताले मोदीको हालको भारतलाई चुनावी निरंकुशताको रूपमा वर्गीकृत गरेका



तस्बिर : एन्ड्रयु हेनरिक/गेटी इमेजेस

छन् । उल्लिखित तीनै मामिलामा समानता भनेको एक लोकप्रिय नेताले विरोधीलाई सत्ताका लागि विश्वास गर्न सकिन्छ भन्ने विचारलाई अस्वीकार गर्छ । यी लोकप्रिय नेता वा दलको पराजयले लोकतन्त्रविरोधी क्रोधलाई उत्तेजित गर्छ । र, जब आफ्नो निरंकुशताको ध्येय पूरा गर्छन्, यी दक्षिणपन्थी शक्ति लोकतान्त्रिक संस्थालाई ध्वंस गर्न उद्यत हुन्छन् ।

ट्रम्पको 'मेक अमेरिका ग्रेट अगेन' (मागा) अभियान र भाजपा, पिआइएस र फिडेजजस्ता पार्टीबिचको समानता स्पष्ट छ । उल्लिखित पार्टी सत्तामा पुनः फर्किंदा जसरी परिवर्तन भए, त्यसरी नै रिपब्लिकन पार्टीले आफ्नो रेगन युगको पहिचान तोडेर नाटकीय रूपान्तरण भएको छ । उसो त ट्रम्पको चुनावी बयान र सन् १९७० एवं १९८० को रिपब्लिकन पार्टीको दक्षिणी क्षेत्रको रणनीतिबिच सम्बन्ध छ, तथापि राजनीतिक रूपमा बाहिरिया रहेका ट्रम्पले (सन् २०१६ मा मात्रै राजनीति थालेका) पार्टी संस्थापनलाई चकनाचुर पारेका छन् । सन् २०२४ को रिपब्लिकन पार्टीको राष्ट्रिय अधिवेशनले पार्टीलाई एक व्यक्तिवादी पार्टीका रूपमा प्रस्तुत गऱ्यो, जुन सन् २००८ वा २०१२ को भन्दा एकदमै फरक थियो । फिडेज, पिआइएस र भाजपाभर्नै 'मागा' २०१६ मा एक अनुभवहीन अभियान थियो । ट्रम्पकालमा यो अभियान सरकारी शक्ति चलाउन संघर्ष गर्दै थियो । यद्यपि यो अभियानले अर्को मौका पाए अघिल्लो राष्ट्रपतीय कार्यकालको अनुभवबाट लाभ पाउनेछ । हाल प्रोजेक्ट २०२५ को खाका तयार गरेको हेरिटेज फाउन्डेसनजस्ता सम्बद्ध संस्था ट्रम्पको अघिल्लो कार्यकालभन्दा बढी तयार छन् । फिडेज, पिआइएस र भाजपाभर्नै चुनावी पराजयले रिपब्लिकन पार्टी नरम बनेको छैन । यसको जनाधारले ती उम्मेदवारलाई समर्थन गर्न जारी राख्छ, जसले ट्रम्पको लोकतन्त्रविरोधी विचार बोक्छन् र निष्पक्ष चुनावलाई अस्वीकार गर्छन् । ओर्बनलाई 'मागा' अभियानले गरेको प्रशंसाले यो प्रवृत्तिलाई प्रतिबिम्बित गर्छ । रिपब्लिकन पार्टीले हंगेरी, पोल्यान्ड र भारतको जस्तै मार्ग अनुसरण गरेको छ । ट्रम्पका सीमितताका बाबजुद उनी अब प्रतिभा र अनुभवसाथ एक अभियानको नेतृत्व गर्छन् र सत्तालाई पुनः प्राप्त गर्ने ल्याकत राख्छन् ।

(गिन्सबर्ग सिकागो विश्वविद्यालयका अन्तर्राष्ट्रिय कानुन एवं राजनीतिशास्त्रका र हक कानुनका प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

लद्दाख क्षेत्रमा जारी तनाव अन्त्य गर्न भारत र चीन सहमत

■ रुसमा ब्रिक्स सम्मेलनका वेला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबिच भेटवार्ता सहज बनाउन सहमति सकारात्मक

■ भारत र चीनबिच भएको सहमति नेपालसहित एसियाकै सुरक्षा स्थिरताका लागि महत्त्वपूर्ण रहेको रक्षा र भूराजनीतिक मामलाका जानकारहरूको टिप्पणी


लद्दाख क्षेत्रमा गस्ती गर्दै भारतीय सेना । फाइल तस्बिर : एएफपी

पर्शुराम काफ्ले/नयाँ पत्रिका

१ असार ०७७ देखि पश्चिमी सीमाक्षेत्र लद्दाख क्षेत्रमा जारी तनाव अन्त्य गर्न भारत र चीन सहमत भएका छन् । दुई देशका वार्ताकारबिच भएका चरणबद्ध छलफलमा दुई देशका सैनिकले गलवान उपत्यकामा संयुक्त गस्ती गर्ने सहमति जनाएका छन् । रक्षा र भूराजनीतिक मामलाका जानकारहरू भारत र चीनबिच भएको सहमति नेपालसहित एसियाकै सुरक्षा स्थिरताका लागि महत्त्वपूर्ण रहेको टिप्पणी गरेका छन् ।

भारतीय विदेशसचिव विक्रम मिश्रीले सोमबार दिल्लीस्थित विदेश मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सहमति सार्वजनिक गरे । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबिच रुसमा ब्रिक्स सम्मेलनका वेला भेटवार्ता हुने तयारीपूर्व दुई देशको सहमति सार्वजनिक भएको छ ।

ब्रिक्स सम्मेलन मंगलबारदेखि बिहीबारसम्म रुसको कजान सहरमा हुँदै छ, जहाँ मोदी र सीले साइडलाइनमा द्विपक्षीय वार्ता गर्ने तय भएको छ । आगामी महिना अमेरिकामा हुन लागेको राष्ट्रपतीय चुनावको पृष्ठभूमिमा भारत र चीनबिच भएको यो सहमतिलाई निकै अर्थपूर्ण मानिएको छ । यसबिचमा दुई देशबिच कूटनीतिक र सैन्यस्तरमा संवाद भैरहेका थिए ।

भारत र चीनबिच पछिल्लोपटक २७ भदौमा सीमासम्बन्धी विशेष प्रतिनिधिस्तरमा वार्ता भएको थियो । रुसको सेन्ट पिटर्सबर्गमा ब्रिक्स सुरक्षा अधिकारीहरूको बैठकमा सहभागी हुन पुगेका भारतीय राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र चिनियाँ विदेशमन्त्री वाङ यीबिच भएको वार्तामा सीमा गतिरोध समाधानका लागि निर्णायक छलफल भएको जानकारहरूको बुझाइ छ । सीमासम्बन्धी विषय छलफलका लागि भारतले डोभाललाई र चीनले यीलाई विशेष प्रतिनिधि तोकेका छन् ।

'पछिल्ला केही सातादेखि भारत र चिनियाँ कूटनीतिक र सैन्य वार्ताकारहरू एकअर्कासँग सघन सम्पर्कमा रहेर भएका छलफलको परिणामस्वरूप भारत-चीन सीमा अब लाइन अफ एक्च्युएल कन्ट्रोल (एलएसी)मा दुवै सैनिकले संयुक्त गस्ती गर्ने प्रबन्ध मिलाउने सहमति भएको छ,' भारतीय विदेशसचिव मिश्रीले पत्रकारहरूसँग भने, 'सीमा क्षेत्रबाट सैनिकहरूलाई अलग गर्ने र त्यहाँ उत्पन्न समस्या समाधानको प्रयास हुनेछ ।'

चार वर्षअघि १ असार ०७७ मा सीमा क्षेत्रको गलवान उपत्यकामा भारतीय र चिनियाँ सेनाबिच भएको झडपका क्रममा दुवैतर्फ मानवीय क्षति भएको थियो । कर्णेलसहित भारतीय सेनाका २० जनाको मृत्यु भएको भारतले सार्वजनिक गरेको थियो । चिनियाँ पक्षको क्षतिको यकिन विवरण सार्वजनिक भएको थिएन ।

सीमा गतिरोधको साढे चार वर्षमा दुवै सेनाले अत्याधुनिक हतियारसहित ६० देखि ७० हजार सैनिक सीमा क्षेत्रमा परिचालन गरेका छन् । संयुक्त गस्तीपछि समस्या समाधानका लागि अर्को कदम चाल्ने भारतीय विदेशसचिव मिश्रीको भनाइ थियो । तर, उनले अर्को कदमबारे चाहिँ थप विवरण खुलाएनन् । गत महिना चिनियाँ रक्षा मन्त्रालयले चीन र भारतले पूर्वी लद्दाखमा गतिरोध अन्त्य गर्न विगतमा तनाव भएका ठाउँहरूबाट सेना फर्काउन सहमति गरेको जनाएको थियो । साथै, दुवै पक्षलाई स्वीकार्य हुने समाधानका लागि दुवै पक्ष अघि बढेको उसले जनाउ दिएको थियो ।

दिल्ली र बेइजिङबिच सैनिक, कूटनीतिक तथा सीमासम्बन्धी वार्ताका लागि गठित विशेष प्रतिनिधिको स्तरमा छलफल हुँदै आएको थियो । बेइजिङमा चिनियाँ विदेश मन्त्रालयको एसियाली मामिला विभागका महानिर्देशक ली जिनसङ र चीनका लागि भारतीय राजदूत प्रदीपकुमार रावतबिच छलफल हुँदै आएको थियो । दिल्लीमा रहेका चिनियाँ राजदूत सू फेइहोङले भारतीय विदेश मन्त्रालयका उच्च अधिकारीसँग छलफल गरेका थिए । लद्दाखको देप्साङ र डेमचोक क्षेत्रमा संयुक्त गस्ती हुनेछ । यसअघि भारतीय र चिनियाँ सैनिक चारवटा क्षेत्रबाट पछि हटिसकेका छन् । जसलाई दुवैले ७५ प्रतिशत समाधान भएको बताउँदै आएका छन् । गत महिना भारतीय विदेशमन्त्री जयशंकरले लद्दाख क्षेत्रस्थित भारत-चीन सीमामा ७५ प्रतिशत समस्या समाधान भइसकेको बताएका थिए ।

भारत-चीन सहमति स्वागतयोग्य

● **अरुणकुमार सुवेदी**, भूराजनीतिक विज्ञ



रक्षा र भूराजनीतिक मामलाका जानकारहरू भारत र चीनबिच भएको सहमति नेपालका लागि अर्थपूर्ण हुन सक्ने बताए । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाका परराष्ट्र सल्लाहकार रहेका भूराजनीतिक जानकार अरुणकुमार सुवेदीले भारत र चीनको सहमति नेपालका लागि विशेष स्वागतयोग्य रहेको टिप्पणी गरे । 'सीमामा तनाव र अविश्वासको वातावरण समाप्त पार्न भारत-चीनको सहमति विशेष स्वागतयोग्य विषय हो,' सुवेदीले भने ।

नेपालसहित एसियाकै सुरक्षा स्थिरताका लागि महत्त्वपूर्ण

● **विनोज बस्न्यात**, भूराजनीतिक मामिला जानकार



'भारत र चीनबिच भएको सहमति यी दुवै देशका साझा छिमेकीहरूका लागि असाध्यै खुसीको खबर हो । यसले एसियाको सुरक्षा स्थिरताका लागि ठुलो योगदान दिनेछ,' सामरिक एवं भूराजनीतिक मामिला जानकार पूर्वउपरथी विनोज बस्न्यातले नयाँ पत्रिकासँग भने, 'नेपाल मात्र नभएर भारत र चीनका छिमेकी देशहरूलाई आर्थिक समुन्नतिका लागि अर्को अवसर खुलेको छ । यी देशको सुमधुर सम्बन्ध हाम्रा लागि हितकर हुनेछ ।'

इतिहासमा आज अक्टोबर २२



सन् १९६४ : फ्रेन्च दार्शनिक तथा लेखक ज्याँ पल सात्र साहित्य विधातर्फको नोबेल पुरस्कार विजेता घोषित । तथापि, उनले सो प्रतिष्ठित पुरस्कार बहिष्कार गरे । उनी नोबेल पुरस्कार बहिष्कार गर्ने पहलो व्यक्ति बने ।

सन् १७९७ : सैन्य प्रयोजनका लागि बेलुनको प्रयोगको वकालत गर्ने फ्रेन्च सेनाका अधिकारी आन्द्रे ज्याक गारनेरिनले हट एअर बेलुन उडाएर हजार मिटरको उचाइबाट प्यारासुटको पहिलो उडान गरे ।

सन् १९६२ : तत्कालीन अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले टेलिभिजन सम्बोधनमार्फत क्युबामा रुसी मिसाइल आधार पहिचान भएको र सो टापुमा रुसबाट हुन सक्ने थप मिसाइल ढुवानी रोक्न नाकाबन्दी घोषणा ।

सन् २००८ : भारतको पहिलो चन्द्र अन्तरिक्षयान चन्द्रयान-१ आजकै दिन प्रक्षेपण भएको थियो । पछि यस यानले चन्द्रमाको वायुमण्डलमा पानी पत्ता लगायो ।

सन् २०१० : जुलियन असान्जद्वारा स्थापित विकिलिक्सले इराक तथा अफगानिस्तान युद्धसम्बन्धी हजारौँ कागजात सार्वजनिक गऱ्यो ।

दिल्लीमा बढ्यो वायु प्रदूषण

नयाँदिल्ली/ भारतको राजधानी नयाँदिल्लीमा वायुको स्तर निकै खस्किएको छ । सोमबारको वायु गुणस्तर सूचकांक (एक्युआई) ३४९ मा झरेको छ ।

चिसो मौसम, पुराना गाडीहरूबाट निस्केको धुवाँ र धुलोका कारण राजधानीको वायु प्रदूषणलाई ढाकेका वायुको गुणस्तरमा वर्गीकृत भएको छ । पछि धुवाँले राजधानीलाई ढाकेको छ । केन्द्रीय प्रदूषण नियन्त्रण बोर्डका अनुसार राजधानीको शकुरपुर र वरपरका क्षेत्रमा प्रदूषणको तह 'अति खराब' अर्थात् एक्युआई ३४६ रेकर्ड गरिएको थियो । इन्डिया गेटनजिकैका वरपरका क्षेत्रमा एक्युआईको तह ३० ९ रेकर्ड गरिएको छ भने सफदरजंगमा ३०७ रेकर्ड गरिएको छ । यो तहले वायुको खराब गुणस्तरलाई चिह्नित गर्छ ।

विश्व संक्षेप

जापानका प्रधानमन्त्री इसिबाप्रति घट्दो जनसमर्थन

टोकियो/ जापानका नयाँ प्रधानमन्त्री सिगेरु इसिबाप्रतिको समर्थन दर निरन्तर घटिरहेको छ । आमनिर्वाचनको पूर्वसन्ध्यामा प्रधानमन्त्रीप्रतिको समर्थन निरन्तर घटिरहेको सर्वेक्षणले देखाएका हुन् । जापानमा आगामी अक्टोबर २७ मा आमनिर्वाचन हुँदै छ ।

पूर्वरक्षामन्त्रीसमेत रहेका प्रधानमन्त्री इसिबाले लिबरल डेमोक्र्याटिक पार्टी (एलडिपी) को नेतामा निर्वाचित भएपछि यसै महिना पदभार ग्रहण गरेका थिए । इसिबाका पूर्ववर्ती फुमियो किसिदाको कार्यकालमा कोषको घोटाला र 'युनिफिकेसन चर्च'सँग एलडिपीका सांसदको सम्बन्ध र बढ्दो मूल्यवृद्धिमा मतदाताको असन्तोषका कारण पार्टीको रेटिङमा गिरावट आएको थियो । क्योदो न्युजले शनिबार र आइतबार गरेको सर्वेक्षणले इसिबाको क्याबिनेटका लागि हालको अनुमोदन रेटिङ ४१.४ प्रतिशत रहेको देखाएको छ । करिब एक हजार २६० मतदातामा गरिएको पछिल्लो सर्वेक्षणमा अस्वीकृति दर ४०.४ प्रतिशत रहेको क्योदोले जनाएको छ । अक्टोबर १२ देखि १३ सम्म भएको सर्वेक्षणमा ३६.७ प्रतिशतले असहमति जनाएका थिए ।

'यो चुनाव हाम्रा लागि वास्तवमै जटिल र कठिन हुनेछ,' इसिबाले गत साता चुनावी सभालाई सम्बोधन गर्दै भनेका थिए ।

उदारवादी झुकाव भएको असाही सिम्बुन पत्रिकाले सप्ताहान्तमा गरेको अर्को सर्वेक्षणमा इसिबाको क्याबिनेटलाई ३३ प्रतिशतले समर्थन गरेको पाइएको थियो । असाहीको रिपोर्टमा भनिएको छ, 'वर्तमान प्रधानमन्त्रीप्रतिको अस्वीकृत दर सन् २०२१ मा किसिदाले प्रधानमन्त्रीका रूपमा आफ्नो पहिलो आमनिर्वाचनअघि सामना गर्नुपरेकोभन्दा पनि खराब छ ।' एलडिपी र उसको कनिष्ठ गठबन्धन साझेदार कोमेइतोले आगामी निर्वाचनमा बहुमत गुमाउने खतरा रहेको उक्त पत्रिकाले जनाएको छ ।

गाजाको द्वन्द्व अन्त्य होस् : राष्ट्र संघ

गाजासिटी/ राष्ट्र संघले गाजामा द्वन्द्वको तुरुन्तै अन्त्य गर्न आह्वान गरेको छ । इजरायली हमला तीव्र बढिरहेका वेला मध्यपूर्व शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्र संघका विशेष संयोजक टोर वेन्नेसल्यान्डले यस्तो आह्वान गरेका हुन् । उनले गाजामा नागरिकमाथि जारी इजरायली आक्रमणको निन्दा गर्दै युद्ध लम्बिएमा हुने मानवीय संकटबारे चेतावनी दिए । गैरलडाकुहरूको रक्षा गर्न, प्यालेस्टिनीहरूको थप विस्थापन रोक्न र बन्दीहरूको तत्काल सुरक्षित रिहाइ गर्न आवश्यक रहेको वेन्नेसल्यान्डले बताए । प्रभावित क्षेत्रमा मानवीय सहायता निर्बाध प्रदान गरिनुपर्ने बताउँदै वेन्नेसल्यान्डले जीवन बचाउ सहयोगलाई खाँचोमा परेकाहरूसम्म पुग्न अनुमति दिन आग्रह गरे ।

वेन्नेसल्यान्डले उत्तरी गाजाको अवस्थालाई इजरायली हवाई आक्रमण र बिग्रँदै गएको मानवीय अवस्थाले चिह्नित गरेको विडम्बनाको रूपमा वर्णन गर्दै बेत लाहियामा भएको विनाशबारे उल्लेख गरे । बेत लाहियामा रातभरिमा कम्तीमा ८७ प्यालेस्टिनी मारिएको बताइएको छ भने विनाशकारी आक्रमणका कारण धेरैजना भग्नावशेषमुनि पुरिएको अनुमान गरिएको छ ।

पछिल्लो समय 'गाजामा विनाशकारी द्वन्द्व तीव्र हुँदै गइरहेको जनाउँदै उनले द्वन्द्व, निरन्तर इजरायली हमला र बढ्दो मानवीय संकटबिच उत्तरी गाजापट्टीमा डरलाग्दो अवस्था देखापरेकाले कतै पनि सुरक्षित नभएको बताएका छन् ।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, टिकापुर शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०७/०६)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल बैशाख महिना २१ गतेको 'राजधानी' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ साल भदौ २० गतेको 'नयाँ पत्रिका' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखाहरूमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

ऋणीको नाम र ठेगाना :
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. २०१०१/०७१/७२ स्थानीय व्यापार तथा भारत आयात कायम भई मिति २०७१/०७/१६ मा दर्ता भएको कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. २, कैलाली स्थित **न्यू ज्ञानु इन्टरप्राइजेज (प्रोप्राइटर-सरस्वती भाट) ।**
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
विष्णु प्रसाद भाटको छोरी, दिपक तिवारीको श्रीमती, कैलाली जिल्ला, बलिया गा.वि.स./उ.म.न.पा. वडा नं. ४ बस्ने **सरस्वती भाट..१**
तुल्सी प्रसाद तिवारीको नाती, स्याम प्रसाद तिवारीको छोरा, स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. १४ बस्ने **दिपक तिवारी..१**
धितो सुरक्षणको विवरण :
सरस्वती भाटको नाममा मालपोत कार्यालय कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, बलिया गा.वि.स/न.पा. वडा नं. ८ (नक्सा सिट नं. ८) को कित्ता नं. १९६३ र १९६४ को क्रमशः ०-०-१०-० र ०-०-१०-० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरूः

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ४:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा टिकापुर शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८१ साल ०७ महिना २० गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८१ साल ०७ महिना २५ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ४:०० बजे ।

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, इलाम शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०७/०६)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले मिति २०८० साल बैशाख महिना २२ गतेको राजधानी राष्ट्रिय दैनिकमा सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले मिति २०८० साल पौष महिना २ गतेको राजधानी राष्ट्रिय दैनिकमा धितो (जग्गा) लिलाम बिक्री गर्ने सम्बन्धी र मिति २०८१ साल जेठ महिना १६ गतेको राजधानी राष्ट्रिय दैनिकमा धितो (सवारी साधन) लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखामा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.सं.	ऋणीहरूको नाम, थर र ठेगाना :
१.	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागको घरेलु तथा साना उद्योग कार्यालय, इलामबाट मिति २०७८/१०/१० मा प्रा.फा.र.नं. १६८१/०७८/०७९ मा दर्ता भई इलाम जिल्ला, इलाम न.पा. वडा नं. ९ स्थित **प्रिति सप्लार्यस...१**
२.	हरि प्रसाद लिम्बुको नाति, टेक बहादुर लिम्बुको छोरा, इलाम जिल्ला, इलाम गा.वि.स./न.पा. वडा नं. ६ बस्ने **राजेन्द लिम्बु... १**
३.	सिंह बिर खपाङ्गी मगरको छोरी, राजेन्द्र लिम्बुको श्रीमती, सर्लाही जिल्ला, बागमती गा.वि.स./न.पा. वडा नं. १ बस्ने **पृती खपाङ्गी मगर... १**
ऋणी १ र २ को व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :	
सिंह बिर खपाङ्गी मगरको छोरी, राजेन्द्र लिम्बुको श्रीमती, सर्लाही जिल्ला, बागमती गा.वि.स/न.पा वडा नं. १ बस्ने **पृती खपाङ्गी मगर... १**	
ऋणी १ र ३ को व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :	
हरि प्रसाद लिम्बुको नाति, टेक बहादुर लिम्बुको छोरा, इलाम जिल्ला, इलाम गा.वि.स/न.पा वडा नं. ०६ बस्ने **राजेन्द लिम्बु... १**	
ऋणी १ को धितो सुरक्षणको विवरण :	
धनी सानिमा बैंक लिमिटेड (ऋणी **प्रिति सप्लार्यस**) को नाममा मेची अञ्चल यातायात कार्यालय, झापामा दर्ता रहेको सवारी नं. प्र १-०१-००१ त ९८१९ ईन्जिन नं. 4100FL14C1039146 च्यासिस नं. EWVDR1086500MS को Solis Tractor 6020 2WD ।	
ऋणी १, २ र ३ को धितो सुरक्षणको विवरण :	
राजेन्द लिम्बुको नाममा मालपोत कार्यालय इलाममा दर्ता श्रेस्ता कायम रहेको इलाम जिल्ला, इलाम न.पा. वडा नं. ६ (नक्सा सिट नं. ६घ) को क्रमशः कित्ता नं. २८७ र २८९ को क्रमशः ०-६-०-० र ०-१४-२-१ (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरूः

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ४:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा इलाम शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८१ साल ०७ महिना २० गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८१ साल ०७ महिना २५ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ४:०० बजे ।

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार ६ कार्तिक ०८१

संक्षेप

पशुपति धर्मशालाबारे अध्ययन गर्न समिति गठन

काठमाडौं/ पशुपति धर्मशालाको विषयमा यथार्थ अध्ययन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिवको नेतृत्वमा ६ सदस्यीय अध्ययन समिति गठन भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा सोमबार जारी प्रेस विज्ञप्तिमा मन्त्रालयका सहसचिव एवं संस्कृति महाशाखा प्रमुखको अध्यक्षतामा धर्मशालाका विषयमा अध्ययन गरी प्रतिवेदन पेस गर्न ६ सदस्यीय अध्ययन समिति गठन गरिएको उल्लेख छ।

अध्ययन समितिका अन्य सदस्यहरूमा पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपससचिव, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव, पुरातत्त्व विभागका उपसचिव र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति शाखाका उपसचिव रहने जनाइएको छ।

समितिले गौशाला धर्मशाला स्थापनादेखिको अवस्थाको अध्ययन गर्ने, धर्मशालाको आय-व्ययको विवरण, सम्पत्ति, दायित्व, निर्मित संरचना तथा गौशाला धर्मशालाबाट प्रवाह भएको सेवाको प्रकृति अध्ययन गर्ने जिम्मेवारी पाएको छ।

नवलपुरमा २० प्रतिशतसम्म धान उत्पादन घट्न सक्ने

नवलपरासी/ नवलपुरका विभिन्न स्थानमा वर्षाले धानबालीमा क्षति गरेको छ। काटेर राखेको धान खेतमै भिजेपछि नवलपुरका किसानहरू चिन्तित भएका छन्। पानीले कति क्षति भयो भन्ने ठोस तथ्यांक आइनसकेको कृषि ज्ञानकेन्द्र नवलपुरका कार्यालय प्रमुख कुलप्रसाद तिवारीले बताए। उनले भने, 'कहाँकतैबाट धान भिज्यो भनेर किसानले खबर गरेका छैनन्, न पालिकाले नै खबर गरेको छ। २० प्रतिशतसम्म उत्पादन घट्ने देखिएको छ।'

यद्यपि, कार्यालय प्रमुख तिवारीका अनुसार पानीले नवलपुरमा १० देखि २० प्रतिशतसम्म धान उत्पादन घट्ने बताए। उनका अनुसार काटेर सुकाएको धान तथा पाकेर काट्न ठिक्क परेको दुवै धानलाई पानीले असर गरेको छ। भिजेको धानलाई तत्काल झाँटेर सुकाउन सके धान कुहिन र उम्रिनबाट बचाउन सकिने तिवारीले बताए। त्यसैगरी, भिजेको धानलाई तत्काल मिलमा लगेर कुटाए धान बिग्रनबाट जोगिन उनले किसानलाई सुझाव दिएका छन्।

बक्यौता नतिर्ने उद्योगको लाइन काट्ने मिति तीन दिन बाँकी

प्राधिकरण र उद्योगी आआफ्नै अडानमा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

डेडिकेटेड फिडर र ट्रंकलाइनको प्रिमियम महसुल बक्यौता नतिर्ने उद्योगको लाइन काट्ने प्राधिकरणले दिएको समयसीमा तीन दिन बाँकी छ। तर ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सोमबार गरेको छलफल उद्योगीहरूले आफ्नो पुरानै माग कायम राखेर बक्यौता तिर्न आनाकानी गरेका छन्।

छलफलमा मन्त्रालयको तर्फबाट मन्त्री दीपक खड्का, सचिव सरिता दवाडी र ऊर्जाविज्ञ प्रबल अधिकारीलगायत, प्राधिकरणबाट कार्यकारी निर्देशक कुलमान घिसिङ र उपकार्यकारी निर्देशक मनोज सिलवाल तथा उद्योगीको पक्षबाट पशुपति मुरारकालगायत उपस्थित थिए।

लोडसेडिङका वेला डेडिकेटेड फिडर र ट्रंकलाइनबाट उद्योगहरूलाई प्रिमियम शुल्कमा २४ घण्टासम्म विद्युत् उपलब्ध गराइएको थियो। तर, केही उद्योगले त्यसको प्रिमियम शुल्क तिर्न अझै आनाकानी गर्दै आएका छन्। अहिले यो विवाद लेखा समितिमा विचाराधीन छ। यता प्राधिकरणले सञ्चालक समितिको निर्णयअनुसार ८ कात्तिकसम्म बक्यौता तिर्न २४ असोजमै सूचना सार्वजनिक गरेको थियो। प्राधिकरण र उद्योगबिच सहमति नजुटेको, लेखा समितिमा विचाराधीन भएको र ८ कात्तिकमा लाइन काट्ने तयारी प्राधिकरणले गरेको समयमा मन्त्रालयले समन्वय गर्न खोजेको मन्त्रालयकी सचिव सरिता दवाडीले बताइन्। 'अहिले यो विषय लेखा समितिमा विचाराधीन छ। यसरी संसदीय समितिमै विचाराधीन रहेको विषयमा मन्त्रालयले ठोस निर्णय गर्न मिल्दैन। यद्यपि, हामी समन्वयनकारी निकाय पनि हो। सोहीअनुसार अहिले दुवै पक्षलाई बोलाएर छलफल गरेको हो। तर, स्पष्ट निर्णय केही पनि भएन,' उनले बताइन्।

स्रोतका अनुसार छलफलमा प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले ८ कात्तिकसम्म बक्यौता नतिर्ने उद्योगमाथि कानुनअनुसार कारबाही अघि बढाउनुपर्ने बताएका थिए। पटक-पटक ताकेता गर्दा पनि बक्यौता नतिर्ने उद्योगलाई अब छुट दिन नहुने उनको भनाइ थियो।

उद्योगीहरू भने प्रमाणका आधारमा मात्रै बक्यौता तिर्ने पुरानै अडानमा छन्। प्राधिकरणले जथाभावी रूपमा बिल जारी गरेर पैसा मागेको आरोप उद्यागीहरूले लगाएका थिए। त्यसको जवाफस्वरूप प्राधिकरणका अधिकारीहरूले खपत भएकै विद्युत्का आधारमा बिल जारी गरेको बताएका थिए।

स्रोतका अनुसार छलफलमा मन्त्री खड्काले स्पष्ट धारणा भने राखेका थिएनन्। सरकारका विभिन्न सरोकारवाला निकायहरूसँग





ऊर्जासचिव सरिता दवाडी भन्छिन्-

अहिले यो विषय लेखा समितिमा विचाराधीन छ। यसरी संसदीय समितिमै विचाराधीन रहेको विषयमा मन्त्रालयले ठोस निर्णय गर्न मिल्दैन। यद्यपि, हामी समन्वयनकारी निकाय पनि हो। सोहीअनुसार अहिले दुवै पक्षलाई बोलाएर छलफल गरेको हो। तर, स्पष्ट निर्णय केही पनि भएन।



प्राधिकरण उपकार्यकारी निर्देशक मनोज सिलवाल भन्छन्-

छलफलमा उद्योगी र हामीले आआफ्ना धारणा राख्यौं। उहाँहरूले यस्तो बक्यौता तिर्नुपर्दैन भन्दै जथाभावी बिल जारी गरेको जस्ता पुराना आरोप लगाउनुभयो। हामीले हाम्रो बिल ठीक छ भन्यौं। साथै, बक्यौता तिर्न किस्तालगायतको सुविधा दिने भनेका छौं। तर, मन्त्रालयले स्पष्ट निर्णय तथा निर्देशन दिइसकेको छैन।



थप छलफल गर्ने उनले बताएका थिए।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले विद्युत् बक्यौताबारे मन्त्रालयमा छलफल भएको बताए। 'हामीले ८ कात्तिकसम्मको म्याद तोकेर उद्योगीहरूलाई बक्यौता तिर्न भनेका छौं। त्यो मिति नजिकिँदै गर्दा ऊर्जा मन्त्रालयले उद्योगी र हामीलाई राखेर छलफल गरेको छ। छलफलमार्फत मन्त्रालयले यस विषयका पछिल्ला जानकारीहरू लिएको छ। छलफल सकारात्मक नै भएको छ,' उनले भने, 'सहजीकरणका लागि मन्त्रालयले एक-दुई दिनमै केही निर्णय गर्छ भन्ने आशा छ।'

यस्तै, उनले यसै विषयमा केन्द्रित भएर अब तत्काल प्राधिकरणको सञ्चालक समितिको बैठक आह्वान गरिने पनि उनले बताए।

■ बक्यौता तिर्ने उद्योगीलाई सहजीकरण गर्ने प्राधिकरणको प्रस्ताव

छलफलमा प्राधिकरणले बक्यौता तिर्ने उद्योगीलाई आवश्यक सहजीकरण गर्ने पनि बताएको छ। बक्यौता तिर्न उद्योगलाई किस्ताको सुविधा दिने प्राधिकरणको भनाइ छ।

प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले बक्यौता उद्योगीलाई आवश्यकताअनुसार सहजीकरण गर्ने बताए। 'छलफलमा उद्योगी र हामीले आआफ्ना धारणा राख्यौं। उहाँहरूले यस्तो बक्यौता तिर्नुपर्दैन भन्दै जथाभावी बिल जारी गरेको जस्ता पुराना आरोप लगाउनुभयो। हामीले हाम्रो बिल ठीक छ भन्यौं। साथै, बक्यौता तिर्न किस्तालगायतको सुविधा दिने भनेका छौं। तर, मन्त्रालयले स्पष्ट निर्णय तथा निर्देशन दिइसकेको छैन,' उनले भने। यस्तै, उनले सोमबारको छलफलबाट प्राधिकरण आशावादी भएको उनले बताए।

प्राधिकरणले २४ असोजमा सूचना जारी गर्दै ४९ उद्योगलाई ८ कात्तिकभित्र बक्यौता तिर्न भनेको थियो। त्यस अवधिमा बक्यौता नतिरेका उद्योगमा कानुनअनुसार कारबाही गर्ने चेतावनीसमेत प्राधिकरणले सूचनामार्फत दिएको छ, त्यसअनुसार प्राधिकरणले ८ कात्तिकसम्म बक्यौता नतिर्ने उद्योगमा लाइन काट्न सक्नेछ। मिटर रिडिङ भएको ६०औं दिनसम्म महसुल नतिरे २५ प्रतिशत थप दस्तुर लाग्छ। त्यो अवधिमा बक्यौता नतिरे ग्राहकको लाइन काट्ने व्यवस्था छ। यसमा पटक-पटक ताकेता गर्दा पनि उद्योगहरूले बक्यौता नतिरेको वर्षौं भएको छ। त्यो अवस्थामा उद्योगमा लाइन काट्न पर्याप्त आधार छ।

यस्तो बक्याता नतिरेको भन्दै प्राधिकरणले गत असार २५, २६ र २७ गते गरेर ६ उद्योगमा लाइन काटेको थियो। कानुनअनुसार बक्यौता नतिरेसम्म काटिएको लाइन जोड्न मिल्दैन। तर, असार ३० गते प्रधानमन्त्री नियुक्त भएका केपी शर्मा ओलीले दबाबमा प्राधिकरणले ८ साउनमा ६ उद्योगमा काटेको लाइन जोड्ने निर्णय गरेको थियो। त्यसवेला तीन महिनाभित्र महसुल बक्यौता तिर्ने सर्तमा लाइन जोड्ने निर्णय गरिएको थियो। सोहीअनुसार उद्योगहरूलाई ८ कात्तिकभित्र बक्यौता तिर्न भएको छ। मन्त्रालयबाट उचित निर्णय तथा सहजीकरण नभएमा पैसा नतिर्ने उद्योगको लाइन काट्ने प्राधिकरणको तयारी भने यथावत् नै छ। यस्तो बक्यौता नतिरेका कारण चैत ०७६, पुस ०८० र ०८१ असारमा पनि उद्योगमा लाइन काटिएको थियो। तर, सरकारको दबाबमा बक्यौता असुल नहुँदै उद्योगमा लाइन जोडिएको थियो।

२४ पुसमा पूर्व न्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षमा बनेको विद्युत् महसुल विवाद समाधान आयोग, २०८० को प्रतिवेदनका आधारमा तत्कालीन सरकारले २७ वैशाखमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत प्राधिकरणलाई ०७२ माघदेखि ०७५ वैशाखसम्मको अवधिको मात्रै प्रिमियम महसुल उठाउन निर्देशन दिएको थियो। हाललाई प्राधिकरणले ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता उठाउने प्रक्रिया अघि बढाएको छ। त्यसमा ४९ उद्योगको आठ अर्ब चार करोड हाराहारीमा बक्यौता छ।

सेयर र घरजग्गाबाट साढे १७ अर्ब राजस्व

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ को पहिलो त्रैमासमा सेयर र घरजग्गा कारोबारबाट सरकारलाई करिब साढे १७ अर्ब राजस्व अर्थात् पुँजीगत लाभकर प्राप्त भएको छ। त्यस्तो कारोबारमा भएको नाफाबाट लगानीकर्ता र जग्गाधनीले सरकारलाई साउन, भदौ र असोजमा गरेर १७ अर्ब ४१ करोड चार लाख राजस्व बुझाएका हुन्।

सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सिडिएससी) र भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट प्राप्त छुट्टाछुट्टै तथ्यांकले यस्तो देखाएको हो। यो राजस्व गत आवको सोही अवधिको तुलनामा ६१ प्रतिशतले बढी हो। गत आवको सोही अवधिमा १० अर्ब ८० करोड ३५ लाख रुपैयाँ यस्तो राजस्व उठेको थियो। गत आवभरमा भने सेयर र घरजग्गा कारोबारबाट ४७ अर्ब ५२ करोड नौ लाख राजस्व उठेको थियो।

■ सेयरबाट सात अर्ब ४० करोड राजस्व

सिडिएससीबाट प्राप्त तथ्यांकअनुसार समीक्षा अवधिमा सेयर कारोबारबाट सरकारलाई सात अर्ब ४० करोड ३८ लाख ८२ हजार रुपैयाँ पुँजीगत लाभकर प्राप्त भएको छ। त्यसमा साउनमा चार अर्ब २३ करोड ७८ लाख ६१ हजार रुपैयाँ, भदौमा दुई अर्ब ५७ करोड ९४ लाख ८० हजार रुपैयाँ र असोजमा ५८ करोड ६५ लाख ४० हजार रुपैयाँ राजस्व उठेको छ। गत आवको सोही अवधिमा सेयर कारोबारबाट सरकारलाई ७६ करोड पाँच लाख मात्रै राजस्व

तीन महिनामा एक लाख सात हजार घरजग्गा कारोबार

समीक्षा अवधिमा देशभर एक लाख सात हजार एक सय ६० घरजग्गा कारोबार भएका छन्। गत आवको सोही अवधिमा एक लाख १४ हजार आठ सय ३० वटा यस्तो कारोबार भएका थिए। यसरी समीक्षा महिनामा घरजग्गा कारोबार घट्दा यसबाट उठ्ने राजस्व पनि घटेको छ। कित्ताकाटमा गरिएको कडाइले घरजग्गा कारोबार प्रभावित भएको छ। गत आवमा नेपालभर पाँच लाख ३७ हजार दुई सय ९५ वटा घरजग्गाको कारोबार भएका थिए। समीक्षा अवधिको साउनमा ४३ हजार आठ सय ३५ र भदौमा ३२ हजार सात सय ८९ वटा घरजग्गा खरिद-बिक्री भएका थिए। असोजमा यस्तो कारोबार ३० हजार पाँच सय २७ वटामा सीमित भएको छ।

उठेको थियो। गत आवभरमा भने पाँच अर्ब ५० करोड ७७ लाख रुपैयाँ यस्तो पुँजीगत लाभकर उठेको थियो। तर, चालू आवको तीन महिनामा गत आवको भन्दा पनि धेरै कर उठेको तथ्यांकमा उल्लेख छ।

गत आवमा सेयर बजार बढ्न सकेको थिएन भने कारोबार रकम पनि न्यून थियो। तर, चालू आवको साउनमा बजार उच्चदरमा बढ्नुका साथै कारोबार रकम पनि उच्च मात्रामै भयो। सोही कारण सरकारले पाउने राजस्व पनि बढेको सिडिएससी प्रवक्ता सुरेश न्यौपानेले बताए।

गत असारसम्म नेपाल स्टक एक्सचेन्ज (नेप्से) सूचक २२४०.४१ विन्दुमा थियो। यसबिचमा नेप्से तीन हजार विन्दुसम्म पुगेको थियो। सोमबार भने नेप्से परिसूचक २५२६.७५ विन्दुमा छ।

साउनमा चार खर्ब १८ अर्ब २० करोड रुपैयाँको सेयर कारोबार भएको थियो। भदौ महिनामा दुई खर्ब ५० अर्ब ५७ करोड रुपैयाँको सेयर कारोबार भएको थियो। असोजमा भने ८४ अर्ब २३ करोड ९३ लाख रुपैयाँको सेयर कारोबार भएको नेप्सेको तथ्यांकमा उल्लेख छ। सेयर कारोबारमा हुने खुद नाफामा ५ प्रतिशत र ७.५ प्रतिशत पुँजीगत लाभकर तिर्नुपर्छ। कुनै लगानीकर्ताले सेयर किनेर एक वर्षपछि बिक्री गर्दा हुने नाफामा ५ प्रतिशत कर तिर्नुपर्छ। यसैगरी, लगानीकर्ताले सेयर किनेको एक वर्षभित्र बिक्री गर्दा हुने नाफामा ७.५ प्रतिशत पुँजीगत लाभकर लाग्नेछ।

■ घरजग्गा कारोबारबाट १० अर्ब राजस्व

भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्यांकअनुसार चालू आवको तीन महिनामा घरजग्गा कारोबारबाट सरकारलाई १० अर्ब ६५ लाख राजस्व प्राप्त भएको छ। गत आवको सोही अवधिमा भने घरजग्गा कारोबारबाट १० अर्ब चार करोड ३० लाख यस्तो राजस्व उठेको थियो। गत आवभर ४२ अर्ब एक करोड ३२ लाख रुपैयाँ यस्तो राजस्व उठेको विभागको तथ्यांक छ। विभागका अनुसार साउनमा तीन अर्ब ८३ करोड ५० लाख र भदौमा तीन अर्ब नौ करोड दुई लाख राजस्व उठेको थियो। असोजमा भने तीन अर्ब आठ करोड १२ लाख रुपैयाँ राजस्व उठेको छ।

राष्ट्र बैंकले जारी गऱ्यो हरित कर्जा वर्गीकरण

नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकले हरित कर्जा वर्गीकरण (नेपाल ग्रिन फाइनान्स ट्याक्सोनोमी) कार्यान्वयनमा ल्याएको छ। बैंक तथा वित्तीय संस्थाबाट हुने कर्जा लगानीलाई वातावरणमैत्री बनाउन यस्तो वर्गीकरण गरिएको केन्द्रीय बैंकले जनाएको छ।

यो प्रतिवेदनले कस्ता आर्थिक क्रियाकलाप वा कर्जालाई हरित वा वातावरणमैत्री मान्ने भन्नेबारे स्पष्ट व्यवस्था गरिदिएको केन्द्रीय बैंकका प्रवक्ता रामु पौडेलले बताए। उनले भने, 'कस्तो-कस्तो कर्जालाई हरित कर्जा भन्ने यसले आधार बनाइदिएको छ। अब यही वर्गीकरणका आधारमा केन्द्रीय बैंकले आगामी नीति-नियम तर्जुमा गर्दै लैजानेछ।'

राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल बिमा प्राधिकरण, अर्थ मन्त्रालय र वन तथा वातावरण मन्त्रालयको सहकार्यमा गठित समितिले यो वर्गीकरणलाई सहजीकरण गरेको थियो।

ग्रिन फाइनान्स (हरित वित्त)लाई मूलतः १७ आर्थिक क्षेत्रमा विभाजन गरिएको छ। यसरी वर्गीकरण हुनेमा कृषि तथा वन, मत्स्यपालन, खानी, पेयपदार्थ, गैरखाद्य उत्पादन, निर्माण, ऊर्जा, मेसिनरी, यातायात, थोक तथा खुद्रा, वित्तीय सेवा, घरजग्गा, पर्यटन, अटोमोबाइल, स्वास्थ्य सेवा, शिक्षा र उपभोग कर्जा छन्। यी सबै क्षेत्रमा जाने कर्जालाई तीन भागमा विभाजन गरिएका छन्- हरित, संक्रमणकालीन र रातो। जलवायु र वातावरणका उद्देश्य प्राप्तिमा सहयोगी भूमिका निर्वाह गर्ने आर्थिक गतिविधि हरित वर्गमा पर्छन्। हरित हुने प्रक्रियामा रहेका आर्थिक गतिविधिलाई संक्रमणकालीन वर्गमा राखिने उल्लेख छ। त्यस्तै, वातावरणीय उद्देश्यविपरीतका गतिविधिलाई रातो वर्गमा राखिने भनिएको छ। यो ट्याक्सोनोमी लागू भएपछि बैंक तथा वित्तीय संस्थाले हालसम्म प्रवाह गरेका कर्जालाई यी तीन भागमा विभाजन गर्नुपर्ने केन्द्रीय बैंकले जनाएको छ। दिगो लगानीले हरित ऊर्जा परियोजनामा स्रोतहरू लगानी गर्ने, निजी स्रोतहरूलाई कार्बन-तटस्थ परियोजनाहरूमा उपयोग गर्ने र सामाजिक मूल्यहरूजस्तै सामाजिक समावेशिता वा राम्रो सुशासन प्रदर्शन गर्ने कम्पनीहरूमा लगानी गर्नेसम्मका गतिविधि समेट्छ।

नेपालको हरित वित्त वर्गीकरण प्रणाली चार मुख्य सिद्धान्तहरूमा आधारित रहेको उल्लेख छ। यी सिद्धान्तहरू राष्ट्रिय नीति, योजनाहरू र जलवायु परिवर्तन तथा वातावरणसम्बन्धी नियामक ढाँचाहरू, हरित, सहनशील र समावेशी विकास दृष्टिकोणलाई आवश्यक पर्ने संक्रमणमा आधारित रहेको उल्लेख छ। जलवायु परिवर्तन अनुकूलन, जलवायु परिवर्तन न्यूनीकरण, प्राकृतिक स्रोत संरक्षण र व्यवस्थापन, प्रदूषण रोकथाम र नियन्त्रण, हरित वित्त वर्गीकरण प्रणालीका चार सिद्धान्तहरू छन्।

नेपालमा हरित वित्त वर्गीकरणमा लगानीका क्षेत्र र श्रेणीहरूसमेत उक्त दस्तावेजमा तोकिएको छ।

छार्का ताङसोङ गाउँपालिका
ཚྭར་ཁཱ་སྟེང་གཞོང་གྲོང་སྡེ་ཁྱིམ་ཚན།
Chharka Tangsong Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
कागकोट, डोल्पा
कर्णाली प्रदेश, नेपाल

Invitation For Electronics Bids

First date of publication: 2081/07/06(2024-10-22)

Chharka Tangsong Rural Municipality, Office of the Rural Municipal Executive, Kagkot, Dolpa invites only electronics bids from Nepalese eligible bidders for the following work under National Competitive Bidding Procedure, some of the information is mentioned below, though the details are in the bidding documents. May obtain further information contact at the Chharka Tangsong Rural Municipality, Office of the Rural Municipal Executive, Kagkot, Dolpa. A complete set of bidding documents may be downloaded from the PPMO's website www.bolpatra.gov.np/egp.

Contract ID.	Description of works	Bid Security Amount NRs.	Cost of Bidding Documents NRs.	Bidding Procedure	Last date of Bid submission
CTSRM/DOLPA/NCB/WORKS/04-2081/082	Kagkot Bheri Nadi Tatabandhan Nirman yojana	700000	5000	Single Stage: Two Envelope Bidding Procedure	2081-08-06 (2024-11-21)

Chief Administrative Officer

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
महाराजगञ्ज, काठमाडौं

विज्ञप्ति

यस मध्य भोटेकोशी जलविद्युत कम्पनी लि. अन्तर्गत सिन्धुपाल्चोक जिल्लाको गाती, मार्मिङ र चाकु क्षेत्रमा मुख्य संरचना रहने गरी निर्माणको अन्तिम चरणमा रहेको मध्य भोटेकोशी जलविद्युत केन्द्रबाट उत्पादन हुने विद्युत प्रशारणका लागी पावरहाउसदेखि नेपाल विद्युत प्राधिकरणले निर्माण गरिरहेको बाह्रविसे सव- स्टेशनसम्म कम्पनीको तर्फबाट निर्माण गर्नुपर्ने टावर र ती टावरबाट तार तान्ने काम हुँदै गर्दा स्थानीयबासीका मागहरू सम्बोदन गर्ने क्रममा केही ढिला हुन गएकोमा आम जनतामा भ्रम सृजना हुने गरी मिति २०८१ जेष्ठ ७ गतेको अनलाइन खबर तथा अन्य पत्रपत्रिकाहरूमा संघीय सांसद तथा पूर्व मन्त्री माननीय श्री मोहन बहादुर बस्नेत लगायतका प्रतिष्ठित व्यक्तिहरूको नाम समेत समावेश हुन गएको समाचार प्रति यस कम्पनी दुःख प्रकट गर्दछ। यस प्रकारका विकास निर्माणमा सहयोग गर्दै आइरहेका प्रतिष्ठित व्यक्तित्व, जनप्रतिनिधी, स्थानीय जनता र समुदायप्रति लाञ्छाना लगाउने र दुषित भाव फैलाउने कम्पनीको उद्देश्य तथा मनशाय किमार्थ नरहेको व्यहोरा स्पष्ट गर्दै कम्पनीको नाम समावेश भएको वा अन्य कुनै कारणबाट जो कसैप्रति त्यस्तो भ्रम पर्न गएमा कम्पनी क्षमाप्रार्थी छ। त्यस क्षेत्रका सम्पूर्ण स्थानीयबासीहरूबाट आयोजना निर्माणका लागि सदैब साथ सहयोग हुँदै आएको र भविष्यमा पनि निरन्तर सहयोग प्राप्त भई रहने विश्वासका साथ उक्त समाचारबाट भ्रममा नपर्न समेत सम्बन्धित सबैमा कम्पनी हार्दिक अनुरोध गर्दछ।

अध्यक्ष
मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.

ग्यालेक्सी एस-२४ एफई बजारमा, एआईको प्रिमियम अनुभव पाइने



काठमाडौं/ सामसङ नेपालले ग्यालेक्सी एस-२४ एफईको लन्च गरेको छ। ग्यालेक्सी एआई इकोसिस्टमको नयाँ सदस्य रहेको यो स्मार्ट फोन प्रयोगकर्ताले प्रिमियम मोबाइल अनुभव प्राप्त गर्नेछन्।

एआईमा आधारित प्रोभिजुअल इन्जिन र ग्यालेक्सी एआईको फोटो असिस्टको प्रयोगद्वारा ग्यालेक्सी एस-२४ एफईले प्रयोगकर्ताको रचनात्मकतालाई प्रदर्शन गर्ने क्षमता दिने कम्पनीले जनाएको छ। ६.७ इन्चको डायनामिक एमोलेड डिस्प्ले, लामो समयसम्म चल्ने ४७०० एमएएच ब्याट्री र शक्तिशाली एक्सिनो २४०० ई सिरिज चिपसेटका साथमा यो गेमिङका लागि उत्तम उपकरण बनेको कम्पनीको दाबी छ।

एआई-सञ्चालित क्यामरा इन्जिन, प्रोभिजुअल इन्जिनले क्यामरा सिस्टमका क्षमता अझ धेरै बढाएको छ। एफई सिरिजमा पहिलोपटक आएको प्रोभिजुअल इन्जिनले धेरै सुधारिएको टेक्नोलोजीको सुविधा दिन्छ, जसले आश्चर्यजनक विवरण र उल्लेखनीय रूपमा सूक्ष्म बनावट प्रदान गर्न उन्नत एआई एल्गोरिदमको लाभ उठाउने बताइएको छ।

ग्यालेक्सी एस-२४ नीलो र ग्रेफाइट रङमा उपलब्ध हुनेछ, जसको मूल्य ९४ हजार नौ सय ९९ बाट सुरु हुनेछ। साथै, ग्राहक देशभरका आधिकारिक सामसङ स्टोरमा उपलब्ध सामसङ इन्स्टा फाइनान्समार्फत शून्य प्रतिशत ब्याजदरमा मासिक किस्ताबन्दीमा समेत यो फोन खरिद गर्न सक्नेछन्।

ग्लोबल आइएमईद्वारा सौर्य विद्युत् परियोजनामा कर्जा लगानी सम्झौता



काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेड र प्राइम पावर लिमिटेडबिच सौर्य विद्युत् परियोजनामा कर्जा लगानी गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। उक्त समझदारीपत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र प्राइम पावर लिमिटेडका अध्यक्ष आशिष गर्गले हस्ताक्षर गरे।

समझदारीअनुसार प्राइम पावरले ३० मेगावाट क्षमताको सौर्य विद्युत् परियोजना कपिलवस्तु जिल्लामा निर्माण गरी सञ्चालन गर्नेछ। साथै, अध्यक्ष गर्गले यस परियोजनाद्वारा उत्पादित विद्युत् खरिदका साथै चनौटास्थित सबस्टेसनमार्फत राष्ट्रिय प्रसारणलाइनमा विद्युत् जोड्नका निमित्त नेपाल विद्युत् प्राधिकरणसँग कम्पनीको सम्झौता भइसकेको जानकारी गराए। यस परियोजनामा संलग्न लगानीकर्ता समूहद्वारा विभिन्न पाँच सौर्य परियोजनाअन्तर्गत ५६ मेगावाट कुल जडित क्षमताका आयोजनाहरूमा समेत लगानी रहेको हुँदा यस समूह सौर्य ऊर्जा क्षेत्रमा नेपालकै अग्रणी समूह हो।

नेपालमा सञ्चालित सौर्य परियोजनामध्ये उक्त परियोजना सौर्य ऊर्जाअन्तर्गत विद्युत् क्षेत्रको सबैभन्दा ठुलो क्षमताको परियोजना हो। बैंकले नवीकरणीय र हरित ऊर्जा उत्पादन, प्रसारण तथा वितरणमा आफ्नो लगानी प्रवर्द्धन गर्ने उद्देश्यअनुरूप सौर्य तथा जलविद्युत्मा सर्वसुलभ ब्याजदरमा कर्जा लगानी गर्दै आएको छ।

पञ्चकन्यालाई ग्रिनप्रो प्रमाणपत्र



काठमाडौं/ पञ्चकन्या स्टिल प्रालिको उत्पादन टिएमटी रिब्डबारले सन् २०२४ का लागि सिआइआई ग्रिनप्रो प्रमाणपत्र प्राप्त गरेको छ। नेपालमा यो प्रमाणपत्र पाउने पञ्चकन्या ग्रुप पहिलो उद्योग समूह बनेको कम्पनीले जनाएको छ।

३० असोजमा भारतको दिल्लीमा आयोजित एक कार्यक्रममा पञ्चकन्या ग्रुपका कार्यकारी निर्देशक उज्ज्वलकुमार श्रेष्ठले उक्त प्रमाणपत्र ग्रहण गरे। प्रमाणपत्र प्राप्त गर्नु कम्पनीको वातावरणीय स्थिरता र निर्माण क्षेत्रको उत्कृष्टताप्रति प्रतिबद्धताको थप एक महत्त्वपूर्ण उपलब्धि भएको कम्पनीको भनाइ छ।

कन्फेडेरेसन अफ इन्डियन इन्डस्ट्री (सिआइआई) सोराब्जी गोदरेज ग्रिन बिजनेस सेन्टरद्वारा प्रदान गरिएको ग्रिनप्रो प्रमाणपत्रले वातावरण संरक्षणका लागि कडा मापदण्ड पूरा गर्ने उत्पादनलाई मान्यता दिन्छ। यो प्रमाणपत्र ग्रहणपश्चात् पञ्चकन्या स्टिलको उच्च गुणस्तर र पर्यावरणमैत्री सामग्री उत्पादन गर्ने प्रतिबद्धतालाई अझ उजागर गरेको बताइएको छ। यसैबिच दिगो विकास र वातावरणप्रति मुख्य ध्यान दिँदै भारत र न्युजिल्यान्डबिच एक सम्झौतापत्रमा हस्ताक्षरसमेत भएको छ।

बुटवलमा औद्योगिक व्यापार मेला हुँदै

बुटवल/ बुटवलमा सञ्चालन हुने औद्योगिक व्यापार मेलाका लागि कार्यसम्पादन समिति गठन गर्नुका साथै जिम्मेवारी बाँडफाँट गरिएको छ। बुटवल उद्योग वाणिज्य संघको आयोजनामा ३ देखि १८ पुससम्म बुटवल मण्डपमा हुने औद्योगिक व्यापार मेला-२०८१ का लागि सोमबार बसेको कार्यसमिति बैठकले कार्यसम्पादन समिति गठन गर्नुका साथै जिम्मेवारी बाँडफाँट गरेको हो।

मेलाको मूल कार्यसम्पादन समिति संयोजकमा संघका अध्यक्ष हरिप्रसाद अर्याल रहेका छन् भने कार्यसम्पादन समितिमा संघका पदाधिकारी तथा कार्यसमिति सदस्य रहेका छन्। संघका निवर्तमान अध्यक्ष उज्ज्वलप्रसाद कसजूलाई मूल्यांकन तथा अनुगमन समितिको जिम्मेवारी प्रदान गरिएको छ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालको अध्यक्षतामा बसेको बैठकले वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरेलाई मेला मूल सम्पादन समितिको सहसंयोजकसहित सरकारी निकाय समन्वय, विषयगत उपसमिति समन्वय, सांस्कृतिक कार्यक्रम, साउन्ड सिस्टम तथा स्टेज सञ्चालन, स्वागत तथा प्राथमिक उपचार र विद्युत् व्यवस्थापनको जिम्मेवारी तोकेको छ।

त्यस्तै, संघका उद्योग उपाध्यक्ष सुरज भट्टराई र वाणिज्य उपाध्यक्ष विमलराज भट्टराईलाई उपसंयोजकसहित व्यावसायिक संघ-संस्था समन्वय, पूर्वाधार तथा उद्योग क्षेत्र समन्वय, गोष्ठी सेमिनार, स्टल दर्ता तथा वितरण, घरेलु हस्तकला तथा पर्यटन प्रवर्द्धन र कृषि प्रविधि तथा बजारीकरणको जिम्मेवारी पनि प्रदान गरिएको छ भने महासचिव मुक्तिप्रसाद अधिकारीलाई कार्यसम्पादन समितिका सदस्यसचिव तथा प्रवक्ताका साथै सचिवालय, सुरक्षा र पार्किङ व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएको छ।

कोषाध्यक्ष वसन्तप्रसाद ढकाललाई आर्थिक समिति संयोजकसहित सौजन्य, खाना तथा खाजा र टिकट व्यवस्थापन, सचिव प्रतीक पोखरेललाई सहसचिवको जिम्मेवारी दिइएको छ। सहकोषाध्यक्ष धनकुमारी खनाललाई आर्थिक समितिको सहसंयोजकसहित उद्यमी प्रवर्द्धनको जिम्मेवारी दिइएको संघका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी दिए।

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
बबरमहल, काठमाडौं

प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०७/०६

यस विभागको २०८१/०५/०७ गतेको नयाँ पत्रिका दैनिक मा प्रकाशित सूचना अनुसार सरसफाइ सँग सम्बन्धित प्रस्ताव पेश गर्ने फर्महरू मध्ये प्रस्ताव मुल्यांकन समितिको सिफारिश तथा यस विभागको मिति २०८०/०६/११ को निर्णय अनुसार सारभुत रुपमा प्रभावग्राही तथा सबैभन्दा न्यूनतम कबोल गर्ने सगरमाथा मल्टी सर्भिस प्रा.ली., काठमाण्डौले पेश गरेको कबोल अंक रु. २०,६०,९६८.८० (अक्षरुपी वीस लाख साठी हजार नौ सय अडसठ्ठी रुपैया असी पैसा) (मु.अ.कर बाहेक) को प्रस्तवलाई स्वीकृतका लागि छनोट गरिएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै प्रस्तावदाताहरुका जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप ।

समय अवधी थप गरिएको सूचना

प्रकाशित मिति: २०८१/०७/०६

मिति २०८१/०६/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको यस कार्यालयबाट प्रकाशित हुने सार्वजनिक खरिद तथा बोलपत्र आह्वान गर्दा प्रकाशित गरिने सूचनाहरु न्युनतम दररेटमा क बर्गको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने कार्य सिलबन्दी बोलपत्रद्धारा गर्नु पर्ने भएकोले मिति २०८१/०६/२३ देखी २०८१/०७/०७ सम्म (१५ दिन भित्रमा) कार्यालय समयभित्र बोलपत्र फारम खरिद गर्न का लागी सूचना जारी भएकोमा सो समय अवधिमा दशै पर्वको ५ दिन बिदा परेकोले फर्म खरिदको लागी मिति २०८१/०७/१२ गते कार्यालय समयसम्म ५ दिनको समय अवधी थप गरिएको छ। साथै बोलपत्र मिति २०८१/०७/१३ गते दिनको १२:०० बजे भित्र दर्ता गरिकसक्नुपर्नेछ र दर्ता दर्ता भएको बोलपत्र सोही दिन दिनको २:०० बजे खोलिने व्यहोरा सम्वन्धित सवैका लागी सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, इलाम शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०७/०६)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल बैशाख महिना २८ गतेको 'राजधानी' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ साल भदौ ५ गतेको 'कारोबार' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखाहरूमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

ऋणीको नाम, थर र ठेगाना :	
गोपालदास रंजितकारको नाति, उधुम कुमार रंजितकारको छोरा, इलाम जिल्ला, इलाम नगरपालिका वडा नं. ६ बस्ने **विकास कुमार रंजितकार ।**	
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :	
१	कृष्ण लाल आचार्यको छोरी, उधुम कुमार रंजितकारको श्रीमती, इलाम जिल्ला, इलाम नगरपालिका वडा नं. ६ बस्ने **चन्द्रमाया रंजितकार ।**
२	हरि नारायण रंजितकारको नाति, गोपालदास रंजितकारको छोरा, इलाम जिल्ला, इलाम नगरपालिका वडा नं. ६ बस्ने **उधुम कुमार रंजितकार ।**
३	खड्ग बहादुर श्रेष्ठको छोरी, विकास कुमार रंजितकारको श्रीमती, इलाम जिल्ला, इलाम नगरपालिका वडा नं. ६ बस्ने **श्रीमती यसोदा रंजितकार ।**
४	गोपालदास रंजितकारको नाति, उधुम कुमार रंजितकारको छोरा, इलाम जल्ला, इलाम नगरपालिका वडा नं. ६ बस्ने **योगेश कुमार रंजितकार ।**
धितो सुरक्षणको विवरण :	
विकास कुमार रंजितकारको नाममा मालपोत कार्यालय इलाममा दर्ता श्रेस्ता कायम रहेका इलाम जिल्ला, इलाम नगरपालिका वडा नं. ६ (नक्सा सिट नं. ६क) को कित्ता नं. २४७८ को ०-१०-०-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरूः

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ४:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा इलाम शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८१ साल ०७ महिना २० गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८१ साल ०७ महिना २५ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ४:०० बजे ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

---

गैह्र बैंकिंग सम्पत्ति बिक्रीका लागि शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रकाशित मिति २०८१/०७/०६

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैह्र बैंकिंग सम्पत्ति जे जस्तो अवस्थामा र जे जति परिमाणमा छ सोहि अवस्था र परिमाणमा शिलबन्दी बोलपत्र मार्फत बिक्री गर्ने भएको हुंदा तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रहि ईच्छुक योग्य खरिदकर्ताहरुबाट गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

बिक्री गर्ने गैह्र बैंकिंग सम्पत्तिको विवरण

१. गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १ सिट नं. १ कि.नं. २१८१०, २५५८६, ६१३६, २१५०८, २३३०८, २०५७४, २२३०९, २००२९ र २०८४८ क्षेत्रफल क्रमशः ०-१-१३.२५-०, ०-०-३.५-०, ०-१-५-०(पक्की घर समेत), ०-०-१.७५-०, ०-१-१९-०, ०-०-४-०, ०-०-८.२५-०, ०-०-६.२५-० र ०-१-१६.५-० को जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।
२. गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १४ सिट नं. १७९००१६१६ कि.नं. ७८ क्षेत्रफल १०२२.२२ व.मी.(पक्की घर समेत), को घरजग्गा र सो घरजग्गाले चर्चेको लिग लगापात समेत ।
३. गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था) को नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं. ६ सिट नं. ६/क कि.नं. क्रमशः ६४, ६६, ६९ र ७० क्षेत्रफल क्रमशः ०-७-१७-०, ०-८-०-०, ०-१५-०-० र ०-१४-०-०, र तोपगाछी गा.वि.स. वडा नं. ६ सिट नं. ६ कि.नं. क्रमशः ६५, र २७०८ को क्षेत्रफल क्रमशः ०-१३-०-० र ०-१४-०-० जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।
४. गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था) को नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १७ सिट नं. १७९००९२ कि.नं. ७०७, ७१३, ७१५, ४९८, ४९९, ७१७, ७३६, ७३२, ८२७, ८३०, ८६५, र ८६९ क्षेत्रफल क्रमशः १४६५.०० व.मी., १८.०० व.मी., ४५.०० व.मी., ४५.०० व.मी., ३२५.९० व.मी., ७३८.३७ व.मी., १३१८.८५ व.मी., १८७.०० व.मी., ५२०.०० व.मी., ६३३.३८ व.मी., ५११.४१ व.मी. र ४०२.२६ व.मी गरि जम्मा ६२१०.१७ व.मी. को जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।

शर्त बन्देजहरु

१. इच्छुक खरिदकर्ताले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको शाखा कार्यालय, इटहरी, सुनसरीमा शिलबन्दी बोलपत्र बुझाई सक्नुपर्नेछ । म्याद नाघेपछि प्राप्त भएका, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र मान्य हुने छैन ।
२. प्राप्त हुन आएका बोलपत्रहरु यो सुचना प्रकाशित भएको मितिले १६ औं दिन वा सो दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन दिनको ४ बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य सम्बन्धित निकायका प्रतिनिधिहरुको रोहबरमा यस वित्तीय संस्थाको शाखा कार्यालय, इटहरी, सुनसरीमा खोलिने छ । तर सम्बन्धीत निकायका प्रतिनिधिहरु तथा बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएको कारणले बोलपत्र खोल्न बाधा पर्नेछैन ।
३. बोलपत्रमा बोलपत्रदाताहरुले आफ्नो नाम, ठेगाना, व्यक्ति भएमा तिनपुस्ते विवरण एवं आफ्नो पहिचान खुल्ने कागजात सहित उक्त गैह्र बैंकिंग सम्पत्ति आफुले के कति रकममा खरिद गर्न चाहेको हो सो व्यहोरा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
४. बोलपत्र साथ आफुले उक्त गैह्र बैंकिंग सम्पत्ति लिन कबोल गरेको रकमको कम्तीमा १०(दश) प्रतिशतले हुन आउने रकम नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको GOOD FOR PAYMENT चेक कम्पनीमा रहेको खाता नं. १८०८००००००००००१००४ Margin Deposit Auction मा धरौटी बापत जम्मा गरी सो को सक्कल रसिद समेत समावेश गर्नुपर्नेछ । उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ । बोलपत्र स्विकृत नभएमा धरौटी रकम फिर्ता गरिंदा धरौटी रकमको ब्याज दिइने छैन ।
५. प्राप्त बोलपत्रहरु मध्ये अधिकतम अंक कबोल गरेको बोलपत्र यस वित्तीय संस्थालाई स्वीकार्य भएमा उक्त गैह्र बैंकिंग सम्पत्ति बिक्री गर्न बोलपत्र स्वीकृत गरिनेछ । स्वीकृत बोलपत्रवालाले बोलपत्र स्वीकृत भएको सूचनामा वित्तीय संस्थाले तोकेको मिति सम्ममा धरौटी बाहेकको बांकी रकम नगद जम्मा गरि उक्त गैह्र बैंकिंग सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ । उक्त म्याद भित्रमा बाँकी रकम बुझाई उक्त गैह्र बैंकिंग सम्पत्ति दाखिला खारेज नामसारी गरिलिन नआएमा उक्त धरौटी रकम स्वतः जफत हुनेछ ।
६. कुनै कारण खुलाई वा नखुलाई बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा पुनःनेगोसियट् गरी बिक्री गर्ने सम्पुर्ण अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ ।
७. स्विकृत बोलपत्र अनुसार खरिदकर्ताले उक्त गैह्र बैंकिंग सम्पत्ति आफ्नो नाममा नामसारी गर्दा नियमानुसार लाग्ने रजिष्ट्रेशन दस्तुर, अन्य कर तथा लाग्ने आवश्यक शुल्क खरिदकर्ता स्वयम् आफैले नै व्यहोनु पर्नेछ ।
८. ईच्छुक खरिदकर्ताले बोलपत्र बमोजिम बिक्री गरिने गैह्र बैंकिंग सम्पत्ति हेर्न निरिक्षण गर्न र सो सम्बन्धि विस्तृत जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको शाखा कार्यालय, इटहरी, सुनसरीमा सम्पर्क गर्न सक्नुहुनेछ ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३९, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, महाराजगंज शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०७/०६)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८० साल चैत्र महिना २१ गतेको राजधानी राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ साल श्रावण महिना ३२ गतेको कारोबार राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा कुनै शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.सं.	ऋणीको नाम, थर र ठेगाना
१.	कर्णाखर दाहालको नाति, ओम प्रसाद दाहालको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ७ बस्ने **सरोज दाहाल-१** तथा रूद्र प्रसाद अर्यालको छोरी, सरोज दाहालको श्रीमती, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ७ बस्ने **बिनु अर्याल-१** समेत २ जना ।
व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना	
१	ओम प्रसाद दाहालको नाति, सरोज दाहालको छोरा, काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ७ बस्ने **सृजन राज दाहाल ।**
धितो सुरक्षणको विवरण	
१.	**सरोज दाहाल**को नाममा मालपोत कार्यालय चाबहिल काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, चपली भद्रकाली गा.वि.स./न.पा. वडा नं. ६ स्थित नक्सा सिट नं. ६ख को कित्ता नं. क्रमशः १४५३ र १४५५ को क्रमशः ०-३-२-० र ०-१-२-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा सो जग्गामा बनेको घर र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरूः

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय महाराजगंजमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८१ साल कार्तिक महिना २० गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८१ साल कार्तिक महिना २५ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
मंगलबार ६ कार्तिक ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ साफ महिला च्याम्पियनसिप

माल्दिभ्सविरुद्ध नेपालले चाहेजस्तो नतिजा

महिला फुटबलको घरेलु संरचना नै नभएको माल्दिभ्सविरुद्ध नेपालले गर्‍यो गोलको वर्षा



माल्दिभ्सविरुद्ध पाँच गोल गरेकी नेपालकी रेखा पौडेल बल अगाडि लैजाँदै । तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

दक्षिण एसियाली क्षेत्रमा घरेलु फुटबल संरचना कमजोर मानिएको माल्दिभ्सविरुद्ध नेपालले ११-० को एक पक्षीय नतिजा निकालेको छ । सातौँ साफ च्याम्पियनसिपअन्तर्गत सोमबार समूह 'बी'को आफ्नो दोस्रो खेलमा नेपालले माल्दिभ्सलाई फराकिलो अन्तरले हराउने लक्ष्यका साथ दशरथ रंगशालामा उत्रिएको थियो । नेपालको सानदार जितमा स्ट्राइकर रेखा पौडेल र मिडफिल्डर प्रीति राईले समान एक ह्याट्रिक गर्न सफल भए । माल्दिभ्सको अति नै कमजोर डिफेन्सको फाइदामा रेखा एक्लैले पाँच गोल गरेकी थिइन् । उनी खेलको प्लेयर अफ दी म्याच घोषित भइन् ।

नेपालले महत्त्वपूर्ण तीन अंक दिलाउने क्रममा सविता रानामगर, अनिता केसी र अमिषा कार्कीले समान एक गोल गरे । नेपालका प्रशिक्षक राजेन्द्र तामाङले कमजोर प्रतिद्वन्द्वीमाथि गोलको वर्षा गरी जित निकाल्नु गर्व गर्नुपर्ने नभएको प्रतिक्रिया दिएका छन् । 'हामीले ११-० को जितमा गर्व वा खुसी मनाउनुपर्नेछैन, माल्दिभ्स सहभागीमध्ये कस्तो टोली भनी बुझ्नुपर्छ । जहाँ घरेलु महिला लिगको संरचना नै छैन,' तामाङले भने, 'त्यस्तो टोलीलाई ११ गोल हान्दैमा खुसी हुनुपर्दैन, तर तीन अंक आउँदा पक्कै खुसी छु ।'

शीर्ष स्थानमा नेपाल

जितसँगै नेपाल आफ्नो समूहको शीर्ष स्थानमा उक्लेको छ । पहिलो खेलमा भुटानसँग गोलरहित बराबरी खेलेको नेपालले दुई खेलबाट चार अंक बटुलेको छ । भुटानले पनि सोमबारै श्रीलंकालाई ४-१ ले हरायो । गोलअन्तरमा भुटान दोस्रो स्थानमा छ । लगातार दुई हारले माल्दिभ्स प्रतियोगिताबाट बाहिरिएको छ । सेमिफाइनलमा नेपाल, भुटान र श्रीलंकाबिच त्रिकोणात्मक भिडन्त देखिन्छ ।

पाँच खेलाडीलाई विश्राम

प्रशिक्षक तामाङले तुलनात्मक रूपमा कमजोर प्रतिद्वन्द्वी माल्दिभ्ससँगको प्रतिस्पर्धामा नियमित कप्तान तथा गोलरक्षक अन्जिला तुम्बा सुब्बा, अमिषा कार्की, अमृता जैशी, पूजा रानालाई प्लेइङ सेटमा विश्राम दिएका थिए । फ्रान्सबाट आइतबार राति १ बजे नेपाल फर्केकी स्ट्राइकर सावित्रा भण्डारी बेन्चमै रहिन् । नेपालले सुरुमै गोल गरेपछि सावित्रालाई आराम दिएको तामाङले बताए । 'सुरुबाटै गोल भएपछि सावित्रालाई जोखिम उठाएर मैदानभित्र प्रवेश गराउनुपर्ने आवश्यक देखिनँ,' तामाङले भने ।

६ हजार समर्थकमाझ सजनी थोकरले ६७औँ मिनेटमा रक्षक गीता रानामगरको स्थानमा राष्ट्रिय टोलीबाट डेब्युको अवसर पाइन् । प्रशिक्षक तामाङले दोस्रो रोजाइकी गोलरक्षक अञ्जना रानामगरको स्थानमा तेस्रो रोजाइकी गोलरक्षक उषा नाथलाई ७६औँ मिनेटमा मौका दिएका थिए ।

रेखा र प्रीतिको ह्याट्रिक

नेपालले पहिलो हाफमा चार गोल र दोस्रो हाफमा सात गोल गर्‍यो । रेखा र प्रीतिले राष्ट्रिय टोलीबाट पहिलोपटक ह्याट्रिक गरेका हुन् । रेखाले पहिलो हाफमा दुई तथा दोस्रो हाफमा तीन गोल गरिन् । ८३औँ मिनेटमा मैदानबाट बाहिरिएकी रेखाले २३औँ, ४२औँ, ४८औँ, ६३औँ र ७८औँ मिनेटमा गोल गरेकी थिइन् । युएईको आबुधाबी काउन्टी क्लबमा अनुबन्ध उनले भुटानविरुद्ध दोस्रो हाफमा मैदान प्रवेश गरेकी थिइन् । प्रीतिले पाँचौँ, ६५औँ र ८७औँ मिनेटमा गोल गर्दै ह्याट्रिक लगाइन् । उनले ८७औँ मिनेटमा पेनाल्टीबाट गोल गर्दै ह्याट्रिक पूरा गरिन् । सविता राना मगरले २९ र ६७औँ मिनेटमा गोल गर्न सफल भइन् । मैदान प्रवेश गरेकी दुई मिनेटभित्रै अनिता केसीले गोल गरिन् । अमिशा कार्कीले ८८औँ मिनेटमा गोल गर्दै नेपाललाई ११-० को जित दिलाइन् ।

११ गोलमा गर्व गर्नुहुँदैन

राजेन्द्र तामाङ, प्रशिक्षक, नेपाल



माल्दिभ्सविरुद्ध तीन अंक बटुलेपछि सेमिफाइनल पुग्ने सम्भावना बलियो भएको छ । भुटानविरुद्ध राम्रो नतिजा आएन । माल्दिभ्सविरुद्ध व्यक्तिगत प्रदर्शनमा केन्द्रित नहुन खेलाडीलाई सुझाएको थिएँ । टिम भावना र अट्याकिङ थर्डमा राम्रो गर्न भनेको थिएँ । माल्दिभ्समा महिला फुटबलको संरचना नै छैन । त्यहाँ लिग छैन । केही नभएको टोलीविरुद्ध ११ गोल गरी खुसी वा गर्व गर्नुहुँदैन ।

योजनाअनुसार खेल्दा सफल भयौँ

रेखा पौडेल, खेलाडी, नेपाल



माल्दिभ्सविरुद्ध खेल राम्रो भयो । भुटानविरुद्ध पछि दोस्रो खेलमा राम्रो गर्ने योजना थियो । हामी सफल भयौँ । भनेको समयमा स्कोर भयो । हामी खुसी छौँ । पहिलो खेलपछि निकै दबाब थियो । सबै खेलाडी दुःखी थियौँ । कसरी मनोबल बढाउने भन्ने थियो ।

यो स्तरमा खेल्न गाह्रो हुन्छ

मोहम्मद निजाद, प्रशिक्षक, माल्दिभ्स



नेपालले एकपक्षीय रूपमा खेल्यो । जुन नतिजा सोचिएको थियो, आज त्यस्तै भयो । माल्दिभ्समा महिला फुटबल विकासको योजना छैन । हामीहरूकहाँ महिला लिग पनि हुँदैनन् । प्रतियोगिता खेलेपछि यो भनेर पनि पाइएन । तर, खेलाडीलाई खेल्न निकै गाह्रो थियो । त्यो पनि नेपालजस्तो बलियो टोलीविरुद्ध खेलाडीले खेलेका छन् ।

समूह 'बी'

टोली	खेल	जित	ड्र	हार	अंक
नेपाल	२	१	१	०	४
भुटान	२	१	१	०	४
श्रीलंका	२	१	०	१	३
माल्दिभ्स	२	०	०	२	०

नेपालको क्लिन स्विप

सन् २०१९ मा मलेसियापछि टी-२० आई सिरिजमा नेपालको क्लिन स्विप



नयाँ पत्रिका

नेपालले अमेरिकाविरुद्ध तीन सिरिजको टी-२० आई क्रिकेट प्रतियोगिता क्लिन स्विप गरेको छ । टी-२० आई इतिहासमा नेपालले दोस्रोपटक सिरिजमाथि क्लिन स्विप गरेको हो । सन् २०१९ मा नेपालले मलेसियालाई २-० ले हराउँदै सिरिज हात पारेको थियो । पाँच वर्षपछि नेपालले एक खेल पनि नगुमाएर जित निकालेको हो । अमेरिकाका डालसमा सोमबार बिहान भएको खेलमा नेपालले सानदार आठ विकेटको जित निकाल्यो । पहिलो ब्याटिङ गरेको अमेरिकाले २० ओभरमा पाँच विकेट गुमाएर १५६ रन बनाएको थियो । प्रत्युत्तरमा नेपालले १८.४ ओभरमा दुई विकेटको क्षतिमा १५७ रन बनाएको थियो । नेपालका लागि आसिफ सेखले अर्धशतकीय इनिङ्स खेलेका थिए ।

७४ रनको बलियो साझेदारी

१ सय ५७ रन लक्ष्य पछ्याएको नेपालको ओपनिङ पुनः एकपटक दमदार भयो । अनिल साह र विकेटकिपर ब्याट्सम्यान आसिफले पहिलो विकेटका लागि ४.१ ओभरमा ३३ रनको साझेदारी गरेका थिए । अनिलले ११ बलमा दुई चौकाको सहयोगमा १३ रन जोडे । आसिफ र फर्ममा रहेका कुशल भुर्तेलबिच दोस्रो विकेट ५० रनको साझेदारी भयो । आसिफले आफ्नो छैटौँ टी-२० आई अर्धशतक बनाएपछि विकेट गुमाए । उनले ३९ बलमा पाँच चौका र दुई छक्का प्रहार गर्दै ५० रन जोडे ।

भुर्तेल र कुशल मल्लले तेस्रो विकेटका लागि नटआउट ७४ रन जोड्दै नेपाललाई सानदार आठ विकेटको जित दिलाए । भुर्तेलले ३२ बलमा दुई चौका र एक छक्का प्रहार गरी ४० रन जोडे । मल्लले ३० बलमा चार चौका र एक छक्का प्रहार गरी ४४ रन बनाए । नेपालले १० अतिरिक्त रन पाएको थियो ।

अमेरिकाका दुई खेलाडी चले

पहिलो ब्याटिङ गरेको अमेरिकाबाट दुई खेलाडी मात्र चले । ओपनर सैतेजा मुकमालाले ६८ रन र मिलिन्द कुमारले ४३ रन बनाएका थिए । इनिङ्सको २.४ ओभरमा अमेरिकाले दुई ब्याट्सम्यान गुमाएको थियो । ओपनर तथा कप्तान मोनांक पटेलले दुई रन तथा एन्ड्रेस गोउसले दुई रन मात्र बनाए । त्यसपछि सैतेजाले आरोन जोनेससँग तेस्रो विकेट लागी ३७ रन बनाए । आरोनले १६ बलमा १३ रन बटुले । ओपनर सैतेजाले मिलिन्दसँग चौथो विकेटका लागि बलियो ७६ रनको साझेदारी गर्दै घरेलु टोलीलाई १३१-४ को स्थितिमा राखे । सैतेजाले ५१ बलमा पाँच चौका र दुई छक्का प्रहार गरे । मिलिन्दले ३५ बलमा चार चौका प्रहार गरे ।

सोमपाल म्यान अफ दी सिरिज

अमेरिकाविरुद्धको टी-२० आई सिरिजमा नेपालका सोमपाल कामी म्याच अफ दी सिरिज भएका छन् । उनले समग्रमा तीन खेलमा पाँच विकेट लिएका थिए । पहिलो खेलमा उनी विकेटविहीन भए । दोस्रो खेलमा उनले ३४ रन खर्चेर दुई विकेट हात पारे । तेस्रो तथा अन्तिम खेलमा उनले २७ रन खर्चँदै तीन विकेट लिएका थिए । पहिलो खेलमा उनले दुई रन ब्याटिङबाट जोडेका थिए ।

अमेरिकामा नेपालको प्रदर्शन

१७ अक्टोबर	
नेपाल	१६४/९
अमेरिका	१४७/७
नतिजा : नेपाल १७ रनले विजयी	
१९ अक्टोबर	
नेपाल	१७०/६
अमेरिका	१७०/८
नतिजा : सुपर ओभरमा नेपालको जित	
२० अक्टोबर	
अमेरिका	१५६/५
नेपाल	१५७/२
नतिजा : नेपाल आठ विकेटले विजयी	

एनपिएलमा दुई टोलीले भित्र्याए विदेशी खेलाडी



ब्रान्डन म्याकलेन
सुदूरपश्चिम रोयल्समा आबद्ध



बास डी लिडे
पोखरा एभेन्जर्समा आबद्ध

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले १६ मंसिरदेखि आयोजना गर्ने नेपाल प्रिमियर लिग (एनपिएल)मा विदेशी खेलाडी अनुबन्ध हुने क्रमले तीव्रता पाएको छ । कर्णाली याक्सले आइतबार पाकिस्तानी मोहम्मदलाई अनुबन्ध गरेको थियो । सुदूरपश्चिम रोयल्सले सोमबार स्कटल्यान्डका अलराउन्डर ब्रान्डन म्याकलेनलाई भित्र्याएको छ । विदेशी खेलाडीको कोटामा सुदूरपश्चिमले स्कटल्यान्डका राम्रा अलराउन्डर भित्र्याउन सफल भएको छ ।

'हामीले विदेशी खेलाडीको कोटामा स्कटल्यान्डका अलराउन्डर ब्रान्डनलाई ल्याएका छौँ,' टोलीले जारी गरेको विज्ञप्तिमा भनिएको छ । सुदूरपश्चिमका मार्की खेलाडीका रूपमा आइसिसी टी-२० अलराउन्डर वरीयताको दोस्रो स्थानमा रहेका दीपेन्द्रसिंह ऐरी र प्रशिक्षकमा जगत टमाटा रहेका छन् ।

यसैगरी, ओलम्पियन दीपक विष्ट ब्रान्ड एम्बेसडर तथा केपी खनाल सोसियल एक्टिभिस्ट एम्बेसडर रहेका छन् । पहिलो विदेशी खेलाडी अनुबन्धसँगै सुदूरपश्चिमको एनपिएलमा प्रदर्शन उत्कृष्ट हुने जनाएको छ । 'ब्रान्डनको आगमनले टोलीको प्रदर्शन उत्कृष्ट रहनेमा हामी आशावादी छौँ,' विज्ञप्तिमा भनिएको छ ।

टी-२० आईमा ६ अर्धशतक

बायाँहाते ब्याट्सम्यान ब्रान्डनले १६ टी-२० आईमा ६ अर्धशतक प्रहार गरेका छन् । उनले ४९७ रन बनाउने क्रममा ३९ चौका र २६ छक्का प्रहार गरेका छन् । उनले २२ एकदिवसीय खेलमा समान दुई शतक र अर्धशतकमा ७२१ रन जोडेका छन् । यसैगरी, बलिङ क्रममा सात इनिङ्समा उनले दुई विकेट हात पारेका छन् । ५० ओभर र टी-२० फर्म्याटमा उनी अहिलेसम्म डकआउट भएका छैनन् । सन् २०२३ मा जर्मनीविरुद्ध टी-२० आईमा डेब्यु गरेका ब्रान्डनले २२ एकदिवसीय खेल खेलेका छन् । यसैबिच सुदूरपश्चिम अस्ट्रेलियाका विश्वकप विजेता पूर्व क्रिकेटर ब्राड हजलाई आफ्नो प्रमुख मेन्टर नियुक्त गरिसकेको छ ।

पोखरामा नेदरल्यान्ड्सका बलिङ अलराउन्डर बास डी

कास्की/ एनपिएलको खर्चिलो टोलीमध्ये एक पोखरा एभेन्जर्सले नेदरल्यान्ड्सका बास डी लिडेलाई विदेशी खेलाडीका रूपमा अनुबन्ध गरेको छ । २४ वर्षीय लिडे पोखराका दोस्रो विदेशी खेलाडी हुन् । यसअघि पोखराले पहिलो विदेशी खेलाडीका रूपमा अमेरिकाका आन्द्रेस गौसलाई टोलीमा भित्र्याएको थियो । लिडेले नेदरल्यान्ड्सबाट ३८ टी-२० आईमा ६९७ रन बनाएका छन् । उनी बलिङ अलराउन्डर हुन् । उनले टी-२०आईमा चार अर्धशतक प्रहार गरेका छन् ।

नेदरल्यान्ड्सको एकदिवसीय टोलीबाट ४३ खेलमा एक शतक र तीन अर्धशतक मद्दतमा उनले ९७६ रन बटुलेका छन् । यसैगरी, बलिङमा उनले ३८ टी-२० आईमा ३३ विकेट लिएका छन् । उनको उत्कृष्ट प्रदर्शन १९-३ को । सन् २०१८ मा उनले आयरल्यान्डविरुद्ध टी-२० आई र सन् २०१८ मा नेपालविरुद्ध एकदिवसीय खेलमा डेब्यु गरेका थिए ।

पोखराले मुख्य प्रशिक्षकमा भारतका राजीव कुमारलाई नियुक्त गरेको छ । यस टोलीका मार्की खेलाडी नेपाल राष्ट्रिय क्रिकेट टोलीका ओपनर कुशल भुर्तेल रहेका छन् । पोखराले अक्सनबाट सागर ढकाल, आकाश चन्द, किरणकुमार ठगुन्ना, नारायणजोशी, विपिन खत्री, दिलीप नाथ, तृतराज दास, सुनम गौतम, दिनेश खरेल र अमृत गुरुङलाई अनुबन्ध गरेको छ ।

■ शीर्ष स्थानमा एक अंकको दूरी



एजेन्सी/ इंग्लिस प्रिमियर लिगमा लिभरपुल शीर्ष स्थानमा उक्लिएको छ । आइतबार राति लिभरपुलले चेल्सीलाई २-१ ले हराउँदै साबिक विजेता म्यानचेस्टर सिटीलाई शीर्ष स्थानमा एक अंकको दूरी राखेको हो । अर्को खेलमा सिटीले वाल्भेराम्पटन वान्डेर्सलाई २-१ ले हरायो । लिगमा लिभरपुलले आठ खेलबाट २१ अंक जोडेको छ । दोस्रो स्थानमा रहेको सिटीको २० अंक छ । लिभरपुलले लिगमा एक खेल गुमाएको छ । सिटीले ६ जित र दुई बराबरी नतिजा निकालेको छ । चेल्सीमाथि रोमाञ्चक जित निकाल्दा लिभरपुलका मोहमद सलाह र जोनेसले एक-एक गोल गरेका थिए । सिटीको जितमा भार्डिओल र स्टोनेसले एक-एक गोल गरे । तेस्रो स्थानमा रहेको आर्सनलको १७ अंक छ । चौथो स्थानको एस्टोन भिल्लाले पनि १७ अंक बटुलेको छ । तर, गोलअन्तरमा आर्सनल माथि छ ।

नवीन बने राष्ट्रिय टोलीका अन्तरिम प्रशिक्षक

काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा)ले सिनियर पुरुष राष्ट्रिय फुटबल टोलीको अन्तरिम प्रशिक्षकमा नवीन न्यौपानेलाई नियुक्त गरेको छ । न्यौपानेले नोभेम्बरमा हुने ताजिकिस्तानसँगको मैत्रीपूर्ण खेलका लागि अन्तरिम प्रशिक्षकका रूपमा कार्यभार सम्हाल्ने एन्फाले जनाएको छ । नेपाली फुटबलकै राम्रा खेलाडीमध्ये एक न्यौपानले एक दशकभन्दा बढी राष्ट्रिय टोलीबाट खेलेका थिए ।

सक्रिय करिअरपछि उनी विभिन्न क्लबमा प्रशिक्षकका रूपमा कार्यरत रहे । अनुभवी प्रशिक्षकका रूपमा एन्फाले उनलाई राष्ट्रिय टोलीका अन्तरिम प्रशिक्षक बनाएको जनाएको छ । यसअघि एन्फाले मुख्य प्रशिक्षक भिसेन्जो अल्बर्टो एनेसेको कार्यकाल नथपेको नयाँ प्रशिक्षकका लागि दरखास्त आह्वान गरेको थियो । नयाँ प्रशिक्षक नियुक्त प्रक्रिया सकिनुअघि न्यौपाने अन्तरिम प्रशिक्षक नियुक्त भएका छन् ।

न्यौपानेलाई एन्फा महासचिव किरण राईले नियुक्तिपत्र हस्तान्तरण गरेका छन् । टोलीमा चेतन घिमिरेलाई सहायक प्रशिक्षकमा र नवीन महर्जनलाई अन्तरिम गोलरक्षक प्रशिक्षकको जिम्मेवारी दिएको छ ।

प्रारम्भिक ३६ खेलाडी

एन्फाले ताजिकिस्तानविरुद्ध मैत्रीपूर्ण खेलका लागि नेपालको प्रारम्भिक टोलीमा ३६ खेलाडी छनोट गरेको छ । अन्तरिम मुख्य प्रशिक्षक न्यौपानेले बन्द प्रशिक्षणका लागि प्रारम्भिक खेलाडी बोलाएका हुन् । नोभेम्बरमा फिफा विन्डोमा हुने नेपाल र ताजिकिस्तानबिच खेल हुनेछ ।

साउदी अरेबियासँगको सम्झौता अन्त्य गर्न फिफालाई आग्रह

एजेन्सी

विश्व फुटबलको सर्वोच्च निकाय फिफालाई साउदी अरेबियासँगको सम्झौता अन्त्य गर्न एक सय व्यावसायिक महिला फुटलबरहरूले आग्रह गरेका छन् । फिफाले सन् २०२६ को महिला विश्वकप तथा पुरुष विश्वकप प्रतियोगिताका लागि साउदी अरेबियाको एक तेल कम्पनीसँग प्रायोजनको सम्झौता गरेको छ । साउदी अरेबियाको अमार्को तेल कम्पनीले यी दुवै विश्वकपमा सहप्रायोजकको भूमिमा निर्वाह गर्नेछ । तर, युरोपियन महिला फुटबलहरूले साउदी अरेबियासँगको सम्झौताले आफूहरूको आत्मसम्मान गुमेको बताएका छन् ।

'जुन राष्ट्रमा महिलाहरूप्रति कुनै सम्मान छैन, मानव अधिकार हनन भइरहन्छ, त्यस्तो राष्ट्रको कम्पनीसँग फिफाले सम्झौता गर्दा हामीलाई दुःख लागेको छ,' नेदरल्यान्ड्सकी अन्तर्राष्ट्रिय खेलाडी भिभिआने मिडेमाले भनिन्, 'फुटबलमा जहाँ महिलालाई केही अधिकार दिएको हुँदैन, त्यस्तो राष्ट्रसँग कहिले पनि सम्झौता गर्नुहुन्न, फिफाले सम्झौताबापत राम्रो रकम प्राप्त गरे पनि महिला फुटबलरका बारेमा एकपटक सोच्नुपर्छ ।'

अमार्को तेल कम्पनीसँगको सम्झौता रद्द गर्न युरोप र अमेरिकालगायत २४ राष्ट्रका महिला फुटबलरले संयुक्त रूपमा सोमबार फिफाको केन्द्रित कार्यालयमा निवेदन दिएका हुन् । फिफालाई बुझाएको निवेदनमा उनीहरूले मानव अधिकार र व्यावहारिक नभएको प्रस्ट उल्लेख गरेका छन् । 'मेरो विचारमा विज्ञापन अहिलेको आवश्यकता होइन । फिफाले महिला फुटबल विकासप्रति ध्यान दिनुपर्छ,' म्यानचेस्टर सिटीकी खेलाडीसमेत रहेकी मिडेमाले भनिन्, 'म एक महिला फुटबल खेलाडीले साउदी अरेबियाको प्रायोजन गरेको प्रतियोगिता खेल्न सक्दिनँ ।'

फिफा र अमार्को कम्पनीबिचको सम्झौताविरुद्ध २३ सय अन्तर्राष्ट्रिय महिलाले विरोध जनाएका छन् । इंग्ल्यान्डकी डिफेन्डर नियम चार्ल्ससँगै क्यानडा र इटालीका कप्तानले समेत यस विरोध अभियानमा साथ दिएका छन् ।

सम्झौताको किन विरोध ?

खाडी राष्ट्रहरूमा मानव अधिकार उल्लंघन, महिला अधिकार हनन र समलिंगीको अपराधीकरणका आलोचना हुने गर्छ । साउदी अरेबियामा यी विभिन्न पक्ष नराम्रो अवस्थामा रहेको महिला फुटबलरहरूले दाबी गरेका छन् । 'गल्फ राष्ट्रमा महिलामाथि धेरै अन्याय हुने गर्छ,' मिडेमाले भनिन्, धेरै घरेलु महिला हिंसा धेरै हुने गर्छ ।' अमार्कोले केही समयअगाडि फर्मुला वान तथा महिला गल्फ युरोपियन टुरमा लगानी गरेको थियो ।

के भन्छ फिफा ?

युरोप तथा अमेरिकी महिला फुटबलहरूले विरोध जनाइरहँदा फिफाले सकारात्मक रूपमा लिन आग्रह गरेको छ । खाडी राष्ट्रमा मात्र नभएर विश्वभरि नै महिला फुटबल विकासका लागि अमार्को तेल कम्पनीसँग सम्झौता गरेको फिफाले विज्ञप्तिमातर्फ जनाएको छ । 'फिफाले पुरुष फुटबलमा मात्र ध्यान केन्द्रित गरेको छैन, हामीले उत्तिकै महिलातर्फ पनि विचार गरेका छौँ, विश्व चर्चित तेल कम्पनीसँग फुटबल विकासकै लागि सम्झौता गरेका हौँ,' फिफाले भन्यो, 'यसलाई सकारात्मक सोच बनाएर अगाडि बढ्नुपर्छ ।'

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)मा समेत यस कम्पनीले सम्झौता गरेको छ । तेल कम्पनीले आफू महिला फुटबलको विकासका लागि अग्रसर हुँदै लगानी गरेको जनाएको छ । 'हाम्रो कम्पनीको मुख्य उद्देश्य नै विश्वभरि महिला फुटबलको विकास गर्नु हो । साउदी अरेबियाको विभिन्न महिला खेलमा पनि राम्रो लगानी छ ।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com